# अन्तःशुल्क ऐन, २०५८

लालमोहर र प्रकाशित मिति

२०५८।१०।१७

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. आर्थिक अध्यादेश, २०५९ | २०५९।३।२४ र २०५९।९।२२ |
| २. आर्थिक अध्यादेश, २०६० | २०६०।४।१ र २०६०।१०।१ |
| ३. आर्थिक अध्यादेश, २०६१ | २०६१।४।१ र २०६१।१०।१ |
| ४. आर्थिक अध्यादेश, २०६२ | २०६२।४।१ र २०६२।१०।१ |
| | प्रमाणीकरण र प्रकाशित मिति |
| ५. आर्थिक ऐन, २०६३ | २०६३।७।२० |
| ६. आर्थिक ऐन, २०६४ | २०६४।३।२८ |
| ७. आर्थिक ऐन, २०६५ | २०६५।६।३ |
| ८. आर्थिक ऐन, २०६६ | २०६६।८।१० |
| ९. [1]गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ | २०६६।१०।७ |
| १०. आर्थिक ऐन, २०६७ | २०६७।११।३ |
| ११. आर्थिक ऐन, २०६८ | २०६८।७।३ |
| १२. आर्थिक ऐन, २०७० | २०७०।१२।१२ |
| १३. आर्थिक ऐन, २०७१ | २०७१।३।२९ |
| १४. आर्थिक ऐन, २०७२ | २०७२।३।२९ |
| १५. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| १६. आर्थिक ऐन, २०७३ | २०७३।२।१५ |
| १७. आर्थिक ऐन, २०७४ | २०७४।५।२ |
| १८. [2]केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ | २०७४।६।३० |
| १९. आर्थिक ऐन, २०७५ | २०७५।३।३२ |
| २०. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |
| २१. आर्थिक ऐन, २०७६ | २०७६।३।३० |
| २२. आर्थिक ऐन, २०७७ | २०७७।३।१५ |
| २३. आर्थिक अध्यादेश, २०७८ | २०७८।२।१५ |
| २४. आर्थिक ऐन, २०७८ | २०७८।६।१३ |
| २५. आर्थिक ऐन, २०७९ | २०७९।३।३१ |

| | |
|---|---|
| २६. आर्थिक ऐन, २०८० | २०८०।३।३१ |
| २७. आर्थिक ऐन, २०८१ | २०८१।४।१ |
| २८. आर्थिक ऐन, २०८२ | २०८२।३।३० |

२०५८ सालको ऐन नं. १७

[३].............................

अन्तःशुल्क सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन

**प्रस्तावनाः** मुलुकको आर्थिक विकासको लागि आवश्यक राजस्व सङ्कलन गर्ने प्रक्रियालाई प्रभावकारी बनाई राजस्व परिचालन बढाउन नेपाल [४]...... मा उत्पादन भएका वा पैठारी हुने वस्तु वा प्रदान गरिने सेवामा अन्तःशुल्क लगाउने र असुल उपर गर्ने सम्बन्धमा व्यवस्था भएका कानूनलाई समयानुकूल बनाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अन्तःशुल्क ऐन, २०५८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अन्तःशुल्क लाग्ने वस्तु वा सेवा" भन्नाले यस ऐन वा अन्य प्रचलित कानून बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवा सम्झनु पर्छ।

[५](क१) "अन्तःशुल्क टिकट" भन्नाले अन्तःशुल्क लाग्ने वस्तुमा विभागले तोकेको ढाँचामा प्रयोग हुने सुरक्षण चिन्ह अङ्कित टिकट सम्झनु पर्छ र सो शब्दले विद्युतीय माध्यमबाट प्रदान गरिने सुरक्षण अङ्कित चिन्ह वा विभागले तोकेको अन्य कुनै सङ्केत चिन्हलाई समेत जनाउँछ।

(ख) "वस्तु" भन्नाले चल वा अचल दुवै किसिमको सम्पत्ति सम्झनु पर्छ।

(ग) "सेवा" भन्नाले वस्तु बाहेकको जुनसुकै कुरा सम्झनु पर्छ।

(घ) "प्रतिष्ठान" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, सञ्चय वा बिक्री वितरण गर्ने वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने उद्देश्यले

प्रचलित कानून बमोजिम स्थापना भएका फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(ङ) "इजाजतपत्र" भन्नाले दफा ९ बमोजिम दिइएको इजाजतपत्र सम्झनु पर्छ।

(च) "अन्तःशुल्क अधिकृत" भन्नाले यस ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले तोकेको अधिकृत सम्झनु पर्छ।

[६](छ) "उत्पादन" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु निर्माण गर्ने, प्रशोधन गर्ने, बनाउने वा तयार गर्ने कार्य सम्झनु पर्छ।

(ज) "उत्पादक" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ र सो शब्दले अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था समेतलाई जनाउँनेछ।

[७](ज१) "सुर्तीजन्य वस्तु" भन्नाले सुर्ती वा [८]सुर्तीजन्य वस्तुका तत्वहरू मिश्रित धुम्रपान गर्ने, चपाउने, मुखमा राख्ने पानमसला, गुट्खा, खैनी वा यस्तै पदार्थहरू सम्झनु पर्छ र सो शब्दले चुरोट, बिँडी, [९]सिगार, विद्युतीय चुरोट (भेप) र हुक्का फ्लेवरलाई समेत जनाउँछ।

(झ) "व्यक्ति" भन्नाले कुनै व्यक्ति, प्रतिष्ठान, सङ्घ, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय, गुठी वा कोषको सञ्चालक, प्रोप्राइटर र मुख्य भई काम गर्ने प्रतिनिधि वा एजेण्ट सम्झनु पर्छ र सो शब्दले नाफाको उद्देश्य लिई वा नलिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन वा पैठारी गरी थोक वा खुद्रा वा जुनसुकै रूपमा बिक्री वितरण गर्ने निकाय वा त्यस्तो निकायको शाखा, उपशाखा वा त्यस्तै अन्य कारोबार गर्ने स्थान समेतलाई जनाउँनेछ।

[१०](ञ) "कारखाना मूल्य" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु मा अन्तःशुल्क वा अन्य कुनै कर नजोडी त्यस्तो वस्तु उत्पादन गर्न लाग्ने खर्च र प्रतिष्ठानको नाफा मात्र जोडी निर्धारण भएको मूल्य सम्झनु पर्छ।

(ट) "मूल्य" भन्नाले,-

(१) उत्पादन गर्ने वस्तुको हकमा कारखाना मूल्य,

(२) सेवाको हकमा बीजक बमोजिमको मूल्य,

[11](३) पैठारी हुने वस्तुको हकमा दफा ७ को उपदफा (२) बमोजिम निर्धारण भएको मूल्य।

(ठ) "पैठारी" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु प्रचलित कानून बमोजिम विदेशबाट नेपाल [12]........... भित्र ल्याउने कार्य सम्झनु पर्छ।

(ड) "बीजक" भन्नाले यस ऐन बमोजिम मूल्य उल्लेख गरी दिइने बिल, रसिद पुर्जी वा भर्पाई सम्झनु पर्छ।

[13](ढ) "विभाग" भन्नाले आन्तरिक राजस्व विभाग सम्झनु पर्छ।

(ण) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

[14](ण१) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको शून्य दशमलब पाँच प्रतिशतभन्दा बढी अल्कोहल भएको पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्विस्की, रम, जिन, ब्राण्डी, भोड्का, वियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, साके, सोजु, भरमाउथ, मदिरा मिश्रित तयारी पेय, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेन्ट स्प्रिट, डिनेचर्ड स्प्रिट, ई.एन.ए. र हेड्स् स्प्रिटलाई समेत जनाउँछ।

[15](ण२) "तयारी मदिरा" भन्नाले आयतनमा सन्ताउन्न दशमलव शून्य छ प्रतिशतभन्दा कम अल्कोहलको मिश्रणबाट बनेका सबै प्रकारका मादक पदार्थ सम्झनु पर्छ।

[16](ण३) "एल.पी." भन्नाले लण्डन प्रुफमा शुद्ध ईथानोलको शक्ति सम्झनु पर्छ।

[17](ण४) "एल.पी. लिटर" भन्नाले प्रतिलिटरमा सन्ताउन्न दशमलव शून्य छ प्रतिशत शुद्ध ईथानोलको मात्रा सम्झनु पर्छ।

[18](ण५) "यू.पी." भन्नाले लण्डन प्रुफभन्दा कम शक्ति सम्झनु पर्छ।

[19](ण६) "ओ.पी." भन्नाले लण्डन प्रुफभन्दा बढी शक्ति सम्झनु पर्छ।

[20](ण७) "भौतिक नियन्त्रण प्रणाली" भन्नाले अन्तःशुल्क अधिकृत वा निजले तोकेको कर्मचारीको नियन्त्रणमा अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रणाली सम्झनु पर्छ।

[21](ण८) "स्वयं निष्कासन प्रणाली" भन्नाले भौतिक नियन्त्रण प्रणालीमा आधारित बाहेकका अन्तःशुल्क लाग्ने अन्य वस्तु वा सेवाको उत्पादन, निष्कासन, पैठारी तथा निकासी गरिने प्रणाली सम्झनु पर्छ।

[22](ण९) "अन्तःशुल्क निर्धारण" भन्नाले यस ऐन बमोजिम गरिने अन्तःशुल्क निर्धारण सम्झनु पर्छ।

[23](ण१०) "बिगो" भन्नाले यस ऐन बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको मूल्य र त्यसमा लाग्ने अन्तःशुल्क जोडी कायम गरिएको कुल रकम सम्झनु पर्छ।

[24](ण११) "विद्युतीय माध्यम" भन्नाले कम्प्युटर, इन्टरनेट, इमेल, फ्याक्स, विद्युतीय क्यास मेशिन, फिस्कल प्रिण्टर सम्झनु पर्छ र सो शब्दले विद्युतीय भुक्तानीको माध्यम तथा विभागले तोकेको अन्य स्वीकृत माध्यमलाई समेत जनाउँछ।

(त) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

[25]३. **अन्तःशुल्क लाग्नेः** अन्तःशुल्क लाग्ने वस्तु वा सेवा प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन, पैठारी र सेवा बिक्री गर्दा अनुसूचीमा उल्लेख भए बमोजिमको अन्तःशुल्क लाग्नेछ।

[26]३क. **अन्तःशुल्क निर्धारण र असुली**ः (१) यस ऐन बमोजिम लाग्ने अन्तःशुल्कको निर्धारण र असुल गर्ने दायित्व अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन गर्ने उत्पादकको हुनेछ।

तर पैठारी हुने वस्तुको अन्तःशुल्कको निर्धारण र असुली सम्बन्धित भन्सार कार्यालयले गर्नेछ।

(२) कुनै वस्तुको उत्पादन वा पैठारीका अतिरिक्त बिक्री वितरणको तहमा समेत अन्तःशुल्क लाग्ने भएमा यस ऐन बमोजिम लाग्ने अन्तःशुल्कको निर्धारण र असुली गर्ने दायित्व पैठारीकर्ता वा बिक्रेताको हुनेछ।

(३) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्कासन गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

तर स्वयं निष्कासन प्रणाली लागू हुने [२७]सुर्तीजन्य वस्तु उत्पादन गर्ने उद्योगहरू बाहेक अन्य उद्योगले कच्चा पदार्थ खरिद वा पैठारी गर्दा तिरेको अन्तःशुल्क तयारी वस्तु बिक्री गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

[२८](४) आगजनी, चोरी, दुर्घटना, ध्वंशात्मक गतिविधिको कारण हानि नोक्सानी भएको वा उपयोगको म्याद सकिएको कारणले मौज्दातमा रहन गएको वस्तुमा तिरेको अन्तःशुल्क विभागले तोके बमोजिम कट्टी गर्न पाइनेछ।

(५) यस दफा बमोजिम अन्तःशुल्क कट्टा गर्दा सहायक कच्चा पदार्थ, प्याकिङ्ग सामग्री तथा भन्सार महसुल माफी भएका कच्चा पदार्थ र पार्टपुर्जा पैठारी गर्दा तिरेको अन्तःशुल्क कट्टा गर्न पाइने छैन।

[२९]**३ख. अन्तःशुल्क नलाग्ने:** (१) दफा ३ बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवामा देहायको अवस्थामा अन्तःशुल्क लाग्ने छैनः-

(क) नेपाल बाहिर निकासी गरेमा वा स्वीकृति प्राप्त करमुक्त पसल (बण्डेड वेयर हाउस र ड्यूटी फ्री सप) लाई मदिरा वा चुरोट बाहेकका अन्य वस्तु बिक्री गरेमा,

(ख) स्वीकृति प्राप्त बण्डेड वेयर हाउसले नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सिफारिस गरेको कूटनीतिक तथा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई चुरोट वा मदिरा बिक्री गरेमा।

तर,

(१) बण्डेड वेयर हाउसले चुरोट तथा मदिरा बाहेकका अन्य वस्तु अन्तःशुल्क नलगाई बिक्री वितरण गर्न बाधा पर्ने छैन।

(२) बण्डेड वेयर हाउसबाट बिक्री गरिने अन्तःशुल्क लाग्ने वस्तु पैठारी गर्दा [३०]वा नेपालभित्र उत्पादन भएको वस्तु खरिद गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बराबरको रकम नगद धरौटी वा बैङ्क प्रत्याभूति राख्नु पर्नेछ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको नगद धरौटी वा बैङ्क प्रत्याभूतिको फुकुवा वा फिर्ता प्रक्रिया विभागद्वारा तोकिए बमोजिम हुनेछ।

(३) नेपालभित्र उत्पादन भएको वा तयार भएको मालवस्तु नेपाल बाहिर निर्यात भइसकेपछि सम्बन्धित पक्षले लिन अस्वीकार गरी वा अन्य कुनै कारणले

पुनः पैठारी गरी ल्याएको अवस्थामा त्यस्तो मालवस्तु पैठारी भएको तीन महिनाभित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाका बखत लाग्ने अन्तःशुल्क धरौटीमा राखी त्यस्तो मालवस्तु पुनः निकासी भएपछि धरौटी रकम सम्बन्धित भन्सार कार्यालयले फिर्ता दिनेछ।

(४) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गरी विदेश निकासी गर्ने उद्योगले अन्तःशुल्क लाग्ने वस्तु निकासी गरेको परिमाण उत्पादन गर्दा प्रयोग भएको कच्चा पदार्थ खरिद वा पैठारी गर्दा तिरेको अन्तःशुल्क दफा ३क. को उपदफा (३) बमोजिम वस्तु निष्कासन गर्दा तिर्नु पर्ने अन्तःशुल्क रकममा कट्टा गर्न पाउनेछ।

(५) उपदफा (४) बमोजिम कट्टा गर्दा मिलान हुन नसकेको अन्तःशुल्क रकम फिर्ता पाउनको लागि अन्तःशुल्क अधिकृत समक्ष दाबी गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम फिर्ता दाबी भएको अन्तःशुल्क रकम अन्तःशुल्क अधिकृतले छानबिन तथा परीक्षण गर्दा त्यस्तो दाबी मनासिब देखिएमा फिर्ताका लागि दाबी गरेको साठी दिनभित्र फिर्ता दिनु पर्नेछ।

(७) उपदफा (५) बमोजिम अन्तःशुल्क फिर्ता दाबी गर्नको लागि सुर्तीजन्य र मदिराजन्य पदार्थ तथा पानमसलाको निकासीमा कम्तीमा पन्ध्र प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ।

(८) उपदफा (५) बमोजिम फिर्ता दाबी गर्दा विवरण बुझाउनु पर्ने अवधि समाप्त भएको मितिले एक वर्षभित्र फिर्ताको लागि दाबी नगरेमा र उपदफा (७) बमोजिमको मूल्य अभिवृद्धि नभएको अवस्थामा यस दफा बमोजिमको अन्तःशुल्क फिर्ता हुने छैन।

[३१]३ग. ...............

[३२]४. **अन्तःशुल्क असुलीः** (१) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यस ऐन बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवामा देहायको अवस्थामा अन्तःशुल्क असुल गरिनेछः-

(क) भौतिक नियन्त्रण प्रणाली लागू हुने उद्योगले उत्पादन गर्ने वस्तुको हकमा प्रतिष्ठानबाट उत्पादन गरी बिक्रीका लागि निष्कासन गर्दाको बखत,

(ख) स्वयं निष्कासन प्रणालीमा आधारित वस्तु वा सेवाको हकमा बीजक जारी गर्दाको बखत,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाको बखत भन्सार बिन्दुमा,

(घ) पैठारी हुने सेवाको हकमा विभागद्वारा तोकिए बमोजिम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तु वा सेवाको हकमा त्यस्तो वस्तु उत्पादन गरेको वा सेवा प्रदान गरेको अवस्थामा नै अन्तःशुल्क असुल गर्नु पर्ने गरी विभागले तोक्न सक्नेछ।

[३३](३) .....

[३४]**४क. <u>अन्तःशुल्क बुझाउने दायित्वः</u>** यस ऐन बमोजिम अन्तःशुल्क बुझाउने दायित्व देहाय बमोजिमको व्यक्तिमा हुनेछः-

(क) नेपालभित्र उत्पादन हुने वस्तु वा सेवाको हकमा उत्पादक,

(ख) पैठारी हुने वस्तुमा सो वस्तु प्राप्त गर्ने बिल अफ लेडिङ्ग, एयर वे बिल, बीजक वा जाँचपासको लागि दिएको निवेदनमा उल्लेख भएको व्यक्ति,

(ग) अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्ति,

(घ) करमुक्त पसल (ड्यूटी फ्री सप) बाट बिक्री भएको मदिरा वा चुरोट बाहेकका वस्तु पुनः बिक्री वा अन्य प्रयोजनमा प्रयोग भएमा पुनः बिक्री गर्ने वा प्रयोग गर्ने व्यक्ति,

(ङ) कुनै वस्तु वा सेवा अन्तःशुल्क नलाग्ने अवस्थाबाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्ति,

(च) खण्ड (क) देखि (ङ) मा उल्लेख भएदेखि बाहेक अन्य अवस्थामा विभागले तोकेको व्यक्ति।

[३५]**४ख. <u>अन्तःशुल्क दाखिला गर्ने म्यादः</u>** (१) यस ऐन बमोजिम असुल भएको अन्तःशुल्क देहाय बमोजिम दाखिला गर्नु पर्नेछः-

(क) भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा त्यस्तो वस्तु निष्कासन गर्दाका बखत,

(ख) स्वयं निष्कासन प्रणाली अन्तर्गत उत्पादन तथा बिक्री वितरण हुने वस्तु वा सेवाको हकमा बीजक जारी भएपछिको महिनाको पच्चीस गतेभित्र,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाका बखत,

(घ) पैठारी हुने सेवाका हकमा विभागले तोके बमोजिम।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको म्यादभित्र अन्तःशुल्क भुक्तानी नगरेमा भुक्तानी गर्न बाँकी अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ।

[३६]**४ग. अन्तःशुल्क छुट हुनेः** (१) कूटनीतिक सुविधा प्राप्त व्यक्ति वा निकायले परराष्ट्र मन्त्रालयको सिफारिसमा पैठारी गर्ने वस्तुमा अन्तःशुल्क छुट हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा समेत अन्तःशुल्क छुट हुनेछः-

(क) विदेशी नियोग तथा दातृसंस्थाले कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका [३७]सुरु उत्पादन वर्षले दश वर्ष ननाघेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरूप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सुरु उत्पादन वर्षले दश वर्ष ननाघेका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई [३८]स्थानीय तह, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल वा सरकारी निकायलाई हस्तान्तरण गर्दा,

[३९](ख) कूटनीतिक नियोग, परियोजना, व्यक्ति र अन्य सरकारी निकाय तथा गैरसरकारी सङ्घ संस्थाले महसुल सुविधामा पैठारी गरेको सुरु उत्पादन वर्षले दश वर्ष नाघेको वा कूटनीतिक नियोग र कूटनीतिक कर्मचारीले प्रयोग गरेको दुर्घटना वा प्राविधिक कारणले सञ्चालन हुन नसक्ने पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग

हुन नसक्ने गरी स्क्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा,

(ग) निजी प्रयोजनको लागि आंशिक भन्सार महसुल सुविधामा पैठारी गरिएका सवारी साधनका धनीको मृत्यु भई उक्त सवारी साधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा,

[४०](घ) संयुक्त राष्ट्र सङ्घको अनुरोधमा शान्ति स्थापनार्थ खटिने सैनिक, सशस्त्र प्रहरी र नेपाल प्रहरीको डफ्फाको प्रयोगका लागि लगतमा राखी लगेका आर्मौड पर्सनल क्यारियर, सवारी साधन, हातहतियार लगायत सबै प्रकारका मालवस्तु।

[४१](३) नब्बे प्रतिशत वा सोभन्दा बढी स्वदेशी झुत्रा वा पत्रु (कवाडी) वस्तु प्रयोग गरी उत्पादन गर्ने उद्योगलाई त्यस्तो उत्पादनमा लाग्ने अन्तःशुल्क छुट हुनेछ।

[४२]**४घ. <u>बिक्री वितरणमा नियन्त्रण</u>:** (१) नेपाल सरकारले आवश्यक ठानेको अन्तःशुल्क लाग्ने वस्तुको बिक्री वितरणमा नियन्त्रण गरी तोकिए बमोजिम व्यवस्थित गर्न सक्नेछ।

[४३](२) होटल, रेष्टुरेन्ट तथा पार्टी प्यालेस व्यवसायी बाहेक मदिराको कारोबार गर्ने व्यवसायीले मदिरा र [४४]सुर्तीजन्य वस्तुको मात्र कारोबार गर्न पाउनेछ।

(३) [४५]सुर्तीजन्य वस्तुको कारोबार गर्ने इजाजतपत्रवालाले अलग्गै स्थानबाट त्यस्तो बस्तुको कारोबार गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि डिपार्टमेन्टल स्टोरले मदिरा र [४६]सुर्तीजन्य वस्तुको कारोबार अलग्गै बिक्री कक्ष राखी गर्नु पर्नेछ।

[४७]**४ङ. उपहार तथा नगद छुट सम्बन्धी व्यवस्था:** मदिरा, बियर वा [४८]सुर्तीजन्य वस्तु सम्बन्धी उद्योग र त्यस्तो वस्तुको पैठारीकर्ता तथा तिनका बिक्रेताले कुनै पनि प्रकारको उपहार कार्यक्रम सञ्चालन गर्न वा त्यस्ता उद्योगले [४९].......... त्यस्तो उत्पादन बिक्री गर्दा छुट दिन पाइने छैन। त्यस्तो कार्य गरेको पाइएमा इजाजतपत्रको शर्त उल्लङ्घन गरेको मानिनेछ।

**५. अन्तःशुल्क अधिकृत नियुक्त गर्न वा तोक्न सक्नेः** यस ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले आवश्यक सङ्ख्यामा अन्तःशुल्क अधिकृत नियुक्त गर्न सक्नेछ र नेपाल सरकारले आवश्यक देखेमा नेपाल सरकारको अन्य कुनै अधिकृतलाई पनि अन्तःशुल्क अधिकृतको कार्य गर्ने गरी तोक्न सक्नेछ।

**६. अन्तःशुल्क अधिकृतको अधिकार क्षेत्रः** अन्तःशुल्क अधिकृतको अधिकार क्षेत्र नेपाल सरकारले तोके बमोजिम हुनेछ।

[५०]**७. अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको मूल्य निर्धारणः** (१) नेपालभित्र उत्पादन हुने कुनै वस्तु वा सेवामा मूल्यको आधारमा अन्तःशुल्क लाग्ने भएमा देहाय बमोजिमको मूल्यलाई आधार मानी अन्तःशुल्क लगाइनेछः-

(क) उत्पादकले अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्दा निर्धारण गरेको कारखाना मूल्य,

(ख) सेवाको हकमा सेवा बिक्री गर्दाको मूल्य, वा

(ग) विभागले उत्पादन लागत वा अन्य उपयुक्त आधारमा तोकी दिएको मूल्य।

(२) नेपालभित्र पैठारी हुने वस्तुको सम्बन्धमा त्यस्तो वस्तुमा भन्सार महसुल लिने प्रयोजनको लागि निर्धारण गरिएको मूल्यमा भन्सार महसुल समेत थप गरी कायम हुन आएको मूल्यमा अन्तःशुल्क लगाइनेछ।

(३) सेवामा बीजक बमोजिम मूल्य निर्धारण गरी अन्तःशुल्क असुल उपर गरिनेछ।

(४) अन्तःशुल्क अधिकृतले अन्तःशुल्क असुल उपर गर्ने प्रयोजनको लागि आवश्यकतानुसार पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्न सक्नेछ।

**८. इजाजतपत्र लिनु पर्नेः** [५१](१) यस ऐन बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु [५२]उत्पादन, निकासी, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्ति, फर्म कम्पनी वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिएको दस्तुर संलग्न गरी अन्तःशुल्क अधिकृत समक्ष इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ।

[५३]तर परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा अन्तःशुल्क इजाजत लिनु पर्ने छैन।

[५४] ९. **इजाजतपत्र सम्बन्धी व्यवस्थाः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु [५५]उत्पादन, निकासी, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन।

तर नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा र स्वयं निष्कासन प्रणाली [५६]अन्तर्गत सुर्तीजन्य वस्तु बाहेकका वस्तुको निकासी, पैठारी, बिक्री वा सञ्चय गर्न अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिएको दस्तुर संलग्न गरी अन्तःशुल्क अधिकृत समक्ष इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अन्तःशुल्क अधिकृत समक्ष इजाजतपत्रको लागि निवेदन परेमा त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा तोकिए बमोजिमको ढाँचामा विभाग वा विभागले तोकेको अन्तःशुल्क अधिकृतले इजाजतपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ।

(५) इजाजतपत्र नवीकरण गराउन [५७]........ इजाजतपत्रवालाले उपदफा (४) बमोजिमको अवधि समाप्त भएपछि तोकिए बमोजिमको दस्तुर दाखिला गरी श्रावण महिनाभित्र नवीकरण गराउनु पर्नेछ।

तर,

(क) कुनै इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षका लागि एकै पटक नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउन सक्नेछ।

(ख) बिँडी, सुर्ती, खैनी, पानमसला, गुट्खा उत्पादन, खाँडसारी उद्योग तथा खुँदो र गुड पैठारी गर्ने इजाजतपत्रवालाले तोकिए बमोजिमको नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउनु पर्नेछ।

[58](ग) स्वयं निष्कासन प्रणाली लागू हुने सुर्तीजन्य वस्तु बाहेकका अन्य वस्तुको लागि दिइएको इजाजतपत्र नवीकरण गर्नु पर्ने छैन।

(६) उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने बाहेकका इजाजतपत्रवालाले इजाजतपत्र नवीकरण गराउन त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पच्चीस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र पचहत्तर प्रतिशत र [59]त्यसपछि सो आर्थिक वर्षको बाँकी अवधि र इजाजतपत्रको प्रत्येक अवधिको लागि शतप्रतिशत जरिवाना बुझाउनु पर्नेछ।

[60](६क) उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पचास प्रतिशत, त्यसपछिको दोस्रो तीन महिनाभित्र शतप्रतिशत र त्यसपछि सो आर्थिक वर्षको बाँकी अवधि र इजाजतपत्रको प्रत्येक अवधिको लागि दुई सय प्रतिशतका दरले जरिबाना बुझाउनु पर्नेछ।

[61]..........

[62] (६ख)..........

(७) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको इजाजतपत्र नलिई कारोबार गरेकोमा इजाजतपत्र बापत र त्यसको नवीकरण बापत लाग्ने दस्तुरबाट उन्मुक्ति पाउने छैन।

**[63]९क. इजाजतपत्र स्थगन गर्न सक्नेः** (१) इजाजतपत्रवालाले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोबार गर्न छाडेमा पन्ध्र दिनभित्र त्यसको कारण सहित इजाजतपत्र स्थगन गर्नको लागि अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालाको इजाजतपत्र स्थगन गर्नु पर्ने वा नपर्ने निर्णय गरी इजाजतपत्र स्थगन गर्नु पर्ने देखिएमा त्यस्तो इजाजतपत्र स्थगन गरी निवेदन प्राप्त भएको [64]पन्ध्र दिनभित्र सोको जानकारी इजाजतपत्रवालालाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम इजाजतपत्र स्थगन भएको इजाजतपत्रवालाले इजाजतपत्र स्थगन भएपछिको अर्को महिनादेखि दफा १०क. बमोजिमको विवरण पेश गर्नु पर्ने छैन।

(४) उपदफा (२) बमोजिम इजाजतपत्र स्थगन भएको अवधिभरको लागि इजाजतपत्रवालाले दफा ९ बमोजिम इजाजतपत्र नवीकरण गर्नु पर्ने छैन।

[६५](५) इजाजतपत्रवालाले उपदफा (२) बमोजिम स्थगन भएको इजाजतपत्रबाट वस्तु वा सेवाको कारोबार सुरु गर्न चाहेमा अन्तःशुल्क अधिकृत समक्ष निवेदन दिनु पर्नेछ र त्यस्तो निवेदन प्राप्त भएपछि अन्तःशुल्क अधिकृतले कारोबार सुरु गर्न इजाजत दिनु पर्नेछ।

[६६]**९ख.** **<u>इजाजतपत्र निलम्बन गर्न सक्नेः</u>** (१) अन्तःशुल्क लाग्ने मदिरा, चुरोट वा सुर्तीजन्य वस्तुको उत्पादन गर्ने इजाजतपत्रवालाले आफूले उत्पादन गरेको त्यस्तो वस्तुमा अन्तःशुल्क टिकट नलगाई वा नक्कली वा प्रयोग भएको टिकट पुनः प्रयोग गरी त्यस्तो वस्तुको उत्पादन, निष्कासन वा बिक्री वितरण गरेमा वा त्यस्तो वस्तुको उत्पादनको लागि आवश्यक कच्चा पदार्थको अभिलेख नदेखाई उत्पादन र भण्डारण गरी अन्तःशुल्क छलेको कुरा प्रारम्भिक अनुसन्धानबाट देखिएमा अन्तःशुल्क अधिकृतले त्यस्तो इजाजतपत्रवालाको इजाजतपत्र तीन महिनासम्म निलम्बन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र निलम्बन भएको अवधिभर इजाजतपत्रवालाले आफूले उत्पादन गरी आएको वस्तु उत्पादन, बिक्री वा निष्कासन गर्न पाउने छैन।

(३) कसैले यस दफा बमोजिमको कार्य गरेको प्रमाणित भएमा त्यस्तो कार्यलाई यस ऐन बमोजिम कसूर गरेको मानिनेछ।

[६७]**१०.** **<u>इजाजतपत्र रद्द गर्न सक्नेः</u>** दफा ९ को [६८]<u>उपदफा (३)</u> बमोजिम दिइएको इजाजतपत्र विभागले देहायको अवस्थामा इजाजतपत्र रद्द गर्न सक्नेछः-

(क) इजाजतपत्रमा तोकिएको शर्त तथा बन्देज उल्लङ्घन भएको पाइएमा,

(ख) सार्वजनिक हित विपरीत हुने देखिएमा,

[६९](ग) अन्तःशुल्क नतिरेमा,

[७०](घ) इजाजतपत्रवाला संस्था विघटन भएमा वा इजाजतपत्रवालाले आफ्नो इजाजतपत्र रद्द गर्न निवेदन दिएमा,

[७१](ङ) दफा ९ बमोजिम नवीकरण नगराएमा।

[72]**१०क. <u>अन्तःशुल्क विवरण दिनु पर्नेः</u>** दफा ३क. बमोजिम अन्तःशुल्क निर्धारण र असुल गर्नु पर्ने दायित्व भएका व्यक्तिले प्रत्येक महिनाको अन्तःशुल्क लाग्ने कारोबारको विवरण त्यस्तो महिना समाप्त भएको पच्चीस दिनभित्र अन्तःशुल्क अधिकृत समक्ष वा [73]<u>दफा १०ग. को उपदफा (३) मा व्यवस्था भए बमोजिम वा</u> हुलाकबाट रजिष्ट्री गरी तोकिए बमोजिमको अन्तःशुल्क विवरण पेश गर्नु पर्नेछ। उक्त महिनामा अन्तःशुल्क लाग्ने कारोबार गरेको वा नगरेको जेसुकै भए तापनि त्यस्तो विवरण पेश गर्नु पर्नेछ।

[74]**१०ख. <u>लेखा राख्नु पर्नेः</u>** (१) दफा १०क. बमोजिम अन्तःशुल्क विवरण पेश गर्नु पर्ने व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन, बिक्री, त्यस्तो वस्तु वा सेवाको उत्पादनका लागि प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिको खरिद, खपत तथा अन्तिम मौज्दातको मूल्य तथा परिमाण खुल्ने तोकिए बमोजिमका विवरण सहितको लेखा अद्यावधिक राख्नु पर्नेछ र त्यस्तो लेखा अन्तःशुल्क अधिकृतले निरीक्षण गर्न माग गरेका बखत उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खरिद, उत्पादन, निष्कासन, बिक्री र मौज्दात खाता सम्बन्धित अन्तःशुल्क अधिकृतद्वारा प्रमाणित गराई लेखा राख्ने प्रयोजनका लागि प्रयोग गर्नु पर्नेछ।

(३) इजाजतपत्रवालाले कारोबारको लेखा छ वर्षसम्म सुरक्षित राख्नु पर्नेछ।

(४) यस ऐनको कार्यान्वयनको निमित्त अन्तःशुल्क अधिकृतले लिखित रूपमा सूचना दिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोबारको सम्बन्धमा जानकारी माग गर्न सक्नेछ।

[75]**१०ग. <u>कम्प्युटरबाट प्रशोधित अभिलेख प्रमाणको रूपमा ग्राह्य हुनेः</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तःशुल्कको प्रयोजनको लागि अन्यथा प्रमाणित भएकोमा बाहेक विभाग वा अन्तर्गतका कार्यालय वा अन्तःशुल्क प्रशासन गर्न तोकिएको कार्यालयमा रहेका कम्प्युटरबाट प्रशोधित कुनै व्यक्तिको अन्तःशुल्क सम्बन्धी अभिलेख प्रमाणको रूपमा ग्राह्य हुनेछ।

(२) अन्तःशुल्क लाग्ने तोकिएका वस्तु वा सेवाको उत्पादन सम्बन्धी तथ्याङ्क विद्युतीय माध्यमबाट विभाग वा विभागले तोकेको कार्यालयमा स्वतः प्राप्त हुने गरी व्यवस्था गर्न सक्नेछ।

(३) विभागले विद्युतीय माध्यमबाट अन्तःशुल्क विवरण पेश गर्ने र अन्तःशुल्क भुक्तानी गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।

[७६]**१०घ.** **<u>अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्नेः</u>** (१) देहायको कुनै अवस्थामा अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण गर्न सक्नेछः-

(क) म्यादभित्र अन्तःशुल्क विवरण पेश नगरेमा,

(ख) अधुरो वा त्रुटिपूर्ण अन्तःशुल्क विवरण पेश गरेमा,

(ग) झुट्टा अन्तःशुल्क विवरण पेश गरेमा,

(घ) अन्तःशुल्कको रकम कम देखाएको वा ठीक नभएको भन्ने विश्वास गर्नु पर्ने आधार भएमा,

(ङ) बिक्री मूल्यमा न्यून बीजकीकरण गरेको भन्ने विश्वास गर्नु पर्ने आधार र कारण भई दफा ७ को उपदफा (४) बमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण गर्नु पर्ने भएमा,

(च) यो ऐन वा यस ऐन अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धि तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलब्धि नपुगेमा,

(छ) निष्कासन गरेको मदिरा र [७७]<u>डिष्टिलेशन</u>मा जाने पदार्थको अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक परेमा,

(ज) अन्तःशुल्क छलेमा,

[७८](झ) इजाजतपत्र नलिई कुनै व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोबार गरेमा,

[७९](ञ) अन्तःशुल्क टिकटको मौज्दात किताब अनुसार हुनु पर्ने मौज्दात भन्दा बढी वा घटी मौज्दात फेला परेमा।

(२) उपदफा (१) बमोजिम अन्तःशुल्क निर्धारण गर्दा अन्तःशुल्क अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम गरिएको अन्तःशुल्क निर्धारणको सम्बन्धमा विभागले अनुगमन गर्न सक्नेछ। अनुगमन गर्दा कुनै त्रुटि देखिएमा [८०]<u>महानिर्देशकले</u> पुनः अन्तःशुल्क निर्धारण गर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम अन्तःशुल्क निर्धारण गर्ने वा दफा १०क. बमोजिम पेश गरेको अन्तःशुल्क विवरण जाँच गर्ने प्रयोजनका लागि अन्तःशुल्क अधिकृतलाई देहाय बमोजिमको अधिकार हुनेछः-

(क) अन्तःशुल्क दायित्वसँग सम्बन्धित वस्तु, स्थान, कागजात, लेखा तथा अभिलेख जाँच गर्ने,

(ख) कुनै व्यक्तिको कारोबार स्थल वा यस ऐन अन्तर्गत कसूर मानिने कार्यसित सम्बन्धित प्रमाण हुन सक्ने सम्भावना भएका अन्य स्थलमा खानतलासी लिने [८१]वा सिलबन्दी गर्ने,

(ग) आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै अभिलेख, किताब, खाता कागजात तयार गर्ने वा तिनीहरूमा विवरण भर्ने व्यक्तिसँग जानकारी माग गर्ने,

(घ) अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको कारोबार स्थल वा त्यससँग सम्बन्धित अन्य स्थलमा रहेको कुनै कागजात, किताब तथा अभिलेखलाई कब्जा गर्ने वा अन्यत्र लैजाने,

(ङ) कारोबार सञ्चालन गर्ने स्थान वा कार्यालय वा अन्य कुनै उपयुक्त स्थानमा अन्तःशुल्कको लेखापरीक्षण गर्ने,

(च) अन्तःशुल्क अधिकृतले बैङ्क तथा वित्तीय संस्था लगायत कुनै व्यक्तिसँग अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको कारोबारको सम्बन्धमा कुनै कुराको जानकारी माग गर्ने।

[८२](५) यस दफा बमोजिम अन्तःशुल्क अधिकृतले माग गरेको सूचना दिनु बैङ्क तथा वित्तीय संस्था वा सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

[८३]**१०ङ.** **<u>विशेषज्ञको सेवा लिन सक्नेः</u>** विभागले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यकता अनुसार मदिरा विशेषज्ञ, ब्रुइङ्ग विशेषज्ञ, रसायन विज्ञ लगायतका अन्य विशेषज्ञको सेवा लिन सक्नेछ।

[८४]**१०च.** **<u>अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धि तोक्न सक्नेः</u>** (१) एनहाइड्रस इथानोल, रेक्टिफाइड स्प्रिट वा इ.एन.ए. उत्पादन गर्ने उद्योगले प्रयोग गर्ने अन्न, मोलासिस वा खुँदोबाट प्राप्त हुनु पर्ने इथानोल, स्प्रिट वा इ.एन.ए.को उत्पादन प्रतिलब्धि दरको निर्धारण तोकिए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको प्रतिलब्धि दरभन्दा घटी उत्पादन भएको देखिएमा त्यस्तो फरक परिमाणको इथानोल, स्प्रिट वा इ.एन.ए.बाट सो प्रतिष्ठानले उत्पादन गर्ने उच्चतम कोटीको मदिरा उत्पादन भएको मानिनेछ।

(३) विभागले अन्तःशुल्क लाग्ने अन्य वस्तु तथा सेवाको उत्पादन प्रतिलब्धि दर तोक्न सक्नेछ।

[८५]**१०छ.** **अल्कोहलको मात्रा जाँच गर्नेः** अन्तःशुल्क अधिकृतले जुनसुकै बखत स्वीकृति लिई निष्कासन गरेको मदिरा र [८६]डिष्टिलेशनमा जाने पदार्थको अल्कोहलको मात्रा वा गुणस्तरको परीक्षण [८७]विभागको प्रयोगशाला वा विभागले तोकेको प्रयोगशालाबाट गर्न सक्नेछ। अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक वा गुणस्तरमा उल्लेखनीय रूपबाट फरक पार्न पाइने छैन।

[८८]**१०ज.** **बक्यौता अन्तःशुल्कको असुलीः** यस ऐन बमोजिमको म्यादभित्र बुझाउनु पर्ने अन्तःशुल्क कुनै व्यक्तिले नबुझाएमा सम्बन्धित अन्तःशुल्क अधिकृतले देहायका कुनै वा सबै तरिका अपनाई असुल गर्न सक्नेछः-

(क) त्यस्तो व्यक्तिलाई फिर्ता गर्नु पर्ने कुनै रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएको कुनै सङ्गठित संस्था, [८९]प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्वमा भएको कुनै सङ्गठित संस्था वा स्थानीय तहबाट त्यस्तो व्यक्तिले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) त्यस्तो व्यक्तिको बैङ्क, वित्तीय वा अन्य संस्थामा रहेको हितबाट कट्टा गर्न लगाएर,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "हित" भन्नाले बैङ्क, वित्तीय वा अन्य संस्थामा रहेको निक्षेप तथा लगानीलाई समेत सम्झनु पर्छ।

(घ) त्यस्तो व्यक्तिको बिक्री, निकासी, पैठारी र अन्य व्यवसाय रोक्का गरेर,

(ङ) त्यस्तो व्यक्तिको चल तथा अचल सम्पति कब्जा गरेर,

(च) त्यस्तो व्यक्तिको चल तथा अचल सम्पत्ति सबै वा केही एकैपटक वा पटक पटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर,

[९०](छ) मौज्दातमा रहेको वस्तु लिलाम गरेर।

[९१]**१०झ.** **विलम्ब शुल्कः** दफा ४ को उपदफा (१) को खण्ड (क) को अवस्थामा बाहेक अन्तःशुल्क निर्धारण भएको वा अन्य कुनै कारणले यस ऐन बमोजिमको म्यादभित्र बुझाउनु पर्ने अन्तःशुल्क रकम कुनै व्यक्तिले नबुझाएमा बुझाउन बाँकी रहेको अन्तःशुल्क रकममा प्रति दिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ।

[९२]**१०ञ.** **अन्तःशुल्क छल्ने योजना विरुद्धको व्यवस्थाः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्तःशुल्कको फाइदा लिने उद्देश्यले कुनै व्यक्तिले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क छल्न दुरुत्साहन गरेको मानी महानिर्देशकले त्यस्तो व्यक्तिको अन्तःशुल्क निर्धारण तथा असुल उपर गर्न अन्तःशुल्क अधिकृतलाई आदेश दिन सक्नेछः-

(क) यस ऐनमा भएको व्यवस्थाको दुरूपयोग गरी अन्तःशुल्क छल्ने उद्देश्यले कुनै योजना तथा कार्य गरी अन्तःशुल्कको दायित्व कम गरेमा, वा

(ख) अन्तःशुल्क दायित्व कम गर्ने उद्देश्यले कुनै कार्य गरेमा वा सो गर्ने उद्देश्यले सम्झौता गरेमा।

[९३]**१०ञ१.** **अन्तःशुल्क टिकटको प्रयोगः** (१) नेपालभित्र उत्पादन तथा पैठारी हुने विभागले तोकेको अन्तःशुल्कजन्य वस्तुमा अन्तःशुल्क टिकट प्रयोग गर्नु पर्नेछ।

(२) अन्तःशुल्क टिकटको ढाँचा विभागले निर्धारण गरे बमोजिम हुनेछ।

[९४]**१०ट.** **अन्तःशुल्क टिकट परीक्षण गर्नेः** मदिरा, बियर वा चुरोट र अन्य अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तःशुल्क टिकट सक्कली वा नक्कली सम्बन्धमा अन्तःशुल्क अधिकृतले परीक्षण गर्न सक्नेछ।

[९५]**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "नक्कली अन्तःशुल्क टिकट" भन्नाले,-

(१) विभागबाट स्वीकृत सुरक्षण सङ्केत चिन्ह, विशेषता वा गुणस्तर बमोजिम नभएको वा फरक भएको,

(२) एउटा उद्योग वा प्रतिष्ठानको लागि जारी भएको अन्तःशुल्क टिकट अर्को उद्योग वा प्रतिष्ठानबाट प्रयोग गरिएको,

(३) विभागको स्वीकृत बेगर एउटा वर्ग (क्याटोगरी) को उत्पादनको लागि

जारी भएको अन्तःशुल्क टिकट अर्को वर्ग (क्याटोगरी) को उत्पादनमा प्रयोग भएको,

(४) एक पटक प्रयोग भइसकेको अन्तःशुल्क टिकट पुनः प्रयोग गरेको,

(५) च्यातिएको वा टुक्र्याइएको वा झुट्टा (फेक) क्युआर कोड भएको।

[९६]**१०ठ. नष्ट गर्न सक्ने:** (१) विभागले तोकेको विशेषता वा मापदण्ड अनुरूप नभएको कारण प्रयोग नगर्ने निर्णय गरी मौज्दातमा राखिएको, लगत नभएको, ओस लागेको, ढुसी परेको, धमिराले खाएको, च्यातिएको, नेपाल सरकारको निशाना छाप परिवर्तन भएको कारण प्रयोग गर्न उपयुक्त नभएका, सिरियल नम्बर नमिलेका, सिरियल नम्बर नभएको, साइज तथा आकार नमिलेको, आगलागीको कारण आंशिक रूपमा जलेको, ध्वंसात्मक गतिविधिको कारण क्षति पुगेको वा अन्य कुनै कारणले प्रयोग गर्न नमिल्ने अवस्थामा रहेको अन्तःशुल्क टिकट तोकिएको समितिले परिमाण यकीन गरी नष्ट गर्न सक्नेछ।

तर परिमाण यकीन गर्न नसकिने पुराना टिकटको हकमा यथास्थितिको मुचुल्का बनाई समितिले नष्ट गर्न सक्नेछ।

(२) उपभोगको म्याद समाप्त भएका सुर्तीजन्य वस्तु, चुरोट, वियर, वाइन तथा अन्य उपभोगमा आउन नसक्ने अन्तःशुल्क लाग्ने वस्तु तोकिए बमोजिम नष्ट गर्न सकिनेछ।

**११. यथेष्ट आधार देखिएमा तलासी लिने:** अन्तःशुल्क लाग्ने वस्तु अन्तःशुल्क छली प्रतिष्ठानबाट [९७]निष्कासन गरी वा विदेशबाट पैठारी गरी लिई जान लागेको छ भन्ने मनासिब माफिकको शङ्का लागेमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले जुनसुकै व्यक्ति वा सवारी साधनलाई रोक्का गर्न र अन्तःशुल्क तिरेको प्रमाण माग गर्न सक्नेछ। अन्तःशुल्क महसुल तिरेको प्रमाण पेश गर्न नसकेमा अन्तःशुल्क छलेको मानिनेछ।

**१२. खानतलासी, कब्जा वा गिरफ्तार गर्न सकिने:** (१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु वा उत्पादन, पैठारी, बिक्री वा सञ्चय गरी वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरी व्यवसाय सञ्चालन गरेमा वा दफा ११ बमोजिम अन्तःशुल्क छलेको भन्ने कुराको जानकारी अन्तःशुल्क अधिकृत वा निजले खटाएका कर्मचारीले पाएमा त्यस्ता अधिकृत वा कर्मचारीले त्यस्तो कार्य भइरहेको प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानको खानतलासी लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम खानतलासी लिँदा यस ऐन विपरीत अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, बिक्री, पैठारी, सञ्चय वा ओसारपसार गर्ने कार्य वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गरी व्यवसाय सञ्चालन गर्ने काम गरेको पाइएमा त्यस्तो काममा सरिक भएको व्यक्तिलाई खानतलासी लिने अधिकृत वा कर्मचारीले पुर्जी दिई गिरफ्तार गरी त्यहाँ प्राप्त वस्तुको मुचुल्का खडा गरी कब्जामा लिनु पर्नेछ।

(३) यस ऐन अन्तर्गतको कुनै कसूर कुनै प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानमा भइरहेको छ र तुरुन्तै केही कारबाही नगरेमा अभियुक्त भागी जाने वा कसूरको सबुत प्रमाण गायब हुने सम्भावना देखेमा अन्तःशुल्क अधिकृत वा निजले खटाएको कर्मचारीले सो कुराको पर्चा खडा गरी आफैंले वा आफ्नो मातहतका कर्मचारीद्वारा जुनसुकै बखत देहायका कामहरू गर्न गराउन सक्नेछः-

(क) त्यस्तो प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानमा प्रवेश गर्न,

(ख) त्यसरी प्रवेश गर्दा बाधा विरोध भएमा त्यस स्थानमा रहे बसेका मानिसलाई त्यहाँबाट हट्न मनासिब माफिकको मौका दिई झ्याल ढोका फोरी प्रवेश गर्न,

[९८](ग) कसूरसँग सम्बन्धित अन्तःशुल्क लाग्ने वस्तु र सो बमोजिमको कसूर प्रमाणित गर्न सहायक हुने अन्य वस्तु कब्जा गर्न र सो स्थानलाई सिलबन्दी गर्न,

(घ) इजाजतपत्र निलम्बन गर्न, र

[९९]तर त्यस्तो निलम्बन सात दिनभन्दा बढीको अवधिको लागि गर्न पाइने छैन र त्यसरी निलम्बन गरेको साठी दिनभित्र तत्सम्बन्धी आवश्यक निर्णय गरी सक्नु पर्नेछ।

(ङ) कसूर गरेको भनी शङ्का लागेको व्यक्तिलाई गिरफ्तार गर्न।

[१००](४) यस दफा बमोजिम कुनै प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानमा प्रवेश गर्दा वा खानतलासी लिँदा सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिकाका प्रतिनिधिलाई रोहवरमा राख्नु पर्नेछ।

(५) यस ऐन बमोजिम कसैलाई गिरफ्तार गरेकोमा वा कुनै व्यक्ति, प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानको खानतलासी गरेकोमा वा

अन्तःशुल्क लाग्ने वस्तु वा अन्य वस्तु कब्जा गरेकोमा त्यसरी खानतलासी वा गिरफ्तार गर्ने अन्तःशुल्क अधिकृतले त्यसको प्रतिवेदन विभागको महानिर्देशक समक्ष सो गिरफ्तार, खानतलासी वा वस्तु कब्जा गरेको मितिले चौबीस घण्टाभित्र छिटो साधनद्वारा पठाउनु पर्नेछ। अन्तःशुल्क अधिकृत बाहेक निजको मातहतका अन्य कर्मचारीले त्यस्तो काम गरेमा निजले त्यसको प्रतिवेदन त्यस्तो काम गरेको मितिले चौबीस घण्टाभित्र अन्तःशुल्क अधिकृत वा विभाग समक्ष पठाउनु पर्नेछ।

(६) यस ऐन बमोजिम कसूरको तहकिकातको सम्बन्धमा अन्तःशुल्क अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ।

(७) खानतलासी, गिरफ्तार वा कब्जा गर्ने काममा अन्तःशुल्क अधिकृतले सहयोगको निमित्त स्थानीय प्रशासन वा प्रहरीसँग अनुरोध गरेमा स्थानीय प्रशासन वा प्रहरीले तत्काल सहायता प्रदान गर्नु पर्नेछ।

१३. **<u>कसूरको सूचना दिनु पर्ने:</u>** [१०१](१) कसैले यस ऐन विपरीत कुनै काम हुन लागेको, भइरहेको वा भइसकेको कुरा थाहा पाएमा सोको जानकारी आन्तरिक राजस्व कार्यालय, करदाता सेवा कार्यालय वा नजिकको प्रहरी कार्यालयमा लिखित वा मौखिक रूपमा दिन सक्नेछ। त्यसरी प्राप्त लिखित सूचना वा मौखिक रूपमा प्राप्त भएको सूचनालाई लिखित रूपमा तयार गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा पठाउनु पर्नेछ।

(२) सूचना दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा साङ्केतिक भाषामा आफ्नो परिचय दिन सक्नेछ।

(३) सूचना दिँदा सूचना दिने व्यक्तिले आफूले थाहा पाएको स्रोत खुलाउन बाध्य हुने छैन।

[१०२](४) यस दफा बमोजिमको कसूरको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा विभागद्वारा तोकिएको कार्यविधि बमोजिम महानिर्देशक वा कार्यविधिमा तोकिएको अधिकारीले तत्काल दश हजार रुपैयाँसम्म सुराकी खर्च दिन सक्नेछ।

(५) यस दफा बमोजिम कसूरको सूचना दिने व्यक्तिको विवरण गोप्य रहनेछ।

१४. **<u>पुरस्कार:</u>** [१०३](१) यस ऐन विपरीत कुनै काम हुन लागेको, भइरहेको वा भइसकेको कुराको सूचना वा सुराकीको आधारमा मुद्दा चली मुद्दाको अन्तिम निर्णय भएपछि कसूरदारबाट बरामद भएको अन्तःशुल्क लाग्ने वस्तुबाट असुल

भएको अन्तःशुल्क बाहेकको रकमबाट देहाय बमोजिमको रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालय [१०४]वा करदाता सेवा कार्यालयबाट त्यस्तो सूचना वा सुराकी दिने सरकारी कर्मचारी वा व्यक्तिलाई पुरस्कार स्वरूप प्रदान गरिनेछः-

(क) सुराक दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,

(ख) वस्तु मात्र पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत,

(ग) वस्तु तथा मानिस सहित पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत,

तर सूचना वा सुराक दिने व्यक्ति एकभन्दा बढी भएमा त्यस्ता व्यक्तिहरूबीच पुरस्कारको बाँडफाँड समानुपातिक रूपले गरिनेछ।

(२) कुनै कर्मचारी वा प्रहरीले सुराक पाई बरामद गरेको वस्तु व्यक्ति सहित पक्राउ गरेमा त्यस्तो कर्मचारी वा प्रहरीलाई बिगोको पच्चीस प्रतिशत दिइनेछ।

तर वस्तु मात्र पक्रिएमा पक्रिएको वस्तुको मूल्यको पच्चीस प्रतिशत मात्र पुरस्कार स्वरूप प्रदान गरिनेछ। त्यसरी पुरस्कार दिँदा एक पटकमा प्रतिव्यक्ति पन्ध्र हजार रुपैयाँभन्दा बढी भएमा सो अङ्कमा नबढ्ने गरी दिइनेछ।

**१५. सूचना वा मद्दत नदिने व्यक्तिलाई दण्ड सजायः** यस ऐन विपरीत कार्य हुन लागेको, भइरहेको वा भइसकेको कुरा थाहा पाएपछि सो कुराको सूचना दिनु पर्ने वा [१०५]आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयले मागेको बखत मद्दत दिनु पर्ने कर्तव्य भएको कुनै व्यक्तिले जानी जानी त्यस्तो सूचना वा मद्दत नदिएमा निजलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

[१०६]**१६.** [१०७]**सजायः** (१) कसैले देहायको कसूर गरेमा त्यस्तो व्यक्तिलाई त्यस्तो कसूरको निमित्त बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछः-

(क) यस ऐन बमोजिम तिर्नु पर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी [१०८]वा सेवा प्रदान गरेमा,

(ग) कुनै व्यक्तिले झुट्टा लेखा वा किर्ते कागज तयार गरी यस ऐन विपरीत कुनै कसूर गरेमा,

[१०९](घ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा विभागले तोकेको शर्त विपरीत हुने गरी मदिराको उत्पादन, बोतलबन्दी, तथा बिक्री वितरण गरेमा,

(ङ) मदिरा, बियर, चुरोट वा सुर्तीजन्य वस्तु र अन्य अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तःशुल्क टिकट नक्कली बनाई प्रयोग गरेमा, उत्पादन गरेमा वा ओसारपसार वा भण्डारण गरेमा।

(२) मदिरा, चुरोट र सुर्तीजन्य वस्तु उत्पादन वा पैठारी गर्ने इजाजतपत्रवालाले देहायका कसूर गरी अन्तःशुल्क दबाए, छिपाए वा छलेमा त्यस्तो कसूरको निमित्त बिगो जफत गरी बिगोको दुई सय प्रतिशत जरिवाना वा एक लाख रुपैयाँ मध्ये जुन बढी हुन्छ सो जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछः-

(क) अन्तःशुल्क दबाए, छिपाए वा छलेमा,

(ख) नक्कली अन्तःशुल्क टिकटको प्रयोग गरी [११०]वा अन्तःशुल्क टिकटको प्रयोग नगरी मदिरा, चुरोट र सुर्तीजन्य वस्तुको उत्पादन, निष्कासन, बिक्री वितरण, भण्डारण वा पैठारी गरेमा,

(ग) स्वीकृति नलिएको ब्राण्डमा उत्पादन तथा निष्कासन गरेमा,

[१११](ग१) अर्काको नामको ब्राण्ड प्रयोग गरी वा ब्राण्ड नखोली उत्पादन, निष्कासन, भण्डारण वा बिक्री वितरण गरेमा,

[११२](ग२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा विभागले तोकेको शर्त विपरीत मदिरा तथा सुर्तीजन्य वस्तुको उत्पादन, बोतलिङ्ग, बट्टाबन्दी, प्याकिङ्ग तथा बिक्री वितरण गरेमा,

(घ) रम, जिन, ब्राण्डी, भोडका, ह्वीस्की भनी मदिरा उत्पादन गर्ने प्रतिष्ठानले २५ यू.पी. र ३० यू.पी. शक्तिभन्दा फरक हुने गरी उत्पादन गरेको पाइएमा।

(३) उपदफा (१) को खण्ड (ङ) र उपदफा (२) बमोजिम बिगो कायम गर्दा त्यस्तो टिकट प्रयोग भएको वा हुन सक्ने वस्तुको शक्ति, परिमाण वा आकारका आधारमा अन्तःशुल्क लाग्ने वस्तुको [११३]वा ब्राण्ड नखुलेको हकमा ७० यु.पि. शक्तिको मदिराको मूल्य कायम गरी सोमा लाग्ने अन्तःशुल्क समेत जोडी कायम गरिनेछ। बिगो कायम गर्नु पर्ने वस्तु तथा सेवा बिक्री भइसकेको अवस्थामा सो वस्तु तथा सेवाको बिक्री मूल्यलाई आधार मानी बिगो कायम गरिनेछ।

(४) कुनै व्यक्तिले देहायको कुनै कसूर गरेमा अन्तःशुल्क अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः-

(क) दफा ७ को उपदफा (४) बमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण भएमा थप हुने अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवा बिक्री वा सञ्चय गरेमा पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म,

(ग) दफा १०क. को व्यवस्था उल्लङ्घन गरेमा लाग्ने अन्तःशुल्कको प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशत वा प्रति विवरण एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम,

(घ) दफा १०ख. को उपदफा (१) बमोजिमको लेखा अद्यावधिक नराखेमा दश हजार रुपैयाँ र कारोबारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

(ङ) दफा १०ख. को उपदफा (२) उल्लङ्घन गरेमा पाँच हजार रुपैयाँ,

(च) दफा १०ख. को उपदफा (३) उल्लङ्घन गरेमा दश हजार रुपैयाँ,

(छ) दफा १०घ. को उपदफा (३) बमोजिमको अनुगमन गर्ने कार्यमा बाधा विरोध गरेमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

(ज) दफा १०छ. बमोजिम जाँच गर्दा अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक भएमा राजस्व चुहावट भएको रकमको शतप्रतिशत रकम,

(झ) अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धि तोकिएकोमा त्यस अनुसारको उत्पादन प्रतिलब्धि नपुगेमा थप हुने अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ञ) दफा ४घ. को उपदफा (१) को उल्लङ्घन गरेमा पटकै पिच्छे दश हजार रुपैयाँ,

(ट) [११४]प्रतिष्ठानले आफूले उत्पादन गरेको स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तु तथा सेवाको बिक्री गर्दा अन्तःशुल्क असुल नगरेमा वा कम असुल गरेमा लाग्ने अन्तःशुल्क असुल गरी असुल नभएको वा कम असुल भएको अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ठ) दफा ३क. को [११५]......... उल्लङ्घन गरी अन्तःशुल्क क्रेडिट दाबी गरेमा त्यसरी क्रेडिट दाबी गरेको अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ड) दफा ४घ. को उपदफा (२) को उल्लङ्घन गरेमा पहिलो पटकका लागि दश हजार रुपैयाँ र त्यसपछि प्रत्येक पटकका लागि बीस हजार रुपैयाँ,

(ढ) इजाजतपत्रवालाले मदिरा, चुरोट र सुर्तीजन्य वस्तुमा अधिकतम खुद्रा मूल्य, उत्पादन मिति र ब्याच नम्बर नखुलाएमा त्यस्तो वस्तु जफत गरी बिगो बमोजिमको रकम वा एक लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम,

(ण) मदिरा (बियर, वाइन, साइडर बाहेक) को बोतलमा अन्तःशुल्क टिकटको सुरक्षाको लागि प्रयोग गर्नु पर्ने पारदर्शी प्लाष्टिकको खोल (श्रिंकक्याप) को प्रयोग नगरेमा त्यस्तो वस्तु जफत गरी बिगो बमोजिमको रकम वा एक लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम,

(त) स्वीकृति नलिई वा अर्काको ब्राण्डको नक्कल गरी मदिरा, चुरोट र सुर्तीजन्य वस्तुको उत्पादन, निष्कासन वा बिक्री वितरण गरेमा त्यस्तो वस्तु जफत गरी बिगो बमोजिमको रकम वा एक लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम,

(थ) [११६] ....................

(द) वाइन उत्पादन गर्ने प्रतिष्ठानले पेटेन्ट स्टील टैङ्क वा काठको भाँडो (भ्याट) मा राखी फर्मेन्टेशन नगरेमा पटकै पिच्छे एक लाख रुपैयाँ,

(ध) अन्तःशुल्क अधिकृतले मदिरा, चुरोट, सुर्तीजन्य वस्तु, मदिराको कच्चा पदार्थको रूपमा प्रयोग हुने मोलासेस र स्प्रिट तथा अन्य अन्तःशुल्क लाग्ने पदार्थ उत्पादन गर्ने इजाजतपत्रवालाको मौज्दात परीक्षण गर्दा [११७]तोकिएको खरिद खाता वा मौज्दात खातामा उल्लेख भएको भन्दा बढी वस्तु मौज्दात फेला परेमा यस्तो वस्तु आम्दानी बाँधन लगाई त्यसरी बढी फेला परेको वस्तुको बजार मूल्य कायम गरी त्यस्तो मूल्यको शतप्रतिशतले हुने रकम,

[११८](ध१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम दिइएको स्वीकृति विपरीत स्प्रिट तथा इथानोल प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको स्प्रिटबाट उत्पादन हुन सक्ने मदिराको उच्चतम् दरबन्दी अनुसार लाग्ने अन्तःशुल्क बराबरको रकम,

[११९](ध२) अन्तःशुल्क टिकटको घटी मौज्दात फेला परेमा लाग्ने अन्तःशुल्क रकमको शतप्रतिशत रकम र बढी मौज्दात फेला परेमा बढी भए जति टिकट मौज्दात आम्दानी बाँधन लगाई एक लाख रुपैयाँ,

(न) यस दफामा उल्लेख गरिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा पटकै पिच्छे दश हजार रुपैयाँ।

[१२०](५) यो ऐन अन्तर्गतको कसूरसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रयोग हुन आएको भाँडावर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेसिन, उपकरण र सवारी साधन समेत अन्तःशुल्क अधिकृतले जफत गर्नेछ।

(६) [१२१]उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि भाडाको सवारीमा दर्ता गरी सवारी साधनको मालिकले नै प्रयोग गरेको पाइएमा त्यस्तो सवारी जफत हुनेछ।

(७) अन्तःशुल्क अधिकृतले उपदफा (१) मा उल्लिखित [१२२]सजाय जरिवानाका अतिरिक्त नब्बे दिनमा नबढ्ने गरी दफा ९ बमोजिम दिइएको इजाजतपत्र निलम्बन समेत गर्न सक्नेछ।

(८) उपदफा (१) र (२) मा लेखिएको कसूरको उद्योग वा दुरुत्साहन गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(९) अन्तःशुल्क अधिकृतले [१२३]उपदफा (२) मा उल्लिखित सजायका अतिरिक्त दफा ९ बमोजिम दिइएको इजाजतपत्र छ महिनासम्म निलम्बन गर्न वा दफा १० बमोजिम इजाजतपत्र रद्द गरी त्यस्तो उद्योग वा प्रतिष्ठान दर्ता खारेज गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

**१७. सम्पत्ति रोक्का तथा लिलाम बिक्री गर्ने:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम अन्तःशुल्क अधिकृतले कुनै व्यक्तिको सम्पत्ति जफत गर्नु पर्ने मनासिब माफिकको कारण पर्न आएमा त्यस्तो सम्पत्ति अन्य कुनै व्यक्तिलाई हक हस्तान्तरण वा स्वामित्व परिवर्तन हुन नसक्ने गरी रोक्का राख्न सक्नेछ।

(२) यसरी रोक्का रहेको सम्पत्ति सड्ने, बिग्रने, नष्ट हुने वा त्यसको मूल्य घट्ने देखिएमा अन्तःशुल्क अधिकृतले त्यस्तो वस्तु तुरुन्त लिलाम बिक्री गरी आएको रकमको आम्दानी बाँध्नु पर्नेछ। रोक्का रहेको सम्पत्ति पछि सम्बन्धित व्यक्तिले फिर्ता पाउने ठहरिएमा लिलाम बिक्रीबाट प्राप्त भएको रकम मात्र निजलाई फिर्ता दिइनेछ। सम्बन्धित व्यक्तिले वस्तु नै फिर्ता पाउँ भनी दाबी गर्न पाउने छैन।

[१२४](३) जफत गरिएका वस्तुहरू परीक्षण गर्दा उपयोग गर्न मिल्ने देखिएमा लिलाम बिक्री गरी आएको रकम राजस्व दाखिला गर्नु पर्नेछ।

तर परीक्षणबाट त्यस्ता वस्तुहरू उपयोग गर्न नमिल्ने भएमा विभागले तोके बमोजिम नष्ट गर्नु पर्नेछ।

[१२५]**१७क. किस्ताबन्दीमा तिर्ने व्यवस्था:** कुनै करदाताले बक्यौता अन्तःशुल्क किस्ताबन्दीमा बुझाउन पाऊँ भनी लिखित अनुरोध गरेमा एक वर्षको लागि किस्ताबन्दीमा बुझाउने गरी अनुमति प्रदान गर्न सकिनेछ।

**१८. अदालतलाई भए सरहको अधिकार हुने:** (१) यस ऐनको प्रयोजनको लागि अन्तःशुल्क अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरू पेश गर्न लगाउने, थुनामा राख्ने वा जमानीमा छोड्ने सम्बन्धमा प्रचलित कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुनेछ।

(२) यस ऐन बमोजिम कारबाही गर्दा अन्तःशुल्क अधिकृतले संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

[126]**१९. प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन सम्बन्धी व्यवस्था:** (१) अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण तथा असुलीका सम्बन्धमा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र प्रशासकीय पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।

तर दफा १६ को [127]उपदफा (१), (२) र (५) बमोजिमको कसूरमा अन्तःशुल्क अधिकृतले कैद गर्ने गरी गरेको निर्णय उपर पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली म्याद थपको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा महानिर्देशकले म्याद गुज्रेको मितिबाट तीस दिनको म्याद थप गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम परेको निवेदन उपर छानबिन गर्दा निवेदकको जिकिर मनासिब देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी महानिर्देशकले कर निर्धारण आदेश बदर गरी पुनः कर निर्धारण गर्न सम्बन्धित अन्तःशुल्क अधिकृत वा अन्य कुनै अधिकृतलाई आदेश दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र त्यस्तो निवेदन उपर महानिर्देशकले निर्णय गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित अन्तःशुल्क रकममध्ये विवाद रहित अन्तःशुल्क र जरिवानाको सम्पूर्ण रकम तथा विवादित अन्तःशुल्क र जरिवाना रकमको [128]एकचौथाई रकम दाखिल गर्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको म्यादभित्र महानिर्देशकले निर्णय नगरेमा निर्धारित म्याद नाघेपछि वा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्नेछ।

[129](६क) उपदफा (६) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिँदा निर्धारित अन्तःशुल्क रकममध्ये विवाद रहित अन्तःशुल्क रकम बुझाई

विवादित अन्तःशुल्क रकम र जरिवानाको पचास प्रतिशत रकम धरौटी राख्नु पर्ने वा त्यस्तो रकम बापत बैङ्क जमानत दिनु पर्नेछ।

[१३०](६ख) उपदफा (६क) बमोजिम धरौटी वा बैङ्क जमानतको गणना गर्दा [१३१].............. विभागमा प्रशासकीय पुनरावलोकनको लागि दाखिल गरेको पच्चीस प्रतिशत अन्तःशुल्क रकमलाई समेत गणना गर्नु पर्नेछ।

[१३२](६ग) उपदफा (६क) बमोजिम सम्बन्धित कार्यालयको नाममा कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको धरौटी खातामा दाखिल गरेको बैङ्क भौचर वा त्यस्तो रकम बराबरको बैङ्क जमानतपत्र पुनरावेदनपत्र साथ पेश गर्नु पर्नेछ।

(७) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन वा पुनरावेदन दिने व्यक्तिले सोको एक प्रति पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ।

(८) उपदफा (१) बमोजिम पुनरावलोकनको निवेदन वा पुनरावेदन दिएको कारणबाट दफा १६ को उपदफा (१) मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन।

२०. **अधिकार प्रत्यायोजन नहुनेः** दफा १५ र १६ बमोजिम अन्तःशुल्क अधिकृतलाई प्राप्त अधिकार प्रत्यायोजन हुन सक्ने छैन।

२१. **जफत गर्ने कारबाही स्थगित रहने अवस्थाः** यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू बमोजिम अन्तःशुल्क अधिकृतबाट कुनै व्यक्तिको सम्पत्ति जफत गर्ने गरी निर्णय भई सो निर्णय उपर पुनरावेदन परेकोमा पुनरावेदन हेर्ने अधिकारीले पुनरावेदनको कारबाही किनारा नगरेसम्म सो सम्पत्ति जफत गर्ने कारबाही स्थगित राख्ने आदेश अन्तःशुल्क अधिकृतलाई दिन सक्नेछ।

तर दफा १७ को उपदफा (२) को अवस्थामा यो दफाको व्यवस्था लागू हुने छैन।

२२. **बाँकी रकम सरकारी बाँकी सरह असुल गर्नेः** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्तिले नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी रहेकोमा त्यस्तो रकम निजबाट अन्तःशुल्क अधिकृतले सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

[१३३]२२क. **अन्तःशुल्क सरह मानिनेः** यस ऐन बमोजिम लाग्ने दस्तुर, विलम्ब शुल्क वा जरिवाना यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क सरह मानिनेछ।

[134]२३. **विभाग जिम्मेवार हुनेः** यस ऐनको कार्यान्वयन तथा प्रशासन गर्ने कामको लागि विभाग जिम्मेवार हुनेछ।

[135]२३क. **पूर्वादेशः** (१) कुनै व्यक्तिले यो ऐन लागू हुने अवस्था बारे द्विविधा निराकरणका लागि विभाग समक्ष लिखित निवेदन दिएमा विभागले सो व्यक्तिलाई लिखित रूपमा सूचित गरी पूर्वादेशद्वारा धारणा जारी गर्न सक्नेछ।

(२) यस्तो पूर्वादेश माग भएको विषयमा जारी भएको मिति पश्चातका प्रबन्ध तथा निवेदनमा उल्लेख भएका विषयमा मात्र लागू हुनेछ।

(३) अदालतमा विचाराधीन रहेका विषय र अदालतबाट व्याख्या भई आदेश भएका विषयमा पूर्वादेशको निवेदन परी जारी भएमा त्यस्तो पूर्वादेश स्वतः निष्कृय भएको मानिनेछ।

[136]२४. **अन्तःशुल्क सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुने**ः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक ऐनले यस ऐनमा संशोधन गरी अन्तःशुल्क लगाउने, निर्धारण गर्ने, बढाउने, घटाउने, छुट दिने वा मिनाहा दिने सम्बन्धी व्यवस्था गरेकोमा बाहेक अन्य कुनै पनि ऐनले यस ऐन बमोजिमका अन्तःशुल्कका व्यवस्थाहरूमा कुनै पनि संशोधन, परिवर्तन गर्न वा अन्तःशुल्क सम्बन्धी अन्य व्यवस्थाहरू गर्न सक्ने छैन।

[137]२५. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ।

२५क. **निर्देशिका [138]र मापदण्ड बनाउन सक्नेः** यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही विभागले आवश्यक निर्देशिका [139]र मापदण्ड बनाउन सक्नेछ।

२६. **खारेजी र बचाउः** (१) अन्तःशुल्क ऐन, २०१५ खारेज गरिएको छ।

(२) अन्तःशुल्क ऐन, २०१५ अन्तर्गत भए गरेका सम्पूर्ण काम कारबाहीहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछन्।

## [140]अनुसूची

(दफा ३ सँग सम्बन्धित)

**<u>अन्तःशुल्क दरबन्दी</u>**

| शीर्षक | उपशीर्षक | वस्तु वा सेवाको विवरण | अन्तःशुल्क दर अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा |
|---|---|---|---|
| ०२.०७ | | शीर्षक ०१.०५ का घरपालुवा चराहरू (पोल्ट्री) को ताजा (फ्रेस), चिस्याएको (चिल्ड) वा हिमीकृत (फ्रोजन) मासु र खान हुने अफल मासु। | |
| | | -कुखुरा जातका चराहरू (फाउल्स) कोः | |
| | ०२०७.१२.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत | १५ |
| | ०२०७.१४.०० | --टुक्राहरू र अफल मासु, हिमीकृत | १५ |
| | | -टर्कीहरूकोः | |
| | ०२०७.२५.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत | १५ |
| | ०२०७.२७.०० | --टुक्राहरू र अफल मासु, हिमीकृत | १५ |
| | | -हाँस (डक) हरूकोः | |
| | ०२०७.४२.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत | १५ |
| | ०२०७.४५.०० | --अन्य, हिमीकृत | १५ |
| | | -हाँस (गीस) हरूकोः | |
| | ०२०७.५२.०० | --टुक्रा नपारिएको (सिङ्गो), हिमीकृत (फ्रोजन) | १५ |
| | ०२०७.५५.०० | --अन्य, हिमीकृत | १५ |
| ०४.०२ | | गाढा पारिएको वा चिनी वा अन्य गुलियो पदार्थ हालिएको दूध र तर। | |
| | | -तौलमा दुग्धस्नेह (फ्याट) को मात्रा १.५ प्रतिशत भन्दा कम भएको धुलो, दाना वा अन्य ठोस रूपमाः | |
| | ०४०२.१०.१० | ---चिल्लो हटाइएको दूध (स्कीम्ड मिल्क) | ५ |
| | ०४०२.१०.९० | ---अन्य | ५ |
| | | -तौलमा दुग्धस्नेह (फ्याट) को मात्रा १.५ प्रतिशत भन्दा बढी भएको धुलो, दाना वा अन्य ठोस रूपमाः | |
| | ०४०२.२१.०० | --चिनी वा अन्य गुलियो पदार्थ नहालिएको | ५ |

| | | | |
|---|---|---|---|
| | | --अन्यः | |
| | ०४०२.२९.९० | ---अन्य | ५ |
| | | -अन्य: | |
| | ०४०२.९१.०० | --चिनी वा अन्य गुलियो पदार्थ नहालिएको | ५ |
| | ०४०२.९९.०० | --अन्य | ५ |
| ०८.०२ | | अन्य काष्ठफलहरू, ताजा वा सुकाएको, खबटा फुटाएको वा नफुटाएको, बोक्रा ताछेको वा नताछेको। | |
| | ०८०२.८०.०० | -सुपारी (अरिका नट) हरू | प्रति कि.ग्रा. रु.१००।- |
| ०८.०३ | | प्लान्टन जातका (तरकारीको रूपमा प्रयोग गरिने) केराहरू लगायत ताजा वा सुकाइएका केराहरू। | |
| | ०८०३.१०.०० | -प्लान्टन जातका (तरकारीको रूपमा प्रयोग गरिने) केराहरू | ५ |
| | ०८०३.९०.०० | -अन्य | ५ |
| ०८.०४ | | खजूर (छोहोरा), अञ्जिर, भुईंकटहर, एभोकेडो, अम्बा, आँप, म्याङ्गोष्टिन, ताजा वा सुकेको। | |
| | | -अञ्जिरः | |
| | ०८०४.२०.१० | ---ताजा | ५ |
| | ०८०४.२०.९० | ---अन्य | १० |
| | ०८०४.३०.०० | -भुईंकटहर | ५ |
| | ०८०४.४०.०० | -एभोकाडो | ५ |
| | | -अम्बा, आँप र म्याङ्गोष्टिन: | |
| | ०८०४.५०.१० | ---अम्बा | ५ |
| | ०८०४.५०.२० | ---आँप | ५ |
| | ०८०४.५०.३० | ---म्याङ्गोष्टिन | ५ |
| ०८.०९ | | खुर्पानी (एप्रिकोट), चेरी (पैयुँफल), आरु (नेक्टारिन आरुसमेत), आलुबखरा (प्लम) र चुत्रो (स्लो), ताजा। | |
| | ०८०९.१०.०० | -खुर्पानी (एप्रिकोट) | १० |
| ०८.१२ | | **अस्थायी रूपमा सुरक्षित गरिएको तर त्यही स्थितिमा तुरुन्त खाना उपयुक्त नहुने खालका फलफूल र काष्ठफलहरू।** | |
| | ०८१२.१०.०० | -पैयुँ (चेरिज) | १० |

| | | | |
|---|---|---|---|
| | ०८१२.९०.०० | -अन्य | १० |
| ०८.१३ | | **फलहरू, सुकेको, शीर्षक ०८.०१ देखि ०८.०६ सम्मका बाहेक; यस भागका काष्ठफलहरू वा सुकेका फलहरूको मिश्रण।** | |
| | ०८१३.१०.०० | -खुर्पानी (एप्रीकोट्स) | १० |
| | ०८१३.२०.०० | -सुकाएको आरु बखडा (प्रुन्स) | १० |
| | ०८१३.४०.०० | -अन्य फल | १० |
| | ०८१३.५०.०० | -यो भागको काष्ठफलहरू वा सुक्खा फलहरूको मिश्रण | १० |
| ०९.०४ | | **पाइपर जातको मरिच; क्याप्सिकम वा पिमेन्टा जातका सुकेका वा टुक्र्याइएका वा पिँधेका खुर्सानीहरू।** | |
| | | -मरिचः | |
| | | --नटुक्र्याइएको, नपिँधेकोः | |
| | ०९०४.११.१० | ---पिपला | १५ |
| | ०९०४.११.२० | ---सेतो मरिच | १५ |
| | ०९०४.११.३० | ---कालो मरिच | १५ |
| | ०९०४.११.४० | ---टिमुर (सिचुवान पिपर) | १५ |
| | ०९०४.११.९० | ---अन्य | १५ |
| | | --टुक्र्याइएको वा पिँधेकोः | |
| | ०९०४.१२.१० | ---मरिच | १५ |
| | ०९०४.१२.९० | ---अन्य | १५ |
| | | -क्याप्सिकम वा पिमेन्टा जातका खुर्सानीहरूः | |
| | ०९०४००.२१. | --सुकेको, नटुक्र्याइएको, नपिँधेको | ५ |
| | ०९०४००.२२. | --टुक्र्याइएको वा पिँधेको | ५ |
| ०९.०६ | | दालचिनी र दालचिनीका रुखको फूलहरू। | |
| | | -नटुक्र्याइएको, नपिँधेकोः | |
| | ०९०६.११.०० | --दालचिनी (सिनामोमम जिलानिकम ब्लुम) | १० |
| | ०९०६.१९.०० | --अन्य | १० |
| | ०९०६.२०.०० | -टुक्र्याइएको वा पिँधेको | १० |
| ०९.१० | | अदुवा, केशर, हलेदो (बेसार), तेजपात, पुदिना, तरकारीको (करी) र अन्य मसलाहरू। | |
| | | -अदुवाः | |

| | | | |
|---|---|---|---|
| | | --नटुक्राइएको वा नपिँधेको: | |
| | ०९१०.११.१० | ---ताजा | ५ |
| | ०९१०.११.९० | ---अन्य | ५ |
| | ०९१०.१२.०० | --टुक्र्याइएको वा पिँधेको | ५ |
| | ०९१०.२०.०० | -केशर | ५ |
| | | -बेसार (करक्युमा): | |
| | ०९१०.३०.१० | ---ताजा | ५ |
| | ०९१०.३०.२० | ---धुलो वा पिठो | ५ |
| | ०९१०.३०.९० | ---अन्य | ५ |
| ११.०६ | | **शीर्षक ०७.१३ का सुकेका कोसे वनस्पतिको, सागोको वा शीर्षक ०७.१४ का जरा वा गानाहरूको वा भाग ८ का उत्पादनहरूको मैदा, पीठो र धुलो।** | |
| | ११०६.१०.०० | -शीर्षक ०७.१३ को सुकेका कोसे वनस्पति को | २० |
| | ११०६.२०.०० | -सागोको वा शीर्षक ०७.१४ का जरा वा गानाहरूको | २० |
| | ११०६.३०.०० | -भाग ८ का उत्पादनहरूको | २० |
| **१२.०३** | १२०३.००.०० | **कोप्रा (मानिसले खान अनुपयुक्त सुकाएको नरिवलको गुदी)।** | १५ |
| १२.०७ | | **अन्य तेलयुक्त दानाहरू र तेल आउने फलहरू, फुटाएका वा नफुटाएका।** | |
| | | -अन्य: | |
| | १२०७.९१.०० | --अफिमको दाना | १५ |
| | १२०७.९९.०० | --अन्य | १५ |
| १४.०१ | | **मुख्यतया बुन्न वा बाट्न (चोया वा पोयाको रूपमा) प्रयोग गरिने वनस्पति पदार्थहरू (जस्तै बाँस, राटान (लहरे ताड), नर्कट, निंगालो, रश, ओसियर र राफिया, सफा गरेको, चहकिलो पारेको वा रङाएको खाद्यान्नको पराल र लाइमको बोक्रा)** | |
| | १४०१.१०.०० | -बाँस | १० |
| | १४०१.२०.०० | -राटान (लहरे ताड) | १० |
| | १४०१.९०.०० | -अन्य | १० |
| १४.०४ | | **अन्यत्र उल्लेख वा समावेश नभएका वनस्पति उत्पादनहरू।** | |
| | १४०४.२०.०० | -कपासको मसिनो भुवा (लिन्टर्स) | ५ |

| | | | |
|---|---|---|---|
| | | -अन्यः | |
| | १४०४.९०.१० | ---अर्धतयारी खयरकत्था (कत्था रस) | प्रति किलो रु.१७।- |
| | १४०४.९०.२० | ---खयर कत्था | प्रति किलो रु.१५५।- |
| | १४०४.९०.३० | ---बिँडी बेर्ने पातहरू | ५ |
| | १४०४.९०.४० | ---पानको पातहरू | १० |
| | १४०४.९०.५० | ---रुद्राक्षका दानाहरू | १० |
| | १४०४.९०.७० | ---रिट्ठा (सोपनट) | १० |
| | १४०४.९०.८० | ---अम्रिसो | १० |
| | | ---अन्यः | |
| | १४०४.९०.९९ | ----अन्य | १० |
| १५.१७ | | **मार्गारिन (कृत्रिम नौनी); शीर्षक १५.१६ अन्तर्गतका खान हुने बोसो, तेल र तिनका तैलांशबाहेक यस भागका जीवजन्तुजन्य वानस्पतिक वा सूक्ष्मजैविक (माइक्रोबियल) विभिन्न बोसो वा तेल वा तिनका तैलांशहरूको खान हुने मिश्रण वा तयारी वस्तुहरू।** | |
| | १५१७.९०.०० | -अन्य | १० |
| १६.०१ | १६०१.००.०० | **मासु, अफल मासु, रगत वा किराहरूका ससेज र यस्तै प्रकारका उत्पादनहरू; यी उत्पादनहरूमा आधारित तयारी खाद्य परिकारहरू।** | १५ |
| १६.०२ | | **अन्य तयार गरिएको वा सुरक्षित गरिएको मासु, अफल मासु, रगत र कीराहरू।** | |
| | | -शीर्षक ०१.०५ का घर पालुवा चराहरूकोः | |
| | १६०२.३१.०० | --टर्कीको | १५ |
| | १६०२.३२.०० | --कुखुरा जातका चरा (फाउल) हरूको | १५ |
| | १६०२.३९.०० | --अन्य | १५ |
| | | -सुँगुरकोः | |
| | १६०२.४१.०० | --फिला र फिलको टुक्रा | १५ |
| | १६०२.४९.०० | --अन्य, मिश्रणहरू समेतको | १५ |
| १६.०३ | १६०३.००.०० | **मासु, माछा वा झिंगेमाछा जातका जीव, बाहिरी खबटा हुने जीव वा अन्य ढाडमा हाड नहुने जलचरहरूको सार र रस।** | १५ |

| | | | |
|---|---|---|---|
| १६.०४ | | तयारी वा सुरक्षित माछा; क्याभिएर र माछाको फुलबाट तयार गरेका क्याभिएरका प्रतिस्थापकहरू। | |
| | | -माछा, सिङ्गो वा टुक्राहरूमा, तर भुजुरी नपारेकोः | |
| | १६०४.११.०० | --साल्मोन | १५ |
| | १६०४.१२.०० | --हिल्सा (हेरिङ्) हरू | १५ |
| | १६०४.१३.०० | --सार्डिनहरू, सार्डिनेला र ब्रिसलिङ वा स्प्राटहरू | १५ |
| | १६०४.१४.०० | --टुनाहरू, स्किपज्याक टुना र बनितो (सार्डा प्रजाति) | १५ |
| | १६०४.१५.०० | --म्याकारल | १५ |
| | १६०४.१६.०० | --एन्कोभिज | १५ |
| | १६०४.१७.०० | --बाम (ईल) हरू | १५ |
| | १६०४.१९.०० | --अन्य | १५ |
| | १६०४.२०.०० | -अन्य तयारी वा सुरक्षित माछा | १५ |
| | | -क्याभिएर र क्याभिएरका प्रतिस्थापकहरूः | |
| | १६०४.३२.०० | --क्याभिएरका प्रतिस्थापकहरू | १५ |
| १६.०५ | | **तयारी वा सुरक्षित झिंगेमाछा जातका जीव, बाहिरी खबटा हुने जीव र अन्य ढाडमा हाड नहुने जलचरहरू।** | |
| | १६०५.१०.०० | -गँगटो | १५ |
| | | -झिंगे माछा (स्रीम्प र प्राउन) हरूः | |
| | १६०५.२१.०० | --हावा नछिर्ने भाँडोमा नराखिएको | १५ |
| | १६०५.२९.०० | --अन्य | १५ |
| | १६०५.३०.०० | -लब्स्टर | १५ |
| | | -बाहिरी खबटा हुने जीवहरूः | |
| | १६०५.५२.०० | --घुँगी (स्कालोप) हरू, रानी घुँगी (क्वीन स्कालोप) हरू समेत | १५ |
| | १६०५.५३.०० | --मसलहरू | १५ |
| | १६०५.५४.०० | --कटल माछा र स्क्विड् | १५ |
| | १६०५.५५.०० | --अक्टोपस | १५ |
| | १६०५.५९.०० | --अन्य | १५ |
| | | -अन्य ढाडमा हाड नहुने जलचरहरूः | |
| | १६०५.६९.०० | --अन्य | १५ |

| | | | |
|---|---|---|---|
| **१७.०१** | | **ठोस रूपमा भएको उखु वा चुकन्दरको चिनी र रासायनिक तवरबाट शुद्ध गरिएको सुक्रोज।** | |
| | | -रङ्गाउने वा सुवास (स्वाद) आउने पदार्थ नमिसाएको कच्चा चिनीः | |
| | | --यस भागको उपशीर्षक द्रष्टव्य २ मा उल्लेख गरिएको उखुको चिनीः | |
| | १७०१.१३.१० | ---सख्खर (गुँड र भेलीसमेत), गुँडगट्टा | प्रति क्वीन्टल. रु.१३८।– |
| | | --उखुको अन्य चिनीः | |
| | १७०१.१४.१० | ---सख्खर (गुँड र भेलीसमेत), गुँडगट्टा | प्रति क्वीन्टल. रु.१३८।– |
| **१७.०३** | | **चिनी बनाउँदा निस्कने खुदो (मोलासेज)।** | |
| | १७०३.१०.०० | -उखुको खुदो | प्रति क्वीन्टल. रु.११०।– |
| | १७०३.९०.०० | -अन्य | प्रति क्वीन्टल. रु.११०।– |
| **१७.०४** | | कोका नभएको चिनीको मिठाई (सेतो चक्लेट सहित)। | |
| | १७०४.१०.०० | -चिनीले छोपेको वा नछोपेको वा मीठो लेप लगाएको वा नलगाएको चुइंगम। | १५ |
| | १७०४.९०.०० | -अन्य | १५ |
| **१८.०५** | १८०५.००.०० | कोकोको धुलो, चिनी वा गुलियो बनाउने पदार्थ नहालेको। | ५ |
| **१८.०६** | | चक्लेट र अरु कोको मिसिएका खाद्य परिकारहरू। | |
| | १८०६.१०.०० | -कोकोको धुलो, चिनी वा गुलियो पदार्थ हालेको। | १५ |
| | १८०६.२०.०० | -२ केजी भन्दा बढी तौलको ढिक्का (ब्लक), बाक्लो पाता (स्ल्याव) वा डण्डी (बार) को रूपमा रहेका अन्य परिकारहरू वा २ केजी भन्दा बढी तौल भएको तरल, माडा, धुलो, दानादार वा अन्य ठूलो परिमाण (बल्क) को रूपमा भाँडोमा राखिएको वा तुरुन्त वेष्ठन गरिएको (इमिडियट प्याकिङ्ग)। | १५ |

| | | | |
|---|---|---|---|
| | | -अन्य, ढिक्का, बाक्लो पाता वा डण्डीको रूपमाः | |
| | १८०६.३१.०० | --भरिएको | १५ |
| | १८०६.३२.०० | --नभरिएको | १५ |
| | | -अन्यः | |
| | १८०६.९०.१० | ---पूर्णतः निःस्नेहित (डिफ्याटेड) आधार (बेसिस) मा गणना गरिंदा, तौलमा कोकोको मात्रा ६ प्रतिशत भन्दा बढी भएको वा ६ प्रतिशत नभएपनि पूर्णरूपमा चकलेटले बाहिरपट्टि लेपित (कोटेड) गरिएको शीर्षक १९.०४ का उत्पादनहरू | १५ |
| | १८०६.९०.९० | ---अन्य | १५ |
| १९.०२ | | **स्पेगेटी, म्याकारोनी, नूडल्स, लजान्या, नाकी, रभिओली, क्यानलोनी जस्ता पकाइएका वा नपकाइएका, भरिएका वा नभरिएका (मासु वा अन्य पदार्थले) वा अन्य किसिमबाट तयार पारिएका पास्ता; तयार गरिएको वा नगरिएको कुसकुस।** | |
| | | -नपकाएको पास्ता, नभरेको (नट स्टफ्ड) वा अन्य प्रकारको तयार नगरिएकोः | |
| | १९०२.११.०० | --फुल हालेको | प्रति किलो रु.२०।- |
| | १९०२.१९.०० | --अन्य | प्रति किलो रु.२०।- |
| | १९०२.२०.०० | -पकाएको वा नपकाएको वा अन्य प्रकारले तयार गरेको भरेको पास्ता | प्रति किलो रु.२०।- |
| | १९०२.३०.०० | -अन्य पास्ता | प्रति किलो रु.२०।- |
| | १९०२.४०.०० | -कुसकुस | प्रति किलो रु.२०।- |

| | | | |
|---|---|---|---|
| १९.०४ | | **खाद्यान्नलाई वा खाद्यान्न उत्पादनहरू (जस्तै कर्न फ्लेक्स) लाई फुलाएर वा भुटेर तयार गरेको तयारी खाद्य वस्तुहरू; दाना वा साना पातला टुक्रा, वा अन्य कार्य गरिएका दाना (मैदा, दलिया र पिठो बाहेक) को स्वरूपमा भएका पहिल्यै पकाइएका वा अन्य किसिमले तयार गरिएका खाद्यान्नहरू (मकै बाहेक) अन्यत्र उल्लेख वा समावेश नभएका।** | |
| | | -खाद्यान्नलाई वा अन्य खाद्यान्न उत्पादनहरूलाई फुलाएर वा भुटेर बनाइएको तयारी खाद्य वस्तु | |
| | १९०४.१०.१० | ---पूर्णतः निःस्नेहित (डिफ्याटेड) आधार (बेसिस) मा गणना गर्दा, तौलमा कोकोको मात्रा ६ प्रतिशतभन्दा कम भएको वा चकलेटले बाहिरपट्टि पूर्ण रूपमा लेपित (कोटेड) नगरिएको उत्पादनहरू | १० |
| | | ---अन्यः | |
| | १९०४.१०.९१ | ----कर्न फ्लेक्स | १० |
| | १९०४.१०.९९ | ----अन्य | १० |
| | १९०४.२०.०० | -नभुटेको खाद्यान्नका साना पातला टुक्रा (फ्लेक्स) बाट वा नभुटेको खाद्यान्नका साना पातला टुक्रा र भुटेको खाद्यान्नका साना पातला टुक्रा वा फुल्याइएको खाद्यान्नको मिश्रणबाट बनाइएका तयारी खाद्य वस्तुहरू | १० |
| | १९०४.३०.०० | -बलगर गहुँ (उसिनेर सुकाएको एक किसिमको गहुँ) | १० |
| | | -अन्यः | |
| | १९०४.९०.९० | ---अन्य | १० |

| | | | |
|---|---|---|---|
| १९.०५ | | **कोको परेको वा नपरेको पाउरोटी, पेष्ट्री, केक, बिस्कुट र अरु रोटी सम्बन्धी सामान; कम्युनियम, वेफर्स (पकाएको रोटी बिर्कोको काम गर्ने), औषधि भर्न हुने खाली क्याप्सुल, (एम्टी क्यासे) , सिलिङ (आकृति अङ्कित) वेफर्स, राइस पेपर (तोफु, ममचा बनाउने पीठोको रोटी जस्तो पदार्थ) र अन्य यस्तै उत्पादन।** | |
| | १९०५.१०.०० | -झुरुम झुरुम हुने रोटी (क्रीप्स ब्रेड) | १५ |
| | १९०५.२०.०० | -अदुवा हालेको रोटी (जिन्जर ब्रेड) र यस्तै रोटी | १५ |
| | | -गुलियो बिस्कुटहरू; वेफलहरू र वेफरहरू: | |
| | १९०५.३१.०० | --गुलियो बिस्कुटहरू | १५ |
| | १९०५.३२.०० | --वेफलहरू र वेफरहरू | १५ |
| | १९०५.४०.०० | -दोहोराएर सेकाई कडा बनाइएको रोटी (रस्क), सेकाएको रोटी र यस्तै सेकाएका उत्पादनहरू | १५ |
| | | -अन्य: | |
| | १९०५.९०.१० | ---पिज्जा | १५ |
| | १९०५.९०.२० | ---कुरकुरे, कुरमुरे, लेज, चिजवल | प्रति किलो रु.२०।- |
| | १९०५.९०.३० | ---पापड | ५ |
| | १९०५.९०.५० | ---अन्यत्र उल्लेख नभएका विस्कुटहरू | १५ |
| | १९०५.९०.६० | ---केक, कुकिज र पेष्ट्री | १५ |
| | १९०५.९०.७० | ---पाउरोटी | १५ |
| | | ---कुरमुरे, चटपटे प्रकृतिका अन्य क्रिस्प सेभरी खाद्य उत्पादनहरु: | |
| | १९०५.९०.८१ | ----फ्राई नगरिएका | प्रति किलो रु.२०।- |
| | १९०५.९०.८९ | ----अन्य | प्रति किलो रु.२०।- |
| | १९०५.९०.९० | ---अन्य | १५ |
| २०.०१ | | भिनेगार (सिरका) वा एसिटिक एसीडद्वारा तयार गरिएको वा सुरक्षित गरिएको वनस्पति, फलफूल, काष्ठफल र खान हुने अन्य बोट बिरुवाका अङ्गहरू। | |

| | | | |
|---|---|---|---|
| | २००१.१०.०० | -काँक्राहरू र ककडीहरू, | १५ |
| | २००१.९०.०० | -अन्य | १५ |
| २०.०२ | | सिरका (भिनेगार) वा एसिटिक एसीडबाहेक अन्य तरिकाबाट तयार वा सुरक्षित गरिएको गोलभेडा। | |
| | २००२.१०.०० | -गोलभेडाहरू, सिङ्गो वा टुक्राहरू | १५ |
| | २००२.९०.०० | -अन्य | १५ |
| २०.०३ | | सिरका (भिनेगार) वा एसिटिक एसीड बाहेक अन्य तरिकाबाट तयार वा सुरक्षित गरिएको च्याउ र जमीनमूनि फल्ने च्याउ (ट्रफल)। | |
| | २००३.१०.०० | -अग्यारिकस जातका च्याउहरू | १५ |
| | २००३.९०.०० | -अन्य | १५ |
| २०.०४ | | **सिर्का (भिनिगर) वा एसिटिक एसिडबाट भन्दा भिन्दै किसिमबाट तयार वा सुरक्षित गरिएका अन्य हिमीकृत (फ्रोजन) वनस्पतिहरू, शीर्षक २०.०६ का उत्पादनहरू बाहेक।** | |
| | | -आलुहरुः | |
| | २००४.१०.१० | ---फ्रेन्च फ्राई | १५ |
| | २००४.१०.९० | ---अन्य | १५ |
| | २००४.९०.०० | -अन्य वनस्पति र वनस्पतिका मिश्रणहरू | १५ |
| २०.०५ | | **सिर्का (भिनिगर) वा एसिटिक एसिडबाट भन्दा भिन्दै किसिमबाट तयार वा सुरक्षित गरिएका, हिमीकृत नगरिएका अन्य वनस्पतिहरू, शीर्षक २०.०६ का उत्पादनहरू बाहेक।** | |
| | २००५.१०.०० | -समरुपी वनस्पति | १५ |
| | | -आलुहरुः | |
| | २००५.२०.१० | ---आलु चिप्स | प्रति के.जि. रु.१८।- |
| | २००५.२०.९० | ---अन्य | १५ |
| | २००५.४०.०० | -केराउ | १५ |
| | | -बोडी, सिमी (भिग्ना जातहरू, फासेलस जातहरू): | |
| | २००५.५१.०० | --छोडाएको बोडी, सिमी | १५ |
| | २००५.५९.०० | --अन्य | १५ |

| | | | |
|---|---|---|---|
| | २००५.६०.०० | -कुरिलो | १५ |
| | २००५.७०.०० | -जैतुन | १५ |
| | २००५.८०.०० | -गुलियो मकै (सचराटा प्रकारको जी मेज) | १५ |
| | | -अन्य वनस्पति र वनस्पतिका मिश्रणः | |
| | २००५.९१.०० | --बाँसको तामा | १५ |
| | २००५.९९.०० | --अन्य | १५ |
| २०.०६ | २००६.००.०० | **चिनीबाट सुरक्षित (पानी झिकिएको (ड्रेन्ड), चिनीको सिरपमा डुबाएर बनाएको (ग्लासे) वा चिनीको सिरप प्रवेश गराएर दानादार (क्रिस्टालाइज्ड) बनाइएको)) वनस्पतिहरू, फल, काष्ठफल, फलको बोक्रा र बोट बिरुवाका अन्य अङ्गहरू।** | १५ |
| २०.०७ | | **जामहरू, फलका जेलीहरू, मार्मालेडहरू, फल वा काष्ठफलका प्युरे र फल वा काष्ठफलको माडा (पेष्ट), पकाएर बनाइएका, चिनी वा अन्य गुलियो बनाउने पदार्थ राखिएका वा नराखिएका।** | |
| | २००७.१०.०० | -समरुपी परिकारहरू | १५ |
| | | -अन्यः | |
| | २००७.९१.०० | --सिट्रस जातका फलहरू | १५ |
| | २००७.९९.०० | --अन्य | १५ |
| २०.०८ | | **अन्य तरिकाले तयार वा सुरक्षित गरिएका फल, काष्ठफल र अन्य बोट बिरुवाको खान हुने अङ्गहरू, चिनी वा अन्य गुलियो बनाउने पदार्थ वा स्पिरिट राखिएका वा नराखिएका, अन्यत्र उल्लेख वा समावेश नभएका।** | |
| | | -काष्टफल, बदाम) मम्फली) र अरू बीजहरू, एकैसाथ मिश्रण गरिएका वा नगरिएकाः | |
| | २००८.११.०० | --बदाम (मम्फली) | १५ |
| | | --अन्य; मिश्रण समेतः | |
| | २००८.१९.१० | ---भुटेको वा भुटेर नून राखिएको चना | १५ |
| | २००८.१९.२० | ---भुटेको वा भुटेर नून राखिएको काजु | १५ |
| | २००८.१९.३० | ---भुटेको वा भुटेर नून राखिएको पिस्ता | १५ |
| | २००८.१९.४० | ---भुटेको वा भुटेर नून राखिएको बदाम | १५ |
| | २००८.१९.९० | ---अन्य | १५ |
| | २००८.२०.०० | -भुईंकटहर | १५ |

| | | | |
|---|---|---|---|
| | २००८.३०.०० | -सिट्रस जातका फलहरू | १५ |
| | २००८.४०.०० | -नास्पाती | १५ |
| | २००८.५०.०० | -खुर्पानी | १५ |
| | २००८.६०.०० | -पैयुँ | १५ |
| | २००८.७०.०० | -आरु, नेक्टारिन जातिको आरु समेत | १५ |
| | २००८.८०.०० | -स्ट्रबेरीहरू | १५ |
| | | -उपशीर्षक २००८.१९ बाहेकको मिश्रण सहितको अन्य : | |
| | २००८.९१.०० | --ताडीको रुखको माथिल्लो टुप्पो (पाम हार्टस) | १५ |
| | २००८.९३.०० | --क्र्यानबेरीहरू (भ्याक्सिनियम म्याक्रोकार्पन, भ्याक्सिनियम अक्सिककस); लिङ्गनबेरीहरू (भ्याक्सिनियम भाइटिस-आइडाएअ)। | १५ |
| | २००८.९७.०० | --मिश्रणहरू | १५ |
| | | --अन्य: | |
| | २००८.९९.९० | ---अन्य | १५ |
| २०.०९ | | **चिनी वा अन्य गुलियो पार्ने पदार्थ हालेको वा नहालेको, स्प्रीट नहालेको र नकुहाएको फलफूल वा सुक्खाफलको रस (जुस) (अङ्गुरको काँचो रस र नरिवलको पानी समेत) र वानस्पतिक रस (जुस)हरू।** | |
| | | -सुन्तलाको रस (जुस): | |
| | २००९.११.०० | --हिमीकृत (फ्रोजेन) | प्रति लिटर रु.१३।५० |
| | २००९.१२.०० | --हिमीकृत नगरिएको, ब्रिक्स मूल्य २० ननाघेको | प्रति लिटर रु.१३।५० |
| | २००९.१९.०० | --अन्य | प्रति लिटर रु.१३।५० |
| | | -भोगटेको रस (जुस); पमेलोको रस (जुस): | |
| | २००९.२१.०० | --ब्रिक्स मूल्य २० ननाघेको | प्रति लिटर रु.१३।५० |
| | २००९.२९.०० | --अन्य | प्रति लिटर रु.१३।५० |
| | | -अन्य कुनै एकल सिट्रस फलको रस (जुस): | |

| | | | |
|---|---|---|---|
| | २००९.३१.०० | --ब्रिक्स मूल्य २० ननाघेको | प्रति लिटर रु.१३।५० |
| | २००९.३९.०० | --अन्य | प्रति लिटर रु.१३।५० |
| | | -भुईकटहरको रस (जूस): | प्रति लिटर रु.१३।५० |
| | २००९.४१.०० | --ब्रिक्स मान २० ननाघेको | प्रति लिटर रु.१३।५० |
| | २००९.४९.०० | --अन्य | प्रति लिटर रु.१३।५० |
| | २००९.५०.०० | -गोलभेडाको रस (जूस) | प्रति लिटर रु.१३।५० |
| | | -अङ्गुरको रस (ग्रेप जूस) (अङ्गुरको काँचो रस) (ग्रेप मष्ट) समेत: | |
| | २००९.६१.०० | --ब्रिक्स मूल्य ३० ननाघेको | प्रति लिटर रु.१३।५० |
| | २००९.६९.०० | --अन्य | प्रति लिटर रु.१३।५० |
| | | -स्याउको रस (जुस) : | |
| | २००९.७१.०० | --ब्रिक्स मूल्य २० ननाघेको | प्रति लिटर रु.१३।५० |
| | २००९.७९.०० | --अन्य | प्रति लिटर रु.१३।५० |
| | | -अन्य कुनै एउटै फलफूल, काष्ठफल वा वनस्पतिको रस (**जुस**): | |
| | २००९.८१.०० | --क्र्यानबेरी (भ्याक्सिनियम म्याक्रोकार्पन, भ्याक्सिनियम अक्सिककस) को रस(जुस); लिङ्गनबेरी (भ्याक्सिनियम भाइटिस-आइडाएअ) को रस(जुस): | प्रति लिटर रु.१३।५० |
| | | --अन्य: | |
| | २००९.८९.१० | ---आँपको रस(जुस) | प्रति लिटर रु.१३।५० |
| | २००९.८९.९० | ---अन्य | प्रति लिटर रु.१३।५० |
| | २००९.९०.०० | -रस (जुस)का मिश्रणहरू | प्रति लिटर रु.१३।५० |

| | | | |
|---|---|---|---|
| २१.०१ | | **कफी, चिया वा माटेइको सार, सत्त्व र सान्द्रहरू (एक्सट्र्याक्ट्स, एस्सेन्स र कन्सन्ट्रेट्स्) र यिनै उत्पादनहरूको आधारमा वा कफी, चिया वा माटेइको आधारमा बनाइएका परिकारहरू; भुटिएको चिकोरीहरू र अरू भुटिएका कफी प्रतिस्थापकहरू र तिनका सार, सत्त्व र सान्द्रहरू।** | |
| | | -कफीको सार, सत्त्व र सान्द्रहरू र यी सार, सत्त्व वा सान्द्रको आधारमा वा कफीको आधारमा बनाइएका परिकारहरू: | |
| | २१०१.११.०० | --सार, सत्व र सान्द्रहरू | १० |
| | २१०१.१२.०० | --सार, सत्त्व वा सान्द्रहरूको आधारमा वा कफीको आधारमा बनाइएका परिकारहरू | १० |
| | २१०१.२०.०० | -चिया वा माटेइको सार, सत्त्व र सान्द्रहरू र यिनै सार, सत्त्व वा सान्द्रहरूको आधारमा वा चिया वा माटेइको आधारमा बनाइएका परिकारहरू | १० |
| | २१०१.३०.०० | -भुटिएको चिकोरी र भुटिएका कफी प्रतिस्थापकहरू र तिनीहरूका सार सत्त्व र सान्द्रहरू | १० |
| २१.०३ | | **सस र ससको लागि चाहिने परिकारहरू; स्वादिष्ठ पार्ने मिश्रित मसला (कन्डिमेन्ट र सिजनिङ्ग)हरू; सर्स्यूँको मैदा, पिठो र तयारी सर्स्युँ।** | |
| | २१०३.३०.०० | -सर्स्यूँको पिठो र मैदा र तयारी सर्स्यूँ | १० |
| २१.०५ | २१०५.००.०० | **कोको भएको वा नभएको आइसक्रिम र अन्य खानयोग्य आइस।** | ३० |
| २१.०६ | | **अन्यत्र उल्लेख वा समावेश नभएका खाद्य परिकारहरू।** | |
| | | -अन्य: | |
| | २१०६.९०.१० | --दालमोठ, नमकिन, भुजिया र चमेना | ५ |
| | २१०६.९०.२० | सुर्तीरहित पान मसला | प्रति किलो रु.८७५।- |
| | २१०६.९०.६० | सुर्ती रहित सुगन्धित सुपारी | प्रति किलो रु.३७५।- |

| | | | |
|---|---|---|---|
| २२.०२ | | **पानी, खनिज पानी र वायु प्रवाहित पानी (एरेटेड वाटर) समेत, चिनी वा अन्य गुलियो पार्ने पदार्थ हालेको वा स्वादिष्ठ बनाइएको, र अन्य अल्कोहलरहित पेय पदार्थहरू, शीर्षक २०.०९ को फल, काष्ठफल वा वनस्पतिको रसबाहेक।** | |
| | | -अन्यः | |
| | २२०२.९१.०० | --अल्कोहल रहित बियर | प्रति लिटर रु.४५।- |
| | | --अन्यः | |
| | २२०२.९९.१० | ---ईनर्जी ड्रिक्स | प्रति लिटर रु.५२।- |
| | २२०२.९९.२० | ---हल्का पेयपदार्थ | प्रति लिटर रु.२५।- |
| | २२०२.९९.३० | ---बास्नायुक्त दूधका | प्रति लिटर रु.२५।- |
| | २२०२.९९.९० | ---अन्य | प्रति लिटर रु.२५।- |
| **२२.०३** | | **माल्टबाट बनाइएको बियरः** | |
| | २२०३.००.१० | ---५ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.२४०।- |
| | २२०३.००.२० | ---५ प्रतिशतभन्दा बढी भएको | प्रति लिटर रु.२४०।- |
| २२.०४ | | ताजा अङ्गुरको वाइन र अल्कोहल हाली सुरक्षित गरिएको (फोर्टिफाइड) वाइन समेत शीर्षक २०.०९ को बाहेक अङ्गुरको काँचो रस (ग्रेप मस्ट) | |
| | | -स्पार्कलिङ्ग वाइनः | |
| | २२०४.१०.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०४.१०.२० | ---१२ प्रतिशत भन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०४.१०.३० | ---१७ प्रतिशत भन्दा बढी अल्कोहल भएको | प्रति लिटर रु.५३५।- |
| | | -अन्य वाइन; अल्कोहल हालेर खमिरीकरण हुन नदिइएको वा रोकिएको अङ्गुरको काँचो रसः | |

| | | | |
|---|---|---|---|
| | | --२ लिटर वा कम जाने भाँडोमा रहेकोः | |
| | २२०४.२१.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०४.२१.२० | ---१२ प्रतिशत भन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०४.२१.३० | ---१७ प्रतिशत भन्दा बढी अल्कोहल भएको | प्रति लिटर रु.५३५।- |
| | | --२ लिटर भन्दा बढी तर १० लिटर ननाघ्ने भाँडोमा रहेकोः | |
| | २२०४.२२.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०४.२२.२० | ---१२ प्रतिशत भन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०४.२२.३० | ---१७ प्रतिशत भन्दा बढी अल्कोहल भएको | प्रति लिटर रु.५३५।- |
| | | --अन्यः | |
| | २२०४.२९.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०४.२९.२० | ---१२ प्रतिशत भन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०४.२९.३० | ---१७ प्रतिशत भन्दा बढी अल्कोहल भएको | प्रति लिटर रु.५३५।- |
| | | -अन्य अङ्गुरको काँचो रस (ग्रेप मस्ट)ः | |
| | २२०४.३०.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०४.३०.२० | ---१२ प्रतिशत भन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०४.३०.३० | ---१७ प्रतिशत भन्दा बढी अल्कोहल भएको | प्रति लिटर रु.५३५।- |
| २२.०५ | | **भरमाउथ र बिरुवा वा अन्य वास्नायुक्त तत्त्वहरूबाट स्वादिष्ठ बनाइएको ताजा अङ्गुरको अन्य वाइन।** | |
| | | -२ लिटर वा कम जाने भाडामा रहेकोः | |
| | २२०५.१०.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०५.१०.२० | ---१२ प्रतिशत भन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |

| | | | |
|---|---|---|---|
| | २२०५.१०.३० | ---१७ प्रतिशत भन्दा बढी अल्कोहल भएको | प्रति लिटर रु.५३५।- |
| | | -अन्यः | |
| | २२०५.९०.१० | ---१२ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०५.९०.२० | ---१२ प्रतिशत भन्दा बढी १७ प्रतिशतसम्म अल्कोहल भएको | प्रति लिटर रु.४६०।- |
| | २२०५.९०.३० | ---१७ प्रतिशत भन्दा बढी अल्कोहल भएको | प्रति लिटर रु.५३५।- |
| २२.०६ | | **अन्य खमिरीकृत (फर्मेण्टेड) पेय पदार्थहरू (उदाहरणको लागि, साइडर, पेरी, मिड, साके); खमिरीकृत पेय पदार्थका मिश्रणहरू र खमिरीकृत पेय पदार्थ र अलकोहल रहित पेय पदार्थका मिश्रणहरू, अन्यत्र उल्लेख वा समावेश नभएका।** | |
| | २२०६.००.१० | ---छ्याङ्ग (कन्ट्री बियर) | प्रति लिटर रु.४८।- |
| | २२०६.००.२० | ---सेम्पेन, सेरी, मिड, पेरी, साइडर | प्रति लिटर रु.५१६।- |
| | २२०६.००.३० | ---साके | प्रति लिटर रु.५१६।- |
| | २२०६.००.४० | ---१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको जडिबुटी मिश्रित मदिरा, कक्टेल (अल्कोहलिक र अल्कोहलिक/नन्अल्कोहलिक मिश्रण) तथा अन्य फर्मेण्टेड मदिराहरू | प्रति लिटर रु.५१६।- |
| | २२०६.००.९० | ---अन्य | प्रति लिटर रु.५१६।- |
| २२.०७ | | **आयतनको हिसाबले ८० प्रतिशत वा सोभन्दा उच्च अल्कोहल शक्ति भएको अविकृत (अन्डिनेचर्ड) इथाइल अल्कोहल; जुनसुकै अल्कोहल शक्ति भएको विकृत (डिनेचर्ड) इथाइल अल्कोहल र अन्य स्पिरिट।** | |
| | | -आयतनको हिसाबले ८० प्रतिशत वा सोभन्दा उच्च अल्कोहल शक्ति भएको अविकृत (अन्डिनेचर्ड) इथाइल अल्कोहलः | |

| | | | |
|---|---|---|---|
| | २२०७.१०.१० | ---अविकृत (अनडिनेचर्ड) इथाइल अल्कोहल | प्रति लिटर रु.८०।- |
| | २२०७.१०.२० | ---मदिराको कच्चा पदार्थको रूपमा प्रयोग हुने रेक्टिफाइड स्पिरिट | प्रति लिटर रु.८०।- |
| | २२०७.१०.३० | ---ई.एन.ए. (एक्स्ट्रा न्युट्रल अल्कोहल) | प्रति लिटर रु.९०।- |
| | २२०७.१०.४० | ---एनहाइड्रस इथानोल (९९ प्रतिशतभन्दा बढी अल्कोहल भएको) | प्रति लिटर रु.१२।- |
| | २२०७.१०.९० | ---अन्य | प्रति लिटर रु.९०।- |
| | | -जतिसुकै अल्कोहल शक्ति भएको विकृत (डिनेचर्ड) इथाइल अल्कोहल र अन्य स्पिरिटः | |
| | २२०७.२०.१० | ---विकृत (डिनेचर्ड) स्पिरिट (८० देखि ९९ प्रतिशतसम्म अल्कोहल भएको) | प्रति लिटर रु.३५।- |
| | २२०७.२०.९० | --<br>-अन्य | प्रति लिटर रु.९०।- |
| २२.०८ | | **आयतनको हिसाबले ८० प्रतिशतभन्दा कम अल्कोहल शक्ति भएको अविकृत (अन्डिनेचर्ड) इथाइल अल्कोहल; स्पिरिटहरू, लिकरहरू र अन्य स्पिरिटयुक्त पेय पदार्थहरू।** | |
| | | -अङ्गुरको वाइन वा अङ्गुरको मार्कलाई आसवन (डिस्टिलिङ्ग) गरी निकालिएका स्पिरिटहरूः | |
| | २२०८.२०.१० | ---ब्राण्डीको कच्चा पदार्थको रूपमा प्रयोग हुने सबै प्रकारका मादक द्रबहरू (स्प्रिट समेत) | प्रति लिटर रु.२३५।- |
| | | ---अन्यः | |
| | २२०८.२०.९१ | ----१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ब्राण्डी | प्रति लिटर रु.१८६०।-<br><br>प्रति एल.पि. लिटर रु.२१८८।- |

| | | | |
|---|---|---|---|
| | २२०८.२०.९२ | ----२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ब्राण्डी | प्रति लिटर रु.१३९०।-<br><br>प्रति एल.पि. लिटर रु.१८५३।- |
| | २२०८.२०.९३ | ----३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ब्राण्डी | प्रति लिटर रु.१२९०।-<br><br>प्रति एल.पि. लिटर रु.१८४३।- |
| | २२०८.२०.९९ | ----अन्य | प्रति लिटर रु.१८६०।-<br><br>प्रति एल.पि. लिटर रु.२१८८।- |
| | | -ह्वीस्कीहरुः | |
| | २२०८.३०.१० | ---ह्वीस्कीको कच्चा पदार्थको रूपमा प्रयोग हुने मादक द्रबहरू (स्प्रिट समेत) | प्रति लिटर रु.२३५।- |
| | | ---अन्यः | |
| | २२०८.३०.९१ | ----१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ह्विस्की | प्रति लिटर रु.१८६०।-<br><br>प्रति एल.पि. लिटर रु.२१८८।- |
| | २२०८.३०.९२ | ----२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ह्विस्की | प्रति लिटर रु.१३९०।-<br><br>प्रति एल.पि. लिटर रु.१८५३।- |
| | २२०८.३०.९३ | ----३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी ह्विस्की | प्रति लिटर रु.१२९०।-<br><br>प्रति एल.पि. लिटर रु.१८४३।- |
| | २२०८.३०.९९ | ----अन्य | प्रति लिटर रु.१८६०।-<br><br>प्रति एल.पि. लिटर रु.२१८८।- |

| | | | |
|---|---|---|---|
| | | -उखुको खमिरीकृत (फर्मेन्टेड) उत्पादनहरूलाई आसवन (डिस्टिलिङ्ग) गरी निकालिएको रम र अन्य स्पिरिटहरू: | |
| | २२०८.४०.१० | --रम र अन्य स्पिरिटहरूको कच्चा पदार्थको रूपमा प्रयोग हुने स्पिरिट समेतका मादक द्रवहरू | प्रति लिटर रु.२३५।- |
| | | ---अन्यः | |
| | २२०८.४०.९१ | ----१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी रम र अन्य तयारी स्पिरिटहरू | प्रति लिटर रु.१८६०।- प्रति एल.पि. लिटर रु.२१८८।- |
| | २२०८.४०.९२ | ----२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी रम र अन्य तयारी स्पिरिटहरू | प्रति लिटर रु.१३९०।- प्रति एल.पि. लिटर रु.१८५३।- |
| | २२०८.४०.९३ | ----३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी रम र अन्य तयारी स्पिरिटहरू | प्रति लिटर रु.१२९०।- प्रति एल.पि. लिटर रु.१८४३।- |
| | २२०८.४०.९९ | ----अन्य | प्रति लिटर रु.१८६०।- प्रति एल.पि. लिटर रु.२१८८।- |
| | | -जीन र जनिभाः | |
| | २२०८.५०.१० | ---जीन र जनिभाको कच्चा पदार्थको रूपमा प्रयोग मादक द्रबहरू (स्प्रिट समेत) | प्रति लिटर रु.२३५।- |
| | | ---अन्यः | |
| | २२०८.५०.९१ | ----१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी जीन र जनिभा | प्रति लिटर रु.१८६०।- प्रति एल.पि. लिटर रु.२१८८।- |
| | २२०८.५०.९२ | ----२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी जीन र जनिभा | प्रति लिटर रु.१३९०।- प्रति एल.पि. लिटर रु.१८५३।- |

| | | | |
|---|---|---|---|
| | २२०८.५०.९३ | ----३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी जीन र जनिभा | प्रति लिटर रु.१२९०।- प्रति एल.पि. लिटर रु.१८४३।- |
| | २२०८.५०.९९ | ----अन्य | प्रति लिटर रु.१८६०।- प्रति एल.पि. लिटर रु.२१८८।- |
| | | -भोड्काः | |
| | २२०८.६०.१० | ---भोड्काको कच्चा पदार्थको रूपमा प्रयोग मादक द्रबहरू (स्प्रिट समेत) | प्रति लिटर रु.२३५।- |
| | | ---अन्यः | |
| | २२०८.६०.९१ | ----१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी भोड्का | प्रति लिटर रु.१८६०।- प्रति एल.पि. लिटर रु.२१८८।- |
| | २२०८.६०.९२ | ----२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी भोड्का | प्रति लिटर रु.१३९०।- प्रति एल.पि. लिटर रु.१८५३।- |
| | २२०८.६०.९३ | ----३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी भोड्का | प्रति लिटर रु.१२९०।- प्रति एल.पि. लिटर रु.१८४३।- |
| | २२०८.६०.९९ | ----अन्य | प्रति लिटर रु.१८६०।- प्रति एल.पि. लिटर रु.२१८८।- |
| | | -लिकरहरू र कर्डियलहरूः | |
| | २२०८.७०.१० | --लिकरहरू र कर्डियलहरूको कच्चा पदार्थको रूपमा प्रयोग हुने मादक द्रवहरू (स्पिरिट समेत) | प्रति लिटर रु.२३५।- |
| | २२०८.७०.२० | --मदिरा मिश्रित तयारी पेय (पाँच प्रतिशतसम्म अल्कोहलको मात्र भएको) | प्रति लिटर रु २४०।- |
| | | ---अन्यः | |

| | | | |
|---|---|---|---|
| | २२०८.७०.९१ | ----१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी लिकर र कर्डियल | प्रति लिटर रु.१८६०।- प्रति एल.पि. लिटर रु.२१८८।- |
| | २२०८.७०.९२ | ----२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी लिकर र कर्डियल | प्रति लिटर रु.१३९०।- प्रति एल.पि. लिटर रु.१८५३।- |
| | २२०८.७०.९३ | ----३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) तयारी लिकर र कर्डियल | प्रति लिटर रु.१२९०।- प्रति एल.पि. लिटर रु.१८४३।- |
| | २२०८.७०.९९ | ----अन्य | प्रति लिटर रु.१८६०।- प्रति एल.पि. लिटर रु.२१८८।- |
| | | -अन्यः | |
| | २२०८.९०.१० | ---अन्य मदिराको कच्चा पदार्थको रूपमा प्रयोग हुने मादक द्रबहरू (स्प्रिट समेत) | प्रति लिटर रु.२३५।- |
| | | ---अन्यः | |
| | २२०८.९०.९१ | ----१५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.१८६०।- प्रति एल.पि. लिटर रु.२१८८।- |
| | २२०८.९०.९२ | ----२५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.१३९०।- प्रति एल.पि. लिटर रु.१८५३।- |
| | २२०८.९०.९३ | ----३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.१२९०।- प्रति एल.पि. लिटर रु.१८४३।- |
| | २२०८.९०.९४ | ----४० यु.पि. शक्तिको (३४.२३ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.६५०।– प्रति एल.पि. लिटर रु.१०८३।– |

| | | | |
|---|---|---|---|
| | २२०८.९०.९५ | ----५० यु.पि. शक्तिको (२८.५३ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.४९०।– प्रति एल.पि. लिटर रु.९८०।– |
| | २२०८.९०.९६ | ----७० यु.पि. शक्तिको (१७.१२ प्रतिशत अल्कोहलको मात्रा भएको) | प्रति लिटर रु.६०।– प्रति एल.पि. लिटर रु.२००।– |
| | २२०८.९०.९९ | ----अन्य | प्रति लिटर रु.१८६०।- प्रति एल.पि. लिटर रु.२१८८।- |
| | **<u>द्रष्टव्य</u>** | तर आयातित मदिराको हकमा माथि उल्लिखित दरबन्दीमा तोकिएको अल्कोहलको मात्रामा एक प्रतिशत सम्म फरक भएमा सोही दरबन्दी लाग्नेछ र एक प्रतिशत भन्दा बढी फरक भएमा नजिकको उच्चदरको दरबन्दी अनुसार अन्तःशुल्क लगाई असुल उपर गरिनेछ। | |
| **२३.०९** | | **जीवजन्तुको आहारको रूपमा प्रयोग हुने तयारी वस्तुहरू।** | |
| | २३०९.१०.०० | -खुद्रा बिक्रीको लागि राखिएको कुकुर वा बिरालाको खाना | २० |
| २४.०१ | | अनिर्मित (अन्म्यानुफ्याक्चर्ड) सुर्ती; सुर्तीको अवशेष | |
| | २४०१.१०.०० | -डाँठबाट नछुट्याइएको वा ननिकालिएको सुर्ती (नट स्टेम्ड/स्ट्रीप्ड) | प्रति कि.ग्रा. रु.१३०।- |
| | २४०१.२०.०० | -आंशिक वा पूर्णरूपमा डाँठबाट छुट्याइएको वा निकालिएको सुर्ती (स्टेम्ड/ स्ट्रीप्ड) | प्रति किलो ग्राम रु.१३०।- |
| | २४०१.३०.०० | -सुर्तीको अवशेष | प्रति किलो ग्राम रु.१३०।- |
| २४.०२ | | **सुर्ती वा सुर्तीको प्रतिस्थापकबाट बनेका सिगार, सेरूट, सानो सिगार (सिगारिलो) र चुरोट।** | |

| | | | |
|---|---|---|---|
| | २४०२.१०.०० | -सुर्ती भएका सिगार, सेरूट र सानो सिगार (सिगारिलो) | प्रति खिल्ली रु.३१।- |
| | | -सुर्तीको चुरोट (सिगरेट): | |
| | २४०२.२०.१० | ---फिल्टर नभएको | प्रति एम रु.७७८।– |
| | | ---फिल्टर भएको: | |
| | २४०२.२०.२१ | ----७० मि.मि. सम्म लम्बाइको | प्रति एम रु.१७९२।- |
| | २४०२.२०.२२ | ----७० भन्दा बढी ७५ मि.मि. सम्म लम्बाइको | प्रति एम रु.२४४१।- |
| | २४०२.२०.२३ | ----७५ भन्दा बढी ८५ मि.मि. सम्म लम्बाइको | प्रति एम रु.३२१३।- |
| | २४०२.२०.२४ | ----८५ मि.मि. भन्दा बढी लम्बाइको | प्रति एम रु.४४१०।- |
| | | -अन्य: | |
| | २४०२.९०.१० | ---तयारी बिंडी | प्रति एम रु.९६।- |
| | २४०२.९०.२० | ---सबै प्रकारका सिगार | प्रति खिल्ली रु.३१।- |
| | २४०२.९०.९० | ---अन्य | प्रति खिल्ली रु.३१।- |
| २४.०३ | | **अन्य निर्मित (म्यानुफ्याक्चर्ड) सुर्ती र निर्मित (म्यानुफ्याक्चर्ड) सुर्तीका प्रतिस्थापकहरू; "समरुपी (होमाजिनाइज्ड)" वा "पुनर्निर्मित (रिकन्स्टिचूएटेड)" सुर्ती; सुर्तीको सार र सत्त्वहरू।** | |
| | | -कुनै पनि अनुपातमा सुर्तीको प्रतिस्थापक भएको वा नभएको धूमपान गर्ने सुर्ती: | |
| | २४०३.११.०० | --यस भागको उपशीर्षक द्रष्टव्य १ मा उल्लिखित तमाखु (वाटर पाइप टोबाको) | प्रति कि.ग्रा. रु.२०००।- |
| | | --अन्य: | |
| | २४०३.१९.१० | ---पाइप टोबाको | प्रति कि.ग्रा. रु.२०००।- |
| | २४०३.१९.२० | --चुरोट तथा बिडीको लागि प्रशोधित सुर्ती | प्रति कि.ग्रा. रु.३५०।- |
| | २४०३.१९.९० | ---अन्य | प्रति कि.ग्रा. रु.३५०।- |

| | | | |
|---|---|---|---|
| | | -अन्यः | |
| | २४०३.९१.०० | --समरुपी (होमोजिनाइज्ड) वा पुनर्निर्मित (रिकन्स्टिचूएटेड) सुर्ती | प्रति कि.ग्रा. रु.५००।- |
| | | --अन्यः | |
| | २४०३.९९.१० | ---जर्दा, खैनी, नस (स्नफ), गुट्खा र यस्तै सुर्ती मिश्रित तयारी वस्तुहरू | प्रति कि.ग्रा. रु.८८०।- |
| | २४०३.९९.२० | ---खुद्रा बिक्रीको लागि नराखिएको काटिएको सुर्ती (कट् टोबाको); धुलो सुर्ती (डस्ट टोबाको) | प्रति कि.ग्रा. रु.४८०।- |
| | २४०३.९९.३० | ---चूना मिलाई खाने खुद्रा बिक्रीको लागि प्याकिङ्ग गरिएको सुर्ती | प्रति कि.ग्रा. रु.५२०।- |
| | | --अन्यः | |
| | | ---अन्यः | |
| | २४०३.९९.९१ | ----हुक्का फ्लेवर | प्रति कि.ग्रा. रु.१५००।- |
| | २४०३.९९.९९ | ----अन्य | प्रति कि.ग्रा. रु.१५००।- |
| २४.०४ | | **दहन नगरी सासले तान्ने उद्देश्यले बनाइएका सुर्ती, पुनर्निर्मित सुर्ती, निकोटिन, सुर्ती वा निकोटिनका प्रतिस्थापकहरू भएका उत्पादनहरू; मानिसको शरीरमा निकोटिन प्रवेश गराउने उद्देश्यले बनाइएका अन्य निकोटिन भएका उत्पादनहरू** | |
| | | -दहन नगरी सासले तान्ने उद्देश्यले बनाइएका उत्पादनहरूः | |
| | २४०४.११.०० | --सुर्ती भएको वा पुनर्निर्मित सुर्ती | ४० प्रतिशत |
| | २४०४.१२.०० | --अन्य, निकोटिन भएकोः | |
| | २४०४.१२.१० | ---विद्युतीय चुरोट (भेप) | ४० प्रतिशत |
| | २४०४.१२.२० | ---अन्य | ४० प्रतिशत |
| | २४०४.१९.०० | --अन्य | ४० प्रतिशत |
| | २४०४.९१.०० | --मुखबाट (ओरल) प्रयोगको लागि | ४० प्रतिशत |
| | २४०४.९२.०० | --छालाको माध्यमबाट (ट्रान्सडर्मल) प्रयोगको लागि | ४० प्रतिशत |
| | २४०४.९९.०० | --अन्य | ४० प्रतिशत |

| | | | |
|---|---|---|---|
| २५.१५ | | **करौंतीले वा अन्य तरिकाले ढिक्का वा पाताको रूपमा आयाताकार (वर्गाकार समेत) स्वरूपमा मोटामोटी छाँटिएको वा नछाँटिएको वा केवल काटिएको वा नकाटिएको, विशिष्ट गुरुत्व २.५ वा बढी भएको सङ्गमर्मर (मार्वल), ट्राभरटिन, इकोजिन र स्मारक वा भवन बनाउने अन्य चूनयुक्त ढुङ्गा र एलावाष्टर (स्फटिक ढुङ्गा)।** | |
| | | -सङ्गमर्मर (मार्वल) र ट्राभरटिनः | |
| | | --करौंतिद्वारा वा अरू किसिमले आयाताकार (वर्गाकार समेत) स्वरूपमा ढिक्का वा पाताका रूपमा केवल काटेकोः | |
| | २५१५.१२.२० | ---पाता (स्ल्याब) | २५ |
| | २५१५.१२.९० | ---अन्य | २५ |
| | २५१५.२०.०० | –इकोजिन वा अन्य चून मिश्रित स्मारक वा भवन बनाउने ढुङ्गा र एलावाष्टर (स्फटिक ढुङ्गा) | २५ |
| २५.१६ | | **करौंतीले वा अन्य तरिकाले ढिक्का वा पाताको रूपमा आयाताकार (वर्गाकार समेत) स्वरूपमा मोटामोटी छाँटिएको वा नछाँटिएको वा केवल काटिएको वा नकाटिएको ग्रेनाइट ,पर्फाइरी, बेसाल्ट, बलौटे ढुङ्गा र स्मारक वा भवन बनाउने अन्य ढुङ्गा।** | |
| | | -ग्रेनाइटः | |
| | | --करौंतिद्वारा वा अरू किसिमले आयाताकार (वर्गाकार समेत) स्वरूपमा ढिक्का वा पाताका रूपमा केवल काटेकोः | |
| | २५१६.१२.२० | ---पाता (स्ल्याब) | २५ |
| | २५१६.१२.९० | ---अन्य | २५ |
| | | -बलौट ढुङ्गाः | |
| | २५१६.२०.१० | ---टुक्र्याइएका वा नटुक्र्याइएका गिट्टी र बाटुलिएका ढुङ्गाहरू (पेवल्स), २.५ इञ्चसम्मका | २५ |
| | २५१६.२०.२० | ---टुक्र्याइएका वा नटुक्र्याइएका २.५ इञ्चभन्दा बढीका ढुङ्गाहरू | २५ |

| | | | |
|---|---|---|---|
| | २५१६.२०.३० | ---टुक्र्याइएका वा नटुक्र्याइएका ढुङ्गाहरू र बालुवाको मिश्रण, छर्रा | २५ |
| | २५१६.९०.०० | -अन्य स्मारक वा भवन बनाउने ढुङ्गा | २५ |
| २५.२३ | | **पोर्टलेण्ड सिमेण्ट, आलुमिनस सिमेण्ट, स्ल्याग सिमेण्ट, सुपर सल्फेट सिमेण्ट र यस्तै हाइड्रोलिक सिमेण्टहरू, रङ्गीन वा रङ्गहीन अथवा क्लिन्कर को रूपमा।** | |
| | | -पोर्टल्याण्ड सिमेण्टः | |
| | २५२३.२१.०० | --कृत्रिम रूपले रङ्गाएको वा नरङ्गाएको सेतो सिमेण्ट | ५ |
| | २५२३.२९.०० | --अन्य | ५ |
| | २५२३.३०.०० | -आलुमिनस सिमेण्ट | ५ |
| | २५२३.९०.०० | -अन्य हाइड्रोलिक सिमेण्ट | ५ |
| ३२.०८ | | **अजलीय माध्यममा परिक्षेपित (डिस्पर्स्ड) वा घुलित (डिजल्भ्ड) संश्लेषित पोलिमरहरू वा रासायनिक ढङ्गबाट परिवर्तित (मोडिफाइड) प्राकृतिक पोलिमरहरूमा आधारित रङ्गलेप (पेन्ट)हरू र रोगन (बार्निस)हरू (इनामेल र प्रलाक्षहरू समेत); यस भागको द्रष्टव्य ४ मा परिभाषा गरे अनुसारका घोल (सोल्यूशन) हरू।** | |
| | ३२०८.१०.०० | -पोलिष्टरहरूमा आधारित | ७ |
| | ३२०८.२०.०० | -एक्रेलिक वा भिनाइन पोलिमरहरूमा आधारित | ७ |
| | ३२०८.९०.०० | -अन्य | ७ |
| ३२.०९ | | **जलीय माध्यममा परिक्षेपित (डिस्पर्स्ड) वा घुलित (डिजोल्भ्ड) संश्लेषित (कृत्रिम) पोलिमरहरू वा रासायनिक तवरले परिवर्तन गरिएको प्राकृतिक पोलिमरहरूमा आधारित रङ्गलेप र रोगनहरू (इनामेल र प्रलाक्षहरू समेत)।** | |
| | | -एक्रेलिक वा भिनाइल पोलिमरमा आधारितः | |
| | ३२०९.१०.१० | ---एक्रेलिक इमुल्सन | ७ |
| | ३२०९.१०.९० | ---अन्य | ७ |
| | ३२०९.९०.०० | -अन्य | ७ |

| | | | |
|---|---|---|---|
| ३२.१० | | **अन्य रङ्गलेप (पेन्ट) हरू र रोगन (बार्निस) हरू (इनामेल, प्रलाक्ष (ल्याकर) र डिस्टेम्पर समेत); छाला परिष्कृत गर्ने काममा प्रयोग हुने खालका तयारी जलीय वर्णक (वाटर पिगमेन्ट) हरू** | |
| | ३२१०.००.१० | ---सडकमा चिन्ह लगाउने थर्मोप्लाष्टिक रङ्गलेप (थर्मोप्लाष्टिक रोड मार्किङ्ग मेटेरियल) | ७ |
| | ३२१०.००.९० | ---अन्य | ७ |
| ३२.१४ | | **काँचकर्मी (ग्लेजियर) को पुटिन, ग्राफ्टीङ्ग पुटिन, रेजिन सिमेन्ट, संधिबन्धक (ककिङ्ग) यौगिकहरू र अन्य खोटो (मास्टिक) हरू; चित्रकारको भरौट (फिलिङ्ग) हरू; मोहडा (फेसाड), भित्री भित्ताहरू, भुईंहरू र भित्री छत (सिलिङ्ग)हरू र यस्तै ठाउँको लागि सतहको किरण परावर्तन निरोधक उत्पादनहरू।** | |
| | ३२१४.१०.०० | -काँचकर्मी (ग्लेजियर) को पुटिन, ग्राफ्टीङ्ग पुटिन, रेजिन सिमेण्टहरू, सन्धिबन्धक (ककिङ्ग) यौगिकहरू र अन्य खोटो (मास्टिक)हरू; चित्रकार (पेण्टर) को भरौट (फिलिङ्)हरू | ५ |
| | ३२१४.९०.०० | -अन्य | ५ |
| ३३.०२ | | **उद्योगमा कच्चापदार्थको रूपमा प्रयोग गरिने खालका सुगन्धयुक्त तत्त्वहरूका मिश्रणहरू र एक वा बढी त्यस्ता तत्त्वहरूको आधार भएका मिश्रणहरू (अल्कोहलयुक्त घोलहरू समेत); पेय पदार्थहरूको उत्पादनका निमित्त प्रयोग हुने खालका सुगन्धयुक्त तत्त्वहरूमा आधारित अन्य तयारी वस्तुहरू।** | |
| | | -खाद्य वा पेय उद्योगमा प्रयोग हुने खालकोः | |
| | ३३०२.१०.१० | ---मद्यसारीय (अल्कोहोलिक) घोल (सोल्यूसन) हरूमा प्रयोग हुने सुगन्धयुक्त तत्त्वहरू (ओडोरिफेरश सब्सटान्सेज) | ५ |
| ३३.०३ | ३३०३.००.०० | **सुगन्धित सामग्री )पर्फ्युम) हरू र हल्का सुगन्धित पानी (ट्वाइलेट वाटर) हरू** | १५ |

| | | | |
|---|---|---|---|
| ३३.०४ | | **सौन्दर्य वा रूपसज्जा (मेक-अप) का तयारी वस्तुहरू र छालाको सुरक्षा निमित्तका तयारी वस्तुहरू (औषधिहरू बाहेक), धूप अवरोधक (सनस्क्रिन) वा घामद्वारा छाला रङाउने (सनट्यान) तयारी वस्तुहरू समेत; हात र नङको उपचार (मेनिक्योर) वा खुट्टा र नङको उपचार (पेडिक्योर) सम्बन्धी तयारी वस्तुहरू।** | |
| | ३३०४.१०.०० | -ओठ सजाउने तयारी वस्तुहरू | १५ |
| | ३३०४.२०.०० | -आँखा सजाउने तयारी वस्तुहरू | १५ |
| | | -नङ र हातको प्रसादन (मेनिक्योर) वा नङ र खुट्टाको प्रसादन (पेडिक्योर) सम्बन्धी तयारी वस्तुहरू: | |
| | ३३०४.३०.१० | ---नङ पोलिस | १५ |
| | ३३०४.३०.९० | ---अन्य | १५ |
| | | -आँखा सजाउने तयारी वस्तुहरू: | |
| | ३३०४.९१.०० | --संपीडित (कम्प्रेस्ड) गरेको वा नगरेको पाउडर | १५ |
| | | --अन्य: | |
| | ३३०४.९९.१० | ---अनुहारमा लगाउने क्रिम | १५ |
| | ३३०४.९९.३० | ---शरीरमा लगाउने लोसन | १५ |
| | ३३०४.९९.५० | ---छालाको सुरक्षाको लागि प्रयोग गरिने खुद्रा बिक्री प्याकमा रहेको पेट्रोलियम जेली | १५ |
| | ३३०४.९९.९० | ---अन्य | १५ |
| ३३.०५ | | कपालमा प्रयोग गरिने सामानहरू। | |
| | ३३०५.१०.०० | -स्याम्पूहरू | १५ |
| | ३३०५.२०.०० | -स्थायी रूपमा कपाल सिधा गर्ने वा हल्का घुमाउरो बनाउने तयारी वस्तुहरू | १५ |
| | ३३०५.३०.०० | -कपाल रङाउने प्रलाक्ष (ल्याकर) हरू | १५ |
| | | -अन्य: | |
| | ३३०५.९०.१० | ---कपालमा लगाउने तेल | १५ |
| | ३३०५.९०.२० | ---कपालमा लगाउने रङ्ग | १५ |
| | ३३०५.९०.३० | ---कपालमा लगाउने क्रिम | १५ |
| | ३३०५.९०.४० | ---कपालमा लगाउने कण्डिसनर | १५ |
| | ३३०५.९०.९० | ---अन्य | १५ |

| | | | |
|---|---|---|---|
| ३३.०६ | | **मुख वा दाँतको स्वास्थ्य र सरसफाइ (हाइजिन) निमित्तका तयारी वस्तुहरू, कृत्रिम दन्त स्थिरक लेदो र चूर्ण समेत; अलग अलग खुद्रा प्याकेजहरूमा भएको दाँतहरूको चेप सफा गर्न प्रयोग गरिने तन्तु (डेण्टल फ्लस)।** | |
| | ३३०६.१०.०० | -दन्त मञ्जनहरू (डेण्टिफ्रीसेस) | १५ |
| | ३३०६.२०.०० | -दाँतहरूको चेप सफा गर्न प्रयोग गरिने तन्तु (डेण्टल फ्लस) | १५ |
| | ३३०६.९०.०० | -अन्य | १५ |
| ३३.०७ | | **दाह्री बनाउनुभन्दा पहिला, दाह्री बनाउँदा र दाह्री बनाई सकेपछि लगाउने (प्रिशेभ, शेभिङ्ग र आफ्टरशेभ) तयारी वस्तुहरू, व्यक्तिगत गन्ध हटाउने, नुहाउने तयारी वस्तुहरू, रौं खुइल्याउने वस्तुहरू र अन्यत्र उल्लेख वा समावेश नभएका अन्य सुगन्धित, शृङ्गारिक वा सर सफाइका तयारी वस्तुहरू; सुगन्धित वा विसंक्रामक गुणहरू भएको वा नभएको कोठाको गन्ध हटाउने (डिओडोराइजर) वस्तुहरू।** | |
| | ३३०७.१०.०० | -दाह्री बनाउनुभन्दा पहिला, दाह्री बनाउँदा र दाह्री बनाई सकेपछि लगाउने (प्रिशेभ, शेभिङ्ग र आफ्टरशेभ) तयारी वस्तुहरू | १५ |
| | ३३०७.२०.०० | -व्यक्तिगत गन्ध हटाउने र पसीना रोक्ने वस्तुहरू | २० |
| | ३३०७.३०.०० | -सुगन्धित नुहाउने लवणहरू र नुहाउने तयारी वस्तुहरू | १५ |
| | | -कोठा सुगन्धित पार्ने वा कोठाको गन्ध हटाउने तयारी वस्तुहरू, धार्मिक कृत्यहरूमा प्रयोग हुने सुगन्धयुक्त तयारी वस्तुहरू समेतः | |
| | ३३०७.४१.०० | --"अगरबत्ती" र बालेपछि सुगन्धित हुने अन्य तयारी वस्तुहरू। | १५ |
| | ३३०७.४९.०० | --अन्य | १५ |
| | ३३०७.९०.०० | -अन्य | १५ |

| | | | |
|---|---|---|---|
| ३४.०१ | | साबुन; साबुन भएका वा नभएका, साबुनको रूपमा प्रयोग निमित्तका छड वा डण्डी (बार) केक, ढालेर बनाइएका टुक्राहरू वा आकृतिको स्वरूपमा भएका सतह-सक्रिय प्राङ्गारिक उत्पादन र तयारी वस्तुहरू; साबुन भए वा नभएका, नुहाउने (छाला सफा गर्ने) निमित्तका, तरल वा क्रीमको स्वरूपमा भएका र खुद्रा बिक्रीको लागि प्रस्तुत गरिएका सतह-सक्रिय प्राङ्गारिक उत्पादन वा तयारी वस्तुहरू; साबुन वा अपमार्जक पदार्थ (डिटर्जेण्ट) ले संसिक्त (इम्प्रिग्नेटेड), लेपित (कोटेड) वा आच्छादित) कभर्ड) भएका कागत, गद्दा (वाडिङ्), जमोठ (फेल्ट) र नबुनिएका वस्तु (नन्उभेन) हरू। | |
| | ८७११.३०.१९ | ----अन्य | ६० |
| | | ---सिलिण्डर क्षमता ४०० सी.सी. नाघ्ने तर ५०० सी.सी. ननाघ्ने इन्टरनल कम्बसन पिष्टोन इन्जिन भएकाः | |
| | ८७११.३०.९१ | ----अनएसेम्बल्ड अवस्थाका | ६० |
| | ८७११.३०.९९ | ----अन्य | ८० |
| | ८७११.४०.०० | -सिलिण्डर क्षमता ५०० सी.सी. नाघ्ने तर ८०० सी.सी. ननाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इन्जिन भएको | १०० |
| | ८७११.५०.०० | -सिलिण्डर क्षमता ८०० सी.सी. नाघ्ने इन्टरनल कम्बष्टन पिष्टोन इन्जिन भएको | १०० |
| | ८७११.९०.०० | -अन्य | ४० |
| ९०.१० | | **यस भागमा अन्यत्र उल्लेख वा समावेश नभएका, तस्बिर सम्बन्धी (चलचित्र सम्बन्धी समेत) प्रयोगशालामा प्रयोग हुने उपकरण र औजारहरू; नेगेटिभ छवि हेर्ने साधन (नेगेटोस्कोप) हरू; प्रोजेक्सन स्क्रीनहरू।** | |
| | ९०१०.९०.०० | -पार्टपुर्जा र सहायक सामानहरू | १० |

| | | | |
|---|---|---|---|
| ९०.११ | | **कम्पाउण्ड अप्टिकल माइक्रोस्कोपहरू, फोटोमाइक्रोग्राफी, सिनेफोटोमाइक्रोग्राफी वा माइक्रोप्रोजेक्सनका लागि प्रयोग हुने खालका समेत।** | |
| | ९०११.१०.०० | -स्टेरियोस्कोपिक (त्रिआयामिक छवि हेर्न मिल्ने) माइक्रोस्कोपहरू | ५ |
| | ९०११.२०.०० | -फोटोमाइक्रोग्राफी, सिनेफोटोमाइक्रोग्राफी वा माइक्रो प्रोजेक्सनका लागि अन्य माइक्रोस्कोपहरू | ५ |
| | ९०११.९०.०० | -पार्टपुर्जाहरू र सहायक सामानहरू | ५ |
| ९०.१२ | | **अप्टिकल माइक्रोस्कोप बाहेकका माइक्रोस्कोपहरू; डिफ्रयाक्सन उपकरणहरू।** | |
| | ९०१२.१०.०० | -अप्टिकल माइक्रोस्कोप बाहेकका माइक्रोस्कोपहरू; डिफ्रयाक्सन (विवर्तन) उपकरणहरू | ५ |
| | ९०१२.९०.०० | -पार्टपुर्जाहरू र सहायक सामग्रीहरू | ५ |
| ९०.१७ | | **रेखाङ्कन गर्ने, चिनो लगाउने, वा गणितीय हिसाब गर्ने औजारहरू (उदाहरणका लागि, ड्राफ्टिङ मेसिन, प्यान्टोग्राफ, प्रोट्रयाक्टर, ड्रइङ सेट, स्लाइड रुल, डिस्क क्याल्कुलेटर); यस भागमा अन्यत्र उल्लेख वा समावेश नगरिएका, हातले समातेर प्रयोग गरिने लम्बाइ नाप्ने औजारहरू (उदाहरणका लागि, नाप्ने डण्डी र फित्ता वा माइक्रोमिटर, क्यालिपर)।** | |
| | ९०१७.२०.०० | -अन्य रेखाङ्कन गर्ने, चिनो लगाउने र गणितीय हिसाब गर्ने औजारहरू | ५ |
| | ९०१७.९०.०० | -पार्टपुर्जाहरू र सहायक सामग्रीहरू | ५ |
| ९०.२६ | | **तरल पदार्थ वा ग्यौँसको प्रवाह, तह, दवाव वा अन्य चर (भेरियवल) हरू नाप्ने वा परीक्षण गर्ने औजार र उपकरणहरू (उदाहरणका लागि, फ्लो मिटर, लेभल गेज, म्यानोमिटर, हिट मिटर), शीर्षक ९०.१४, ९०.१५, ९०.२८ वा ९०.३२ का औजार र उपकरणहरू बाहेक।** | |

| | | | |
|---|---|---|---|
| | ९०२६.१०.०० | -तरल पदार्थको प्रवाह वा लेभल मापन वा जाँच गर्नका लागि | ५ |
| | ९०२६.२०.०० | -दवाव मापन वा जाँच गर्नको लागि | ५ |
| | | -अन्य औजारहरू र उपकरणहरुः | |
| | ९०२६.८०.९० | ---अन्य | ५ |
| | ९०२६.९०.०० | -पार्टपुर्जाहरू र सहायक सामग्रीहरू | ५ |
| ९०.३० | | **ओसीलोस्कोप, स्पेक्ट्रम एनालाइजर र शीर्षक ९०.२८ का मिटरहरू बाहेकका विद्युतको मात्रा नाप्ने वा जाँच गर्ने अन्य औजार र उपकरणहरू; अल्फा, बिटा, गामा, एक्स-रे, कस्मिक वा अन्य आयोनाइजिङ विकीरण नाप्ने वा पत्ता लगाउने औजार र उपकरणहरू।** | |
| | ९०३०.४०.०० | -विशेषतः दूरसञ्चारको लागि डिजाइन गरिएका औजार र उपकरणहरू (उदाहरणका लागि, क्रस-टक मिटर, गेन मिजरिङ उपकरण, डिस्टोर्सन फ्याक्टर मिटर, सोफोमिटर) | ५ |
| | ९०३०.९०.०० | -पार्टपुर्जाहरू र सहायक सामग्रीहरू | ५ |
| ९४.०१ | | **सीट (आसन) हरू (शीर्षक ९४.०२ का बाहेक), बिछ्यौनाको रूपमा परिवर्तन गर्न सकिने वा नसकिने, र तिनका पार्टपुर्जाहरू।** | |
| | ९४०१.२०.०० | -मोटरगाडीहरूमा प्रयोग हुने आसनहरू | १० |
| | | -उचाइ समायोजन गर्न सकिने घुम्ने आसनहरूः | |
| | ९४०१.३१.०० | --काठका | १० |
| | ९४०१.३९.०० | --अन्य | १० |
| | | -बगैंचाको आसन वा क्याम्पिङ उपकरण बाहेकका बिछ्यौनाको रूपमा परिवर्तन हुने आसनहरूः | |
| | ९४०१.४१.०० | --काठका | १० |
| | ९४०१.४९.०० | --अन्य | १० |
| | | -वेत, ओजियर, बाँस वा यस्तै पदार्थका आसनहरुः | |
| | ९४०१.५२.०० | --बाँसको | १० |
| | ९४०१.५३.०० | --लहरेताड (च्याटन) को | १० |

| | | | |
|---|---|---|---|
| | ९४०१.५९.०० | --अन्य | १० |
| | | -काठको फ्रेम भएको आसनः | |
| | ९४०१.६१.०० | --गद्दादार आवरणयुक्त (अपहोलस्टर्ड) | १० |
| | ९४०१.६९.०० | --अन्य | १० |
| | | -धातुको फ्रेमसहितको अन्य आसनहरुः | |
| | ९४०१.७१.०० | --गद्दादार आवरणयुक्त (अपहोलस्टर्ड) | १० |
| | ९४०१.७९.०० | --अन्य | १० |
| | | -अन्य आसनहरुः | |
| | ९४०१.८०.९० | ---अन्य | १० |
| ९४.०३ | | **अन्य फर्निचर र तिनका पार्टपुर्जाहरू।** | |
| | ९४०३.१०.०० | -कार्यालयमा प्रयोग हुने धातुका फर्निचर | १० |
| | | -अन्य धातुका फर्निचरः | |
| | ९४०३.२०.९० | ---अन्य | १० |
| | ९४०३.३०.०० | -कार्यालयमा प्रयोग हुने खालका काठका फर्निचर | १० |
| | ९४०३.४०.०० | -भान्छामा प्रयोग हुने खालका काठका फर्निचर | १० |
| | ९४०३.५०.०० | -सुत्ने कोठामा प्रयोग हुने खालका काठका फर्निचर | १० |
| | ९४०३.६०.०० | -अन्य काठका फर्निचर | १० |
| | | -प्लाष्टिकका फर्निचरः | |
| | ९४०३.७०.२० | ---वेवी वाकर | १० |
| | ९४०३.७०.९० | ---अन्य | १० |
| | | -अन्य पदार्थका फर्निचर, बेत, ओसियर, बाँस वा यस्तै पदार्थहरूको समेतः | |
| | ९४०३.८२.०० | --बाँसको | १० |
| | ९४०३.८३.०० | --लहरेताड (र्‍याटन) को | १० |
| | ९४०३.८९.०० | --अन्य | १० |
| ९४.०४ | | **खाट वा पलङ्हरू; ओछ्यानका सामानहरू र यस्तै फर्निसिङ्ग (सजावट) का सामानहरू (उदाहरणका लागि, डसना (मेट्रेस), सिरक, भुवा कोचेको दोलाइ, चक्ला, गद्दादार स्टुल र तकियाहरू), स्प्रिङ्ग जडान गरिएका वा पुष्ट पारिएका वा भित्रपट्टि कुनै पदार्थ वा कोषीय रबर वा प्लाष्टिक हालेका,, खोल हालिएका वा नहालिएका।** | |

| | | | |
|---|---|---|---|
| | | -डसना (मेट्रेस) हरुः | |
| | ९४०४.२१.०० | --खोल भएका वा नभएका, कोषीय रबर वा प्लाष्टिकका | १० |
| | ९४०४.२९.०० | --अन्य पदार्थहरूका | १० |
| | ९४०४.९०.०० | -अन्य | १० |
| ९४.०६ | | **पूर्वविरचित भवनहरू।** | |
| | | -काठकोः | |
| | ९४०६.१०.९० | ---अन्य | १० |
| | | -अन्यः | |
| | ९४०६.२०.०० | -इस्पातका, मोड्यूलर विल्डिङ् युनिटहरू | १० |
| | ९४०६.९०.९० | ---अन्य | १० |
| ९५.०३ | ९५०३.००.०० | **ट्राइसाइकल, स्कुटर, पेडल कार र यस्तै पाङ्ग्रा भएका खेलौनाहरू; पुतलीको वाहन; पुतली; अन्य खेलौना; आकार घटाइएका ("स्केल" ) नमुना र यस्तै मनोरञ्जनात्मक नमूनाहरू, चल्ने वा नचल्ने; सबै प्रकारका चातुर्य परीक्षण गर्ने खेलौना (पजल) हरू।** | १० |
| ९५.०४ | | **भिडियो गेमका कन्सोल र यन्त्रहरू, टेबल वा पार्लर गेमहरू, पिन्टेबलहरू, बिलियार्डहरू, क्यासिनो खेलहरू र स्वचालित बलिङ उपकरणहरूका लागि विशेष टेबुलहरू समेत, सिक्का, बैङ्कनोट, बैङ्क कार्ड, टोकन वा भुक्तानीका अन्य कुनै माध्यमद्वारा सञ्चालित मनोरञ्जनका यन्त्रहरू।** | |
| | ९५०४.२०.०० | -सबै प्रकारका विलियार्ड खेलका सामानहरू र सहायक सामानहरू | १० |
| | ९५०४.३०.०० | -सिक्का, बैङ्क नोट, बैङ्क कार्ड, टोकन वा भुक्तानीका अन्य कुनै माध्यमद्वारा सञ्चालित अन्य खेल (गेम) हरू, स्वचालित बाउलिङ् एली उपकरण बाहेक | १० |
| | ९५०४.४०.०० | -खेल्ने तासहरू | १० |
| | ९५०४.५०.०० | -उपशीर्षक ९५०४.३० का बाहेकका भिडियो गेमका कन्सोल र यन्त्रहरू | १० |
| | ९५०४.९०.०० | -अन्य | १० |

| | | | |
|---|---|---|---|
| ९५.०५ | | **आनन्दोत्सवका वा अन्य मनोरञ्जनका सामानहरू, चटक, नवीनतम हास्य (नोभल्टी जोक) समेत।** | |
| | | -क्रिसमस उत्सवका सामानहरुः | |
| | ९५०५.१०.१० | ---जमोठ (फेल्ट) को | १० |
| | ९५०५.१०.९० | ---अन्य | १० |
| | ९५०५.९०.०० | -अन्य | १० |
| ९५.०८ | | **घुम्ती सर्कस र घुम्ती सर्कसका जनावरहरू (म्यानेजरी); मनोरञ्जन उद्यानका सवारीहरू र जल उद्यानका मनोरञ्जनका साधनहरू; मेला क्षेत्र (फेयरग्राउण्ड) का मनोरञ्जनका साधनहरू, शूटिंग ग्यालरीहरू समेत; घुम्ती रङ्गमञ्चहरू।** | |
| | ९५०८.१०.०० | -घुम्ती सर्कस, घुम्ती सर्कसका जनावरहरू (म्यानेजरी) | १० |
| | | -मनोरञ्जन उद्यानका सवारीहरू तथा जल उद्यानका मनोरञ्जनका साधनहरुः | |
| | ९५०८.२१.०० | --रोलर कोस्टरहरू | १० |
| | ९५०८.२२.०० | --क्यारोसेलहरू, पिङहरू र राउन्डएबाउटहरू | १० |
| | ९५०८.२३.०० | --डजिम कारहरू | १० |
| | ९५०८.२४.०० | --मोसन सिम्युलेटरहरू र मूभिङ थियटरहरू | १० |
| | ९५०८.२५.०० | --जल सवारीहरू | १० |
| | ९५०८.२६.०० | --जल उद्यानका मनोरञ्जनका साधनहरू | १० |
| | ९५०८.२९.०० | --अन्य | १० |
| | ९५०८.३०.०० | -मेलास्थलका मनोरञ्जनका साधनहरू | १० |
| | ९५०८.४०.०० | -घुम्ती रङ्गमञ्च (ट्राभलिङ थियटर) हरू | १० |
| ९६.१४ | ९६१४.००.०० | **धूमपान गर्ने पाइपहरू (पाइप बाउलहरू समेत) र सिगार वा चुरोट होल्डरहरू र तिनका पार्टपुर्जाहरू।** | १५ |
| ९६.१६ | | **अत्तरका पचका (सेन्ट स्प्रे) हरू र यस्तै सफाइका पचका (ट्वाइलेट स्प्रे) हरू र तिनका जडान (माउण्ट) र हेडहरू; श्रृङ्गारिक वा सफाइका सामग्री प्रयोग गर्ने पाउडर-पफ र प्याडहरू।** | |

| | | | |
|---|---|---|---|
| | ९६१६.१०.०० | -अत्तरका पचकाहरू र यस्तै सफाइका पचका (ट्वाइलेट स्प्रे) हरू र तिनका जडान (माउण्ट) र हेडहरू | १० |
| | ९६१६.२०.०० | -श्रृङ्गारिक वा सफाइका सामग्री प्रयोग गर्ने पाउडर-पफ र प्याडहरू | १० |
| ९६.१७ | | **तयारी भ्याकुम फ्ल्यास्क र अन्य भ्याकुम पात्र (भ्याकुम भेसल) हरू; भित्री काँच बाहेकका तिनका पार्टपुर्जाहरू।** | |
| | ९६१७.००.१० | ---तयारी भ्याक्युम फ्लाक्स | ५ |
| | ९६१७.००.२० | ---भ्याकुम भएका अन्य तयारी भाँडाहरू (भ्याकुम भेसेल्स) | ५ |
| **९६.१८** | ९६१८.००.०० | **सूचीकारका मानवीय ढाँचा (डमी) र अन्य मानव आकृति (ले फिगर) हरू; पसलका झ्यालहरू सजाउनका लागि प्रयोग गरिने मानव वा जीवजन्तुका चलायमान नमुनायुक्त उपकरणहरू (अटोमाटा) र अन्य सजीव-सदृश प्रदर्शन (एनिमेटेड डिस्प्ले) हरू।** | १५ |

**द्रष्टव्यः-**

(१) मदिराको अन्तःशुल्क गणना गर्दा प्रति एल.पि. लिटर वा प्रति लिटरमध्ये जुन बढी हुन्छ सोही दरमा गणना गरी असुल गरिनेछ।

(२) कुनै पनि मदिराको कक्टेल गरेमा उपशीर्षक २२०६.००.४० बमोजिमको दरबन्दी लाग्नेछ।

(३) एम्बुलेन्स, शव वाहन, अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५५ सीसी सम्मका स्कुटर र ब्याट्रीबाट चल्ने टेम्पोको चेसिसमा अन्तःशुल्क लाग्ने छैन। अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने स्कुटर पैठारी गर्दा लाग्ने अन्तःशुल्क नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसमा सम्बन्धित भन्सार कार्यालयमा छुट हुनेछ साथै स्थानीय खरिद गर्दा तिरेको अन्तःशुल्क त्यस्तो स्कुटर यातायात व्यवस्था कार्यालयमा निजको नाममा दर्ता भएपछि नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसमा विभागबाट फिर्ता गरिनेछ।

(४) घरेलु प्रविधिबाट उत्पादन गरिने सिन्के चाउचाउ (Ready to eat नभएको) मा अन्तःशुल्क लाग्ने छैन।

(५) यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना बमोजिम प्राप्त सुविधा अन्तर्गत भन्सार महसुल छुटमा पैठारी गरिएको व्यक्तिगत प्रयोजनका वस्तुहरूमा अन्तःशुल्क लाग्ने छैन।

(६) चालिस वा सोभन्दा बढी सीट क्षमताका कम्तीमा पाँच वटा बस सार्वजनिक यातायातमा सञ्चालन गर्ने गरी दर्ता भएका सहकारी संस्था वा सङ्घ तथा कम्पनीले उल्लिखित प्रयोजनको लागि पैठारी गर्ने उक्त क्षमताका तयारी बस एवं तिनका चेसिसमा अन्तःशुल्क छुट हुनेछ। त्यसरी पैठारी गरेका सवारी साधनहरू पैठारी गरेको मितिले दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी नामसारी, बिक्री वितरण वा कुनै किसिमले हक हस्तान्तरण गर्नु परेमा प्रचलित कानून बमोजिम लाग्ने पूरै अन्तःशुल्क लाग्नेछ।

(७) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा सामुदायिक शिक्षण संस्थाले विद्यार्थी ओसारपसार गर्ने प्रयोजनको लागि ३० सीट वा सोभन्दा बढी क्षमताको दुई थान बस आयात गर्दा लाग्ने अन्तःशुल्क छुट हुनेछ। यसरी सुविधामा आयात गरिएको सवारी साधन दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन। दश वर्ष नपुगी बिक्री वितरण, नामसारी वा कुनै किसिमले हक हस्तान्तरण गर्नु परेमा प्रचलित कानून बमोजिम पूरै अन्तःशुल्क लाग्नेछ।

(८) औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१० मा उल्लेख भएका अति अविकसित क्षेत्रमा स्थापित स्थानीय फलफूलमा आधारित उद्योगबाट उत्पादित ब्राण्डी, वाइन र साइडरको उत्पादनमा यस अन्तःशुल्क दरबन्दी अनुसार लाग्ने अन्तःशुल्कमा असी प्रतिशत छुट हुनेछ।

[१४१](९) स्वदेशमा उत्पादन हुने शीर्षक २२.०४, २२.०५ मा पर्ने वाइन र अङ्गुर बाहेकका अन्य फलफूल तथा किसमिस लगायतका सुख्खा फल, ग्रेप जुस कन्सेन्ट्रेट, वा फ्रुट जुस कन्सेन्ट्रेटबाट उत्पादन हुने उपशीर्षक २२०६.००.९० मा पर्ने वाइनमा लाग्ने अन्तःशुल्कमा पैंतिस प्रतिशत छुट हुनेछ।

(१०) एसेम्बल गरी सवारी साधन उत्पादन गर्ने उद्योगले अनएसेम्बल्ड अवस्थाका शीर्षक ८७.०२, ८७.०३ र ८७.११ मा पर्ने सवारी साधन पैठारी गर्दा लाग्ने अन्तःशुल्क र त्यस्ता उद्योगले उत्पादन गरेको तयारी साधन बिक्री गर्दा लाग्ने अन्तःशुल्कमा पचास प्रतिशत छुट हुनेछ।

(११) शीर्षक ०२.०७, ०४.०२, ०८.०३, ०८.०४, ०८.०६, ०८.०९, ०८.१२, ०८.१३, ०९.०४, ०९.०६, ०९.१०, ११.०६, १२.०७, १४.०१, १४.०४, १६.०१, १६.०२, १६.०३, १६.०४, १६.०५, २०.०१, २०.०२, २०.०३, २०.०४, २०.०६, २०.०७, २०.०८, २१.०५, २४.०१, २५.१५, २५.१६, ३९.१७, ३९.१८, ४४.०१, ४४.०२, ४४.०३, ४४.०४, ४४.०५, ४४.०६, ४४.०७, ४४.०९, ४४.१०, ४४.११ ४४.१२, ४४.१३, ४४.१४, ४४.१८, ४४.१९, ४४.२०, ४४.२१, ४८.०३, ४८.१४, ६८.०२, ६८.०८, ६८.०९, ६८.१०, ६८.११, ६८.१३, ६९.०७, ७०.१०, ७२.०९, ७२.१०, ७२.११, ७२.१६, ७२.२३, ७२.२५, ७२.२९, ७३.०७, ७३.०८, ७३.०९, ७३.१२, ७३.१३, ७३.१४, ७३.१५, ७३.१७, ७६.०४, ७६.१०, ८४.१९, ८५.२५, ९४.०१, ९४.०३, ९४.०४ र ९४.०६ तथा उपशीर्षक ०८०२.८०.००, १५१७.९०.००, १७०१.१३.१०, १७०१.१४.१०, १७०४.१०.००, १७०४.९०.००, १९०४.१०.१०, १९०४.१०.९१, १९०४.१०.९९, १९०४.२०.००, १९०४.३०.००, १९०४.९०.९०, १९०५.१०.००, १९०५.२०.००, १९०५.३१.००, १९०५.३२.००, १९०५.४०.००, १९०५.९०.१०, १९०५.९०.३०, १९०५.९०.५०, १९०५.९०.६०, १९०५.९०.७०, २००५.१०.००,

२००५.२०.९०, २००५.४०.००, २००५.५१.००, २००५.५९.००, २००५.६०.००, २००५.७०.००, २००५.८०.००, २००५.९१.००, २००५.९९.००, २१०१.११.००, २१०१.१२.००, २१०१.२०.००, २१०१.३०.००, २१०६.९०.१०, २२०२.९९.३०, ३३०७.४१.००, ३५०६.१०.००, ३५०६.९१.००, ३५०६.९९.००, ३८२४.४०.००, ३८२४.५०.००, ३९२१.९०.११, ३९२१.९०.९२, ३९२३.१०.२०, [१४२]३९२३.३०.९०, ३९२४.१०.१०, ४८१८.१०.००, ४८१८.२०.००, ४८१८.३०.००, ४८१८.५०.००, ४८१८.९०.००, ४८२३.६१.००, ४८२३.६९.००, ४८२३.७०.००, ६४०४.११.१०, ६४०५.२०.१०, ७३११.००.२०, ७३११.००.९०, ७३२०.१०.९०, ८५०७.१०.००, ८५०७.२०.००, ८५०७.३०.००, ८५०७.५०.००, ८५०७.६०.००, ८५०७.८०.१०, ८५०७.८०.९०, ८५४४.७०.०० मा पर्ने वस्तुको आन्तरिक उत्पादनमा अन्तःशुल्क लाग्ने छैन।

(१२) शीर्षक २१.०६ को उपशीर्षक २१०६.९०.२०, २१०६.९०.६० र भन्सार शीर्षक २४.०३ को उपशीर्षक २४०३.९९.१०, २४०३.९९.२०, २४०३.९९.३० र भन्सार शीर्षक २४.०४ को उपशीर्षक २४०४.११.००, २४०४.१२.०० र २४०४.१९.०० का वस्तुमा कुल तौल प्रति किलोग्राममा अन्तःशुल्क लाग्नेछ।

(१३) शीर्षक १८.०६, ३३.०३, ३३.०४, ३३.०५, ३३.०६ र उपशीर्षक ३३०७.१०.००, ३३०७.२०.००, ३३०७.३०.००, ३३०७.४९.००, ३३०७.९०.००, ८५२३.५२, ८५३६.५०.०० अन्तर्गतका सबै उपशीर्षकका स्वदेशी उत्पादनमा पाँच प्रतिशत लाग्नेछ।

(१४) मदिरा, वियर र चुरोटको उत्पादक, पैठारीकर्ता वा सोको बिक्रेताले त्यस्तो वस्तुको बिक्री गर्ने खुद्रा मूल्य आर्थिक वर्षको सुरुमा र मूल्य परिवर्तन भएको अवस्थामा परिवर्तन हुनासाथ सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउनु पर्नेछ।

(१५) अन्तःशुल्क दरबन्दी प्रयोजनको लागि निर्धारित आठ अङ्कको भन्सार उपशीर्षकलाई तथ्याङ्क प्रयोजनको लागि महानिर्देशकले अङ्क थप गर्न सक्नेछ।

(१६) अन्तःशुल्क लाग्न सक्ने वस्तुको व्याख्या तथा हार्मोनाइज्ड कोड तोक्ने काम आवश्यकता अनुसार भन्सार विभागसँग परामर्श लिई विभागले गर्न सक्नेछ।

(१७) सेनेटरी प्याड उत्पादन गर्ने उद्योगले उपशीर्षक ३९२०.४९.९० को कच्चा पदार्थ पि.ई. फिल्म स्यानिटरी प्याड र ३९२१.१९.९० को कच्चा पदार्थ पर्फोरेटेड पि.ई. फिल्म पैठारी गर्दा अन्तःशुल्क लाग्ने छैन।

(१८) शीर्षक ७२.१३, ७२.१४ र ७२.१५ अन्तर्गतका स्वदेशी उत्पादनमा लाग्ने अन्तःशुल्कमा साठी प्रतिशत र शीर्षक ७२.१७ अन्तर्गतका स्वदेशी उत्पादनमा लाग्ने अन्तःशुल्कमा पचास प्रतिशत छुट हुनेछ।

(१९) जल, सौर्य तथा वायुबाट विद्युत उत्पादन, वितरण र प्रसारण लाइन आयोजनाको लागि आवश्यक पर्ने निर्माण उपकरण, मेसिनरी औजार, उच्च भण्डारण क्षमताका ब्याट्री र सोसँग सम्बन्धित पार्टपुर्जा तथा त्यस्ता उपकरण निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टील सिट) लगानी बोर्डको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो बोर्डको, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र अन्य आयोजनाको हकमा (नेपाल विद्युत प्राधिकरणबाट सञ्चालन हुने आयोजना समेत) विद्युत विकास विभागको सिफारिसमा

सम्बन्धित आयोजना वा सोको ठेकेदार वा आयोजनाको प्रवर्द्धकले पैठारी गरी आयोजनालाई आपूर्ति गर्दा अन्तःशुल्क छुट दिइनेछ।

(२०) औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम निर्माण वा स्थापनाका लागि आवश्यक पर्ने उपकरण, मेसिनरी औजार, पाटपुर्जा तथा निर्माण सामाग्री लगानी बोर्डको सिफारिसमा त्यस्तो क्षेत्र वा ग्राम निर्माण वा स्थापना गर्ने व्यक्ति वा सो को ठेकेदारले पैठारी गर्दा अन्तःशुल्क छुट दिइनेछ।

तर यस बुँदा बमोजिम सिफारिस गर्दा औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम निर्माण वा स्थापनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन प्रतिवेदनमा उल्लिखित परिमाण अनुसार सिफारिस गर्नु पर्नेछ।

(२१) विद्युतीय सवारी साधन चार्जिङ्ग मेसिन उत्पादन वा एसेम्बलिङ्ग गर्ने उद्योगले उद्योग विभागको सिफारिसमा पैठारी गर्दा अन्तःशुल्क छुट दिइनेछ।

(२२) काठ तथा काठजन्य सामग्रीको सिजनिङ्ग गर्ने उद्योगलाई आवश्यक पर्ने मिल मेसिनरी उद्योग विभागको सिफारिसमा पैठारी गर्दा अन्तःशुल्क छुट दिइनेछ।

(२३) फुटबल, क्रिकेट तथा बहुउद्देश्यीय रङ्गशालाको पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने मेसिन, यन्त्र तथा उपकरण युवा तथा खेलकुद मन्त्रालयको सिफारिसमा पैठारी गर्दा अन्तःशुल्क छुट दिइनेछ।

(२४) ग्रिन हाइड्रोजन उत्पादनको लागि आवश्यक पर्ने मेसिन, यन्त्र तथा उपकरण उर्जा तथा जलस्रोत मन्त्रालयको सिफारिसमा पैठारी गर्दा अन्तःशुल्क छुट दिइनेछ।

## अन्त्य टिप्पणी

[१] यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको हो।

[२] यो ऐन संवत् २०७५ साल भाद्र १ गतेदेखि लागू (अन्तःशुल्कको हकमा) भएको हो।

[३] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

[४] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा "अधिराज्य" भन्ने शब्द झिकिएको।

[५] आर्थिक ऐन, २०७७ द्वारा थप।

[६] आर्थिक ऐन, २०६८ द्वारा संशोधन भई निरन्तरता कायम भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम।

(१) मूल ऐनको व्यवस्थाः "(छ) "उत्पादन" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु निर्माण गर्ने, बनाउने वा तयार गर्ने कार्य सम्झनु पर्छ।"

(२) आर्थिक ऐन, २०६३ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "(छ) "उत्पादन" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु निर्माण गर्ने, बनाउने वा तयार गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले पुनः प्याकिङ्ग गर्ने कार्य समेतलाई जनाउनेछ।"

(३) आर्थिक ऐन, २०६४ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "(छ) "उत्पादन" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु निर्माण गर्ने, बनाउने वा तयार गर्ने कार्य सम्झनु पर्छ।"

(४) आर्थिक ऐन, २०६८ बाट कायम भएको व्यवस्थाः "(छ) "उत्पादन" भन्नाले अन्तःशुल्क लाग्ने वस्तु निर्माण गर्ने, प्रशोधन गर्ने, बनाउने वा तयार गर्ने कार्य सम्झनु पर्छ।"

[७] आर्थिक ऐन, २०६३ द्वारा थप भई आर्थिक ऐन, २०६८ र आर्थिक ऐन, २०७० द्वारा भएको संशोधनलाई आर्थिक ऐन, २०७५ द्वारा कायम।

(१) आर्थिक ऐन, २०६३ द्वारा थप भएको व्यवस्थाः "(ज१) "सुर्तीजन्य वस्तु" भन्नाले सुर्ती वा सुर्तीजन्य पदार्थका तत्वहरू मिश्रित धुम्रपान, चपाउने, मुखमा राख्ने पानपराग, खैनी वा यस्तै पदार्थ जनाउँछ र सो शब्दले चुरोट, बिँडी, सिगार आदिलाई समेत जनाउँछ।"

(२) आर्थिक ऐन, २०६८ द्वारा कायम भएको व्यवस्थाः "(ज१) "सुर्तीजन्य वस्तु" भन्नाले सुर्ती वा सुर्तीजन्य पदार्थका तत्वहरू मिश्रित धुमपान गर्ने, चपाउने, मुखमा राख्ने पानपराग, खैनी वा यस्तै पदार्थहरू सम्झनु पर्छ र सो शब्दले चुरोट, बिँडी, सिगार आदिलाई समेत जनाउँछ।"

[८] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा "सुर्तीजन्य पदार्थ" भन्ने शब्दहरू रहेको।

[९] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा "सिगारलाई" भन्ने शब्द रहेका।

[१०] आर्थिक अध्यादेश, २०६१ द्वारा संशोधित। त्यसपछिका आर्थिक अध्यादेश तथा आर्थिक ऐनले निरन्तरता दिएको र आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको। मूल ऐनको व्यवस्थाः "(ज) "कारखाना मूल्य" भन्नाले अन्तःशुल्क लाग्ने वस्तुमा अन्तःशुल्क वा अन्य कुनै कर नजोडी त्यस्तो वस्तु उत्पादन वा उत्पादन र बिक्री वितरण गर्न लाग्ने खर्च र प्रतिष्ठानको नाफा मात्र जोडी निर्धारण भएको मूल्य सम्झनु पर्छ।"

[11] आर्थिक ऐन, २०६६ द्वारा संशोधन भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता कायम भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम। मूल ऐनको व्यवस्थाः "(३) पैठारी हुने वस्तुको हकमा दफा ७ को उपदफा (१) को खण्ड (ख) बमोजिम निर्धारण भएको मूल्य।"

[12] गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा "अधिराज्य" भन्ने शब्द झिकिएको।

[13] आर्थिक ऐन, २०८० द्वारा संशोधित। साविकको व्यवस्थाः "विभाग" भन्नाले यस ऐनको प्रयोजनको निमित्त नेपाल सरकारले तोकेको विभाग सम्झनु पर्छ।

[14] आर्थिक ऐन, २०८२ द्वारा संशोधित।

(१) आर्थिक ऐन, २०६५ द्वारा थप भएको व्यवस्थाः (ण१) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रसायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको शून्य दशमलव पाँच प्रतिशतभन्दा बढी अल्कोहल भएको पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्विस्की, रम, जिन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, साइडर, पेरी, मिड, माल्ट, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, ई.एन.ए. र हेड्स स्प्रिट समेतलाई जनाउँछ।

(२) आर्थिक ऐन, २०६७ द्वारा संशोधन भएको व्यवस्थामा आर्थिक ऐन, २०६५ द्वारा थप भएको मदिराको परिभाषामा आर्थिक ऐन, २०६७ बाट "सेम्पेन, साइलेण्ट स्प्रिट र डिनेचर्ड स्प्रिट" भन्ने शब्दहरू समावेश गरिएको।

(३) आर्थिक ऐन, २०७५ द्वारा संशोधन भएको व्यवस्थाः (ण१) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रसायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरिकाबाट तयार पारिएको शून्य दशमलव पाँच प्रतिशतभन्दा बढी अल्कोहल भएको पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, ह्स्किी, रम, जिन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्ट, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट, ई.एन.ए. र हेड्स स्प्रिट समेतलाई जनाउँछ।

[15] आर्थिक ऐन, २०६५ द्वारा थप। आर्थिक ऐन, २०७२ द्वारा "द्रवहरू" भन्ने शब्दको सट्टामा "पदार्थहरू" भन्ने शब्द कायम गरी निरन्तरता कायम भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[16] आर्थिक ऐन, २०६५ द्वारा थप भई निरन्तरता कायम भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[17] ऐ. ऐ.।

[18] ऐ. ऐ.।

[19] ऐ. ऐ.।

[20] ऐ. ऐ.।

[21] ऐ. ऐ.।

[२२] ऐ. ऐ.।

[२३] आर्थिक अध्यादेश, २०६८ द्वारा थप भई निरन्तरता भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[२४] आर्थिक अध्यादेश, २०६८ द्वारा थप भई निरन्तरता भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[२५] आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई निरन्तरता भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

(१) मूल ऐनको व्यवस्थाः "३. अन्तःशुल्क लगाउने र असुल उपर गर्नेः सालबसाली वा कुनै एक सालको निमित्त कुनै वस्तु वा सेवामा अन्तःशुल्क लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा त्यस्तो अन्तःशुल्क यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम असुल उपर गरिनेछ।"

(२) आर्थिक अध्यादेश, २०५९ द्वारा कायम भएको व्यवस्थाः "३. अन्तःशुल्क लगाउने र असुल उपर गर्नेः (१) सालबसाली लागू हुने आर्थिक ऐनमा अन्यथा व्यवस्था गरेमा बाहेक अनुसूची बमोजिम अन्तःशुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले नेपाल बाहिर निकासी गरेको वस्तुमा तिरेको अन्तःशुल्क र स्वीकृति प्राप्त करमुक्त पसल (बण्डेड वेयर हाउस वा ड्यूटी फ्री सप) बाट हुने बिक्रीको आधारमा लागेको अन्तःशुल्क फिर्ता दिइनेछ।"

(३) आर्थिक अध्यादेश, २०५९ द्वारा कायम भएका व्यवस्थाः "३. अन्तःशुल्क लगाउने र असुल उपर गर्नेः (१) अनुसूचीमा उल्लेख भए बमोजिमका वस्तुहरूको उत्पादन र पैठारीमा सोही अनुसूची बमोजिम अन्तःशुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानले नेपाल बाहिर निकासी गरिने वस्तुमा तिर्नु पर्ने अन्तःशुल्क र स्वीकृति प्राप्त करमुक्त पसल (बण्डेड वेयर हाउस वा ड्यूटी फ्री सप) मा बिक्री गरिने वस्तुमा लाग्ने अन्तःशुल्क बापत बैङ्क प्रत्याभूति वा नगद धरौटी राख्न सकिनेछ। यस्तो बैङ्क प्रत्याभूति वा नगद धरौटीको फुकुवाको प्रक्रिया विभागले तोके बमोजिम हुनेछ।"

(४) आर्थिक अध्यादेश, २०६० द्वारा कायम भएको व्यवस्थाः "३. अन्तःशुल्क लगाउने र असुल उपर गर्नेः (१) अनुसूचीमा उल्लेख भए बमोजिमका वस्तुहरूको उत्पादन र पैठारीमा सोही अनुसूची बमोजिम अन्तःशुल्क लगाइने र असुल उपर गरिनेछ।

तर मदिरा उत्पादनमा प्रयोग भएको खुँदो (मोलासेस) वा स्प्रिटमा लागेको अन्तःशुल्क तैयारी मदिरा निकासी गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(२) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।"

(५) आर्थिक अध्यादेश, २०६२ द्वारा कायम भएको व्यवस्थाः "३. अन्तःशुल्क लगाउने र असुल उपर गर्नेः (१) अनुसूचीमा उल्लेख भए बमोजिमका वस्तुहरूको उत्पादन र पैठारीमा सोही अनुसूची बमोजिम अन्तःशुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निकासी गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ। उत्पादनमा प्रयोग भएको खुँदो (मोलासेस) वा स्प्रिटमा लागेको अन्तःशुल्क तैयारी मदिरा निकासी गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(३) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।"

(६) आर्थिक ऐन, २०६३ द्वारा कायम भएका व्यवस्थाः "३. अन्तःशुल्क लगाउने र असुल उपर गर्नेः (१) अनुसूचीमा उल्लेख भए बमोजिमका वस्तु प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन गर्दा, पैठारी गर्दा पैठारी गरेको वस्तु बिक्री गर्दा वा सेवा बिक्री गर्दा सो अनुसूची बमोजिमको अन्तःशुल्क देहाय बमोजिम लगाइने र असुल उपर गरिनेछः-

(क) मदिरा, चुरोट र बियरको हकमा प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन गर्दाको बखत,

(ख) स्वयं निष्कासन प्रणाली अन्तर्गत बिक्री हुने वस्तु तथा सेवाको हकमा वस्तु बिक्री भएपछिको महिनाको सात गतेभित्र अन्तःशुल्क दाखिला गर्नु पर्नेछ।

तर व्यापारिक प्रयोजनका लागि अन्तःशुल्क लाग्ने वस्तु वा सेवा बिक्री गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(२) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निकासी गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(३) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रतिदिन शून्य दशमलव पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।"

(७) आर्थिक ऐन, २०६४ द्वारा कायम भएको व्यवस्थाः "३. अन्तःशुल्क लगाउने र असुल उपर गर्नेः (१) अनुसूचीमा उल्लेख भए बमोजिमका वस्तु प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन गर्दा, पैठारी गर्दा र सेवा बिक्री गर्दा सो अनुसूची बमोजिमको अन्तःशुल्क देहाय बमोजिम लगाइने र असुल उपर गरिनेछः-

(क) मदिरा, चुरोट र बियरको हकमा प्रतिष्ठानबाट उत्पादन गरी निष्कासन गर्दाको बखत,

(ख) स्वयं निष्कासन प्रणाली अन्तर्गत बिक्री हुने वस्तुको हकमा वस्तु निष्कासन भएपछिको महिनाको पच्चीस गतेभित्र अन्तःशुल्क दाखिला गर्नु पर्नेछ।

तर,

(१) अन्तःशुल्क लाग्ने पैठारी गरिएका सवारी साधनको हकमा व्यापारिक प्रयोजनको लागि स्थानीय बिक्रीमा समेत अन्तःशुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) व्यापारिक प्रयोजनका लागि अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको खरिदमा वा पैठारीमा तिरेको अन्तःशुल्क त्यस्तो वस्तु वा सेवा बिक्री गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(२) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्कासन गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(३) उपदफा (१) बमोजिमको अन्तःशुल्क म्यादभित्र नतिरेमा तिर्न बाँकी रकममा प्रतिदिन शून्य दशमलव पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।"

[२६] आर्थिक अध्यादेश, २०६० द्वारा थप। आर्थिक ऐन, २०७२ द्वारा संशोधन भई निरन्तरता कायम भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम।

(१) आर्थिक अध्यादेश, २०६० द्वारा थप भएको व्यवस्थाः "३क. नेपाल अधिराज्य बाहिर निकासी गरेमा अन्तःशुल्क नलाग्नेः (१) प्रतिष्ठानले नेपाल अधिराज्य बाहिर निकासी गरेको वस्तुमा वा स्वीकृति प्राप्त करमुक्त पसल (बण्डेड वेयर हाउस र ड्युटी फ्री सप) ले बिक्री गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु निकासी गर्दा लाग्ने अन्तःशुल्क रकम बापत नगद धरौटी वा बैङ्क प्रत्याभूति राख्नु पर्नेछ। बैङ्क प्रत्याभूति वा नगद धरौटीको फुकुवा प्रक्रिया विभागले तोके बमोजिम हुनेछ।"

(२) आर्थिक अध्यादेश, २०६१ द्वारा संशोधित व्यवस्थाः

"३क. नेपाल अधिराज्य बाहिर निकासी गरेमा अन्तःशुल्क नलाग्नेः (१) प्रतिष्ठानले नेपाल अधिराज्य बाहिर निकासी गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु प्रतिष्ठानबाट निकासी गर्दा लाग्ने अन्तःशुल्क रकम बापत बैङ्क प्रत्याभूति वा नगद धरौटी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बैङ्क प्रत्याभूति वा नगद धरौटीको फुकुवा वा फिर्ताको प्रक्रिया विभागले तोके बमोजिम हुनेछ।"

(३) आर्थिक ऐन, २०६३ द्वारा थप भएको व्यवस्थाः

"३क. नेपाल अधिराज्य बाहिर निकासी गरेमा अन्तःशुल्क नलाग्नेः (१) प्रतिष्ठानले नेपाल अधिराज्य बाहिर निकासी गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु प्रतिष्ठानबाट निकासी गर्दा लाग्ने अन्तःशुल्क रकम बापत बैङ्क प्रत्याभूति वा नगद धरौटी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बैङ्क प्रत्याभूति वा नगद धरौटीको फुकुवा वा फिर्ताको प्रक्रिया विभागले तोके बमोजिम हुनेछ।"

(४) आर्थिक ऐन, २०६४ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः

"३क. नेपाल बाहिर निकासी गरेमा अन्तःशुल्क नलाग्नेः (१) प्रतिष्ठानले नेपाल बाहिर निकासी गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि मदिरा, चुरोट र बियर प्रतिष्ठानबाट निकासी गर्दा लाग्ने अन्तःशुल्क रकम बापत बैङ्क प्रत्याभूति वा नगद धरौटी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बैङ्क प्रत्याभूति वा नगद धरौटीको फुकुवा वा फिर्ताको प्रक्रिया विभागले तोके बमोजिम हुनेछ।

(४) नेपालभित्र उत्पादन भएका वा तयार भएका मालवस्तुहरू नेपाल बाहिर निर्यात भैसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कुनै कारणले पुनः पैठारी भएको ३ महिनाभित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाका बखत लाग्ने अन्तःशुल्क धरौटीमा राखी त्यस्तो मालवस्तु पुनः निकासी भएपछि धरौटी रकम सम्बन्धित भन्सार कार्यालयले फिर्ता दिनेछ।

(५) आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः

"३क. अन्तःशुल्क निर्धारण र असुलीः (१) यस ऐन बमोजिम लाग्ने अन्तःशुल्कको निर्धारण र असुली गर्ने दायित्व अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन गर्ने उत्पादकको हुनेछ।

तर पैठारी हुने वस्तुको अन्तःशुल्कको निर्धारण असुली सम्बन्धित भन्सार कार्यालयको हुनेछ।

(२) कुनै वस्तुको उत्पादन वा पैठारीका अतिरिक्त बिक्री वितरणको तहमा समेत अन्तःशुल्क लाग्ने भएमा यस ऐन बमोजिम लाग्ने अन्तःशुल्कको निर्धारण र असुली गर्ने दायित्व पैठारीकर्ता वा बिक्रेताको हुनेछ।

(३) अन्तःशुल्क लाग्ने वस्तु उत्पादन गर्दा खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु निष्कासन गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

तर स्वयं निष्कासन प्रणाली लागू हुने उद्योगले कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु बिक्री गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ। (आर्थिक ऐन, २०६६ द्वारा थप भएको)

(४) व्यापारिक प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको खरिदमा वा पैठारीमा तिरेको अन्तःशुल्क त्यस्तो वस्तु वा सेवा बिक्री गर्दा तिर्नु पर्ने अन्तःशुल्कमा कट्टा गर्न पाइनेछ।

(५) आगजनी, चोरी, दुर्घटना, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानि नोक्सानी भएको वस्तुमा तिरेको अन्तःशुल्क विभागले तोके बमोजिम कट्टी गर्न पाइनेछ।"

[२७] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा "सुर्तीजन्य पदार्थ" भन्ने शब्दहरू रहेका।

[२८] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकको व्यवस्थाः "(४) आगजनी, चोरी, दुर्घटना, ध्वंसात्मक गतिविधि वा वस्तुको उपयोगको म्याद सकिएको कारणले हानि नोक्सानी भएको वस्तुमा तिरेको अन्तःशुल्क विभागले तोके बमोजिम कट्टी गर्न पाइनेछ।"

[२९] आर्थिक अध्यादेश, २०६१ द्वारा थप।

(१) आर्थिक अध्यादेश, २०६१ द्वारा थप भएको व्यवस्थाः "३ख. करमुक्त पसलको बिक्रीमा अन्तःशुल्क नलाग्नेः (१) स्वीकृति प्राप्त करमुक्त पसल (बण्डेड वेयर हाउस र ड्युटी फ्री सप) ले बिक्री गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु खरिद गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बापत बैङ्क प्रत्याभूति वा नगद धरौटी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बैङ्क प्रत्याभूति वा नगद धरौटीको फुकुवा वा फिर्ताको प्रक्रिया विभागले तोके बमोजिम हुनेछ।"

(२) आर्थिक ऐन, २०६३ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "३ख. करमुक्त पसलको बिक्रीमा अन्तःशुल्क नलाग्नेः (१) स्वीकृति प्राप्त करमुक्त पसल (बण्डेड वेयर हाउस र ड्युटी फ्री सप) ले बिक्री गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु खरिद गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बापत बैङ्क प्रत्याभूति वा नगद धरौटी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बैङ्क प्रत्याभूति वा नगद धरौटीको फुकुवा वा फिर्ताको प्रक्रिया विभागले तोके बमोजिम हुनेछ।"

(३) आर्थिक ऐन, २०६४ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "३ख. करमुक्त पसलको बिक्रीमा अन्तःशुल्क नलाग्नेः (१) स्वीकृति प्राप्त करमुक्त पसल (बण्डेड वेयर हाउस र ड्युटी फ्री सप) ले बिक्री गरेको वस्तुमा अन्तःशुल्क लाग्ने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि अन्तःशुल्क लाग्ने वस्तु खरिद गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बापत बैङ्क प्रत्याभूति वा नगद धरौटी राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बैङ्क प्रत्याभूति वा नगद धरौटीको फुकुवा वा फिर्ताको प्रक्रिया विभागले तोके बमोजिम हुनेछ।"

(४) आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः

"३ख. अन्तःशुल्क नलाग्नेः (१) दफा ३ बमोजिम अन्तःशुल्क लाग्ने वस्तु वा सेवामा देहायको अवस्थामा अन्तःशुल्क लाग्ने छैनः–

(क) नेपाल बाहिर निकासी गरेमा वा स्वीकृत प्राप्त करमुक्त पसल बण्डेड वेयर हाउस र ड्यूटी फ्री सप) लाई मदिरा र चुरोट बाहेकका अन्य वस्तु बिक्री गरेमा त्यस्तो वस्तु वा सेवामा अन्तःशुल्क लाग्ने छैन।

तर निकासी वा करमुक्त पसललाई बिक्री गर्नु अघि त्यस्तो वस्तु वा सेवामा लाग्ने अन्तःशुल्क बराबरको रकम नगद धरौटी वा बैङ्क प्रत्याभूति राख्नु पर्नेछ।

(ख) स्वीकृति प्राप्त बण्डेड वेयर हाउसले नेपाल सरकार, परराष्ट्र मन्त्रालयले सिफारिस गरेको कूटनीतिक तथा महसुल सुविधा प्राप्त व्यक्ति वा निकायलाई बिक्री गर्ने चुरोट तथा मदिरामा अन्तःशुल्क लाग्ने छैन।

तर,

(१) बण्डेड वेयर हाउसले चुरोट तथा मदिरा बाहेकका अन्य वस्तु अन्तःशुल्क नलगाई बिक्री वितरण गर्न बाधा पुग्ने छैन।

(२) बण्डेड वेयर हाउसबाट बिक्री गरिने अन्तःशुल्क नलाग्ने वस्तु पैठारी गर्दा त्यस्तो वस्तुमा लाग्ने अन्तःशुल्क बराबरको रकम नगद धरौटी वा बैङ्क प्रत्याभूति राख्नु पर्नेछ।

(२) उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको नगद धरौटी वा बैङ्क प्रत्याभूतिको फुकुवा वा फिर्ता प्रक्रिया विभागद्वारा तोकिए बमोजिम हुनेछ।

(३) नेपालभित्र उत्पादन भएका वा तयार भएका मालवस्तुहरू नेपाल बाहिर निर्यात भैसकेपछि सम्बन्धित पार्टीले लिन अस्वीकार गरी वा अन्य कुनै कारणले पुनः पैठारी गरी ल्याएको अवस्थामा सोही मालवस्तु पैठारी भएको तीन महिनाभित्र निकासी गर्ने भएमा यसरी फिर्ता ल्याउँदाका बखत लाग्ने अन्तःशुल्क धरौटीमा राखी त्यस्तो मालवस्तु पुनः निकासी भएपछि धरौटी रकम सम्बन्धित भन्सार कार्यालयले फिर्ता दिनेछ।"

[30] आर्थिक ऐन, २०८० द्वारा थप।

[31] आर्थिक ऐन, २०६३ द्वारा थप भएकोमा आर्थिक ऐन, २०६५ ले निरन्तरता नदिएकोले झिकिएको।

(१) थप गरेको व्यवस्थाः "३ग. अन्तःशुल्क बुझाउने दायित्वः यस ऐन बमोजिम अन्तःशुल्क बुझाउने दायित्व देहाय बमोजिमको व्यक्तिमा हुनेछः-

(क) देशभित्र उत्पादन हुने वस्तु वा सेवाको हकमा उत्पादक,

(ख) पैठारी हुने वस्तुमा सो वस्तु प्राप्त गर्ने बिल अफ लेण्डिङ्गमा उल्लेख भएका व्यक्ति,

(ग) अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्ति,

(घ) अन्तःशुल्क लाग्ने वस्तु (ड्युटी फ्री) पुनः बिक्री वा अन्य प्रयोजनमा प्रयोग भएमा वा अन्तःशुल्क नलाग्ने अवस्थाबाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्ति।"

(२) आर्थिक ऐन, २०६४ द्वारा संशोधन कायम भएको व्यवस्थाः "३ग. अन्तःशुल्क बुझाउने दायित्वः यस ऐन बमोजिम अन्तःशुल्क बुझाउने दायित्व देहाय बमोजिमको व्यक्तिमा हुनेछः–

(क) देशभित्र उत्पादन हुने वस्तु वा सेवाको हकमा उत्पादक,

(ख) पैठारी हुने वस्तुमा सो वस्तु प्राप्त गर्ने बिल अफ लेण्डिङ्गमा उल्लेख भएका व्यक्ति,

(ग) अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्ति,

(घ) अन्तःशुल्क लाग्ने वस्तु (ड्युटी फ्री) पुनः बिक्री वा अन्य प्रयोजनमा प्रयोग भएमा वा अन्तःशुल्क नलाग्ने अवस्थाबाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्ति।"

[32] मूल ऐनको व्यवस्थामा आर्थिक ऐन, २०६५, आर्थिक ऐन, २०६६ र आर्थिक ऐन, २०७१ द्वारा संशोधन भई निरन्तरता कायम भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम।

(१) मूल ऐनको व्यवस्थाः "४. अन्तःशुल्क असुली गर्नेः (१) यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क असुल उपर गर्दा देहाय बमोजिमको अवस्थामा असुल उपर गरिनेछः–

(क) वस्तुको हकमा प्रतिष्ठानको उत्पादन बिक्रीको लागि निष्कासन गर्दाका बखत,

(ख) सेवाको हकमा उपभोक्तालाई बीजक जारी गर्दाको बखत,

(ग) पैठारी गरिने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र भन्सार प्रयोजनको लागि पैठारी हुँदाको बखत।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तुको हकमा उत्पादनको अवस्थामा नै अन्तःशुल्क लगाउनु पर्ने भए त्यसको प्रक्रिया तोकिए बमोजिम हुनेछ।"

(२) आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "४. अन्तःशुल्क असुलीः (१) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यस ऐन बमोजिम अन्तःशुल्क लाग्ने वस्तु तथा सेवामा देहाय बमोजिम अन्तःशुल्क असुल गरिनेछः-

(क) भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा प्रतिष्ठानबाट उत्पादन गरी बिक्रीका लागि निष्कासन गर्दाको बखत,

(ख) स्वयं निष्कासन प्रणालीमा आधारित वस्तु तथा सेवाको हकमा बीजक जारी गर्दाको बखत,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाको बखत भन्सार बिन्दुमा,

(घ) पैठारी गरिएका अन्तःशुल्क लाग्ने सवारी साधनको हकमा व्यापारिक प्रयोजनका लागि स्थानीय तहमा बिक्री हुँदा बीजक जारी गर्दाको बखत,

(ङ) पैठारी हुने सेवाको हकमा विभागद्वारा तोकिए बमोजिम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तु वा सेवाको हकमा त्यस्तो वस्तु उत्पादन गरेको वा सेवा प्रदान गरेको अवस्थामा नै अन्तःशुल्क असुल गर्नु पर्ने गरी विभागले तोक्न सक्नेछ।"

(३) आर्थिक ऐन, २०६६ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "४. अन्तःशुल्क असुलीः (१) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक यस ऐन बमोजिम अन्तःशुल्क लाग्ने वस्तु तथा सेवामा देहाय बमोजिम अन्तःशुल्क असुल गरिनेछः-

(क) भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा प्रतिष्ठानबाट उत्पादन गरी बिक्रीका लागि निष्कासन गर्दाको बखत,

(ख) स्वयं निष्कासन प्रणालीमा आधारित वस्तु तथा सेवाको हकमा बीजक जारी गर्दाको बखत,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाको बखत भन्सार बिन्दुमा,

(घ) पैठारी हुने सेवाको हकमा विभागद्वारा तोकिए बमोजिम।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वस्तु वा सेवाको हकमा त्यस्तो वस्तु उत्पादन गरेको वा सेवा प्रदान गरेको अवस्थामा नै अन्तःशुल्क असुल गर्नु पर्ने गरी विभागले तोक्न सक्नेछ।"

[३३] आर्थिक अध्यादेश, २०५९ द्वारा देहायको उपदफा (३) थप भई सो व्यवस्थालाई आर्थिक ऐन, २०६४ सम्मले निरन्तरता दिएको र त्यसपछिका आर्थिक ऐन तथा आर्थिक अध्यादेशले निरन्तरता नदिएकोले झिकिएको व्यवस्थाः

"(३) स्वीकृति लिई निष्कासन गरेको मदिरा र चुलाईमा जाने पदार्थको अल्कोहलको मात्रा र गुणस्तरको परीक्षण कार्यालयले जुनसुकै बखत गर्न सक्नेछ। अल्कोहलको मात्रा एक

प्रतिशतभन्दा बढी भएमा वा गुणस्तरमा उल्लेखनीय रूपबाट फरक परेमा राजस्व चुहावट भएको जति बिगो रकममा पच्चीस प्रतिशत थप गरी असुल गरिनेछ।"

[३४] आर्थिक ऐन, २०६४ द्वारा दफा ४क. थप गरिएकोमा आर्थिक ऐन, २०६५ द्वारा संशोधन भएको।

(१) आर्थिक ऐन, २०६४ द्वारा थप भई कायम भएको दफा ४क. को व्यवस्थाः

"४क. अन्तःशुल्क छुट हुनेः (१) विदेशी नियोग तथा दातृ संस्थाले कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरूप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गरी सरकारी निकायमा हस्तान्तरण गर्दा अन्तःशुल्क लाग्ने छैन।

(२) कूटनीतिक नियोग, परियोजना र अन्य निकायहरूले (सरकारी एवं गैरसरकारी सङ्घ संस्था) महसुल सुविधामा पैठारी गरेका सुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा अन्तःशुल्क लाग्ने छैन।

(२) निजी प्रयोजनको लागि आंशिक भन्सार महसुल सुविधामा आयात गरिएका सवारी साधनका धनीको मृत्यु भई उक्त सवारी साधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा अन्तःशुल्क छुट हुनेछ।"

(२) ऐन आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "४क. अन्तःशुल्क बुझाउने दायित्वः यस ऐन बमोजिम अन्तःशुल्क बुझाउने दायित्व देहाय बमोजिमको व्यक्तिमा हुनेछः–

(क) नेपालभित्र उत्पादन हुने वस्तु वा सेवाको हकमा उत्पादक,

(ख) पैठारी हुने वस्तुमा सो वस्तु प्राप्त गर्ने बिल अफ लेडिङ्ग वा एरोबिल (एयरबिल) मा उल्लेख भएका व्यक्ति,

(ग) अन्तःशुल्क लाग्ने पदार्थ लिलाम भएकोमा सो लिलाम सकार्ने व्यक्ति,

(घ) करमुक्त पसल (ड्यूटी फ्री सप) बाट बिक्री भएको मदिरा र चुरोट बाहेकका वस्तु पुनः बिक्री वा अन्य प्रयोजनमा प्रयोग भएमा पुनः बिक्री गर्ने वा प्रयोग गर्ने व्यक्ति,

(ङ) कुनै वस्तु वा सेवा अन्तःशुल्क नलाग्ने अवस्थाबाट लाग्ने अवस्थामा परिवर्तन भएमा त्यस्तो वस्तुको स्वामित्व कायम रहने व्यक्ति,

(च) खण्ड (क) देखि (ङ) मा उल्लेख भएदेखि बाहेक अन्य अवस्थामा विभागले तोकेको व्यक्ति।"

[३५] आर्थिक ऐन, २०६५ द्वारा थप भई कायम भएको व्यवस्थाः

"४ख. अन्तःशुल्क दाखिला गर्ने म्यादः (१) यस ऐन बमोजिम असुल भएको अन्तःशुल्क देहाय बमोजिम दाखिला गर्नु पर्नेछः

(क) भौतिक नियन्त्रण प्रणालीमा आधारित वस्तुको हकमा त्यस्तो वस्तु निष्कासन गर्दाका बखत,

(ख) स्वयं निष्कासन प्रणाली अन्तर्गत उत्पादन तथा बिक्री वितरण हुने वस्तु वा सेवाको हकमा बीजक जारी भएपछिको महिनाको पच्चीस गतेभित्र,

(ग) पैठारी हुने वस्तुको हकमा त्यस्तो वस्तु नेपालभित्र प्रवेश गर्दाका बखत,

(घ) पैठारी हुने सेवाका हकमा विभागले तोके बमोजिम।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको म्यादभित्र अन्तःशुल्क भुक्तानी नगरेमा भुक्तानी गर्न बाँकी अन्तःशुल्क रकममा प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशतका दरले विलम्ब दस्तुर लाग्नेछ।"

[३६] आर्थिक ऐन, २०६५ द्वारा थप भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम।

"४ग. अन्तःशुल्क छुट हुनेः (१) कूटनीतिक सुविधा प्राप्त व्यक्ति वा निकायले परराष्ट्र मन्त्रालयको सिफारिसमा पैठारी गर्ने वस्तुमा अन्तःशुल्क छुट हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा समेत अन्तःशुल्क छुट हुनेछः

(क) विदेशी नियोग तथा दातृ संस्थाले कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरूप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्ति पछि अर्थ मन्त्रालयको स्वीकृति लिई स्थानीय निकाय, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल वा सरकारी निकायलाई हस्तान्तरण गर्दा,

(ख) कूटनीतिक नियोग, परियोजना र अन्य निकायहरू (सरकारी एवं गैरसरकारी सङ्घ संस्था) ले महसुल सुविधामा पैठारी गरेका सुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्रयाप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा,

(ग) निजी प्रयोजनको लागि आंशिक भन्सार महसुल सुविधामा आयात गरिएका सवारी साधनका धनीको मृत्यु भै उक्त सवारी साधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा।

[३७] आर्थिक ऐन, २०७३ द्वारा थप।

[३८] आर्थिक ऐन, २०८२ द्वारा संशोधित। संशोधन हुनुअघि "स्थानीय निकाय" भन्ने शब्दहरू रहेका।

[३९] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। आर्थिक ऐन, २०७६ द्वारा संशोधनसहित साविकको व्यवस्थाः "(ख) कूटनीतिक नियोग, परियोजना, व्यक्ति र अन्य निकायहरूले सरकारी एवं गैरसरकारी सङ्घ, संस्था) महसुल सुविधामा पैठारी गरेका सुरु उत्पादन वर्षले पन्ध्र वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा,"

[४०] आर्थिक ऐन, २०७४ द्वारा थप।

[४१] आर्थिक ऐन, २०६६ द्वारा थप।

[४२] आर्थिक ऐन, २०६५ द्वारा थप भई देहाय बमोजिम संशोधन भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम।

(१) आर्थिक ऐन, २०६५ द्वारा थप भएको व्यवस्थाः "४घ. बिक्री वितरणमा नियन्त्रणः नेपाल सरकारले आवश्यक ठानेको अन्तःशुल्कजन्य वस्तुको बिक्री वितरणमा नियन्त्रण गरी तोकिए बमोजिम व्यवस्थित गर्न सक्नेछ।"

(२) आर्थिक ऐन, २०७२ संशोधन भई कायम भएको व्यवस्थाः "४घ. बिक्री वितरणमा नियन्त्रणः (१) नेपाल सरकारले आवश्यक ठानेको अन्तःशुल्कजन्य वस्तुको बिक्री वितरणमा नियन्त्रण गरी तोकिए बमोजिम व्यवस्थित गर्न सक्नेछ।"

(२) होटेल तथा रेष्टुरेन्ट व्यवसाय बाहेक महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका क्षेत्रभित्र र विभागले तोकेको प्रमुख राजमार्ग क्षेत्रमा मदिराको कारोबार गर्ने व्यवसायीले मदिरा र सुर्तीजन्य वस्तुको मात्र कारोबार गर्न पाउनेछ।

तर डिपार्टमेण्टल स्टोरले मदिराको अलग्गै बिक्री कक्ष राखी कारोबार गर्न पाउनेछ।"

[४३] आर्थिक अध्यादेश, २०७८ द्वारा संशोधन भएकोमा सो व्यवस्थालाई आर्थिक ऐन, २०७८ ले कायमै राखेको। अध्यादेशद्वारा संशोधन हुनुअघिको व्यवस्थाः

"(२) होटल तथा रेष्टुरेन्ट व्यवसायी बाहेक मदिराको कारोबार गर्ने व्यवसायीले मदिरा र सुर्तीजन्य पदार्थको मात्र कारोबार गर्नु पर्नेछ।"

[४४] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा "सुर्तीजन्य पदार्थ" भन्ने शब्दहरू रहेका।

[४५] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा "सुर्तीजन्य पदार्थ" भन्ने शब्दहरू रहेका।

[४६] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा "सुर्तीजन्य पदार्थ" भन्ने शब्दहरू रहेका।

[47] आर्थिक ऐन, २०६८ द्वारा थप भएकोमा आर्थिक ऐन, २०७१ द्वारा संशोधन भई निरन्तरता भएको र आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम।

(१) आर्थिक ऐन, २०६८ द्वारा थप भएको व्यवस्थाः "४ङ. उपहार तथा नगद छुट सम्बन्धी व्यवस्थाः मदिरा, बियर वा चुरोट उद्योगहरू र तिनका बिक्रेताहरूले कुनै पनि प्रकारका उपहार कार्यक्रम सञ्चालन गर्न वा त्यस्ता उद्योगहरूले मूल्य अभिवृद्धि करमा दर्ता भएका बाहेक अन्य बिक्रेतालाई त्यस्तो उत्पादन बिक्री गर्दा छुट दिन पाइने छैन। यस्तो कार्य गरेको पाइएमा इजाजतपत्रको शर्त उल्लङ्घन गरेको मानिनेछ।"

(२) आर्थिक ऐन, २०७१ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "४ङ. उपहार तथा नगद छुट सम्बन्धी व्यवस्थाः मदिरा, बियर वा सुर्तीजन्य पदार्थ सम्बन्धी उद्योगहरू र त्यस्ता वस्तुहरूका पैठारीकर्ता तथा तिनका बिक्रेताहरूले कुनै पनि प्रकारका उपहार कार्यक्रम सञ्चालन गर्न वा त्यस्ता उद्योगहरूले मूल्य अभिवृद्धि करमा दर्ता भएका बाहेक अन्य बिक्रेतालाई त्यस्तो उत्पादन बिक्री गर्दा छुट दिन पाइने छैन। यस्तो कार्य गरेको पाइएमा इजाजतपत्रको शर्त उल्लङ्घन गरेको मानिनेछ।

[48] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा "सुर्तीजन्य पदार्थ" भन्ने शब्दहरू रहेका।

[49] आर्थिक ऐन, २०७७ द्वारा झिकिएको। साविकमा "मूल्य अभिवृद्धि करमा दर्ता भएका बाहेक अन्य बिक्रेतालाई" भन्ने शब्दहरू रहेका।

[50] आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई निरन्तरता कायम भएकोमा आर्थिक ऐन, २०७५ ले संशोधन कायम गरेको।

(१) मूल ऐनको व्यवस्थाः "७. अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको मूल्य निर्धारणः (१) मूल्यको आधारमा कुनै वस्तुमा अन्तःशुल्क लाग्ने भएमा उत्पादनतर्फ र पैठारीतर्फ, देहाय बमोजिमको मूल्यलाई आधार मानी अन्तःशुल्क लगाइनेछः

(क) उत्पादनतर्फः

(१) उत्पादकले थोक बिक्रेतालाई अन्तःशुल्क लाग्ने वस्तु बिक्री गरेको समय र स्थानमा लिने मूल्य, वा

(२) विभागले उत्पादन लागतको आधारमा तोकिदिएको मूल्य।

(ख) पैठारीतर्फः

पैठारी हुने वस्तुको सम्बन्धमा त्यस्तो वस्तुमा भन्सार महसुल लिने प्रयोजनको निमित्त निर्धारण गरिएको मूल्य।

तर पैठारी हुने वस्तु नेपाल अधिराज्यभित्र पनि उत्पादन हुने रहेछ र विभागले खण्ड (क) को प्रयोजनको लागि सो वस्तुको मूल्य निर्धारण गरेको रहेछ भने सो मूल्य वा यस खण्ड बमोजिमको मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्यलाई आधार मानी अन्तःशुल्क असुल गरिनेछ।"

(२) आर्थिक अध्यादेश, २०६० द्वारा संशोधनः उपदफा (१) को खण्ड (ख) मा रहेका "निर्धारण गरिएको मूल्य" भन्ने शब्दहरूको सट्टा "निर्धारण गरिएको मूल्यमा भन्सार

महसुल समेत थप गरी कायम हुन आएको मूल्य" भन्ने शब्दहरू राखी सोही दफामा उपदफा (३) पछि देहायका उपदफा (४) र (५) थप गरेको:

"(४) एनहाइड्रस इथानोल, रेक्टिफाइड स्प्रिट वा इ.एन.ए. उत्पादन गर्ने उद्योगले प्रयोग गर्ने अन्न, मोलासिस वा खुँदोबाट प्राप्त हुनु पर्ने इथानोल, स्प्रिट वा इ.एन.ए.को उत्पादन प्रतिलब्धि दरको निर्धारण तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (४) बमोजिम तोकिएको प्रतिलब्धि दर भन्दा घटी उत्पादन भएको देखिएमा त्यस्तो फरक परिमाणको इथानोल, स्प्रिट वाइ.एन.ए. बाट उच्चतम कोटीको मदिरा उत्पादन भएको मानिनेछ।"

(३) आर्थिक अध्यादेश, २०६१ (दोस्रो) द्वारा दफा ७ को,

(१) उपदफा (१) खण्ड (क) को उपखण्ड (१) मा संशोधनः

"(१) उत्पादकले अन्तःशुल्क लाग्ने वस्तु बिक्री गर्दा निर्धारण गरेको कारखाना मूल्य, वा"

(२) उपदफा (१) को खण्ड (ख) मा रहेका "निर्धारण गरिएको मूल्य" भन्ने शब्दहरूको सट्टा निर्धारण गरिएको मूल्यमा भन्सार महसुल समेत थप गरी कायम हुन आएको मूल्य" भन्ने शब्दहरू राखिएको।

(३) उपदफा (३) पछि देहायका आर्थिक अध्यादेश, २०६० द्वारा कायम गरिएको उपदफा (४) र (५) लाई निरन्तरता दिइएको।

(४) आर्थिक ऐन, २०६४ द्वारा उपदफा (१) को खण्ड (क) आर्थिक अध्यादेश, २०६१ द्वारा कायम भएको व्यवस्थालाई निरन्तरता दिँदै उपखण्ड (१) पछि देहायको उपखण्ड (१क) थप गरी आर्थिक अध्यादेश, २०६० द्वारा थप गरिएको उपदफा (४) र (५) लाई निरन्तरता कायम।

"(१क) सेवाको हकमा सेवा बिक्री गर्दाको मूल्य।"

[५१] आर्थिक ऐन, २०६४ द्वारा दफा ८ को उपदफा (१) मा देहाय बमोजिम संशोधन कायम भएकोमा उक्त व्यवस्थालाई त्यसपछिका आर्थिक ऐनले निरन्तरता नदिएको: "(१) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन।"

[५२] आर्थिक ऐन, २०८० द्वारा संशोधित। साविकमा "उत्पादन, पैठारी," भन्ने शब्द रहेको।

[५३] आर्थिक ऐन, २०६३ द्वारा थप भई निरन्तरता कायम भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम।

[५४] आर्थिक ऐन, २०७५ द्वारा संशोधन। मूल ऐनको व्यवस्थामा देहाय बमोजिम संशोधन भएको:

(१) मूल ऐनको व्यवस्था: "९. इजाजतपत्र सम्बन्धी व्यवस्था: (१) दफा ८ बमोजिम अन्तःशुल्क अधिकृत समक्ष इजाजतपत्रको लागि निवेदन परेमा त्यस्तो निवेदन उपर

आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा तोकिए बमोजिमको ढाँचामा विभागले वा विभागले तोकेको अन्तःशुल्क अधिकृतले इजाजतपत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको इजाजतपत्रको अवधि र त्यसलाई नवीकरण गर्ने तरिका र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ।"

(२) आर्थिक ऐन, २०६५ द्वारा संशोधित व्यवस्थाः "९. इजाजतपत्र सम्बन्धी व्यवस्थाः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम इजाजतपत्र नलिई कसैले पनि अन्तःशुल्क लाग्ने वस्तु उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा कसैलाई प्रदान गर्न हुँदैन।

तर परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र लिन चाहने व्यक्ति, फर्म कम्पनी वा संस्थाले तोकिए बमोजिमको ढाँचामा तोकिएको दस्तुर संलग्न गरी अन्तःशुल्क अधिकृत समक्ष इजाजतपत्रको लागि निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अन्तःशुल्क अधिकृत समक्ष इजाजतपत्रको लागि निवेदन परेमा त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा तोकिए बमोजिमको ढाँचामा विभाग वा विभागले तोकेको अन्तःशुल्क अधिकृतले इजाजतपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ।

(५) इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले उपदफा (४) बमोजिमको अवधि समाप्त भएपछि तोकिए बमोजिमको दस्तुर दाखिला गरी श्रावण महिनाभित्र नवीकरण गराउनु पर्नेछ।

तर कुनै इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षका लागि एकैपटक नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउन सक्नेछ।

(६) उपदफा (५) बमोजिमको अवधिभित्र इजाजतपत्र नवीकरण नगराउने इजाजतपत्रवालाले त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण गराउनेले नवीकरण दस्तुरको पच्चीस प्रतिशत, त्यसपछिको तीन महिनाभित्र नवीकरण गराउनेले पचास प्रतिशत, त्यसपछिको तीन महिनाभित्र नवीकरण गराउनेले पचहत्तर प्रतिशत र त्यसपछि असार मसान्तसम्मको अवधिको लागि शतप्रतिशत जरिवाना बुझाउनु पर्नेछ।

(७) उपनियम (६) मा तोकिएको अवधि समाप्त भएपछि नवीकरण गराउन चाहेमा तोकिए बमोजिमको नवीकरण बापत लाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि शतप्रतिशत थप इजाजत दस्तुर र बक्यौता रकम समेत बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

(८) कुनै व्यक्तिले उपदफा (१) बमोजिमको इजाजतपत्र नलिई कारोवार गरेकोमा इजाजतपत्र बापत र सोको नवीकरण बापत लाग्ने दस्तुरबाट उन्मुक्ति पाउने छैन।"

(३) आर्थिक ऐन, २०६६ द्वारा संशोधित व्यवस्थाः आर्थिक ऐन, २०६५ ले कायम गरेको उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांशमा कायम गरी अन्य व्यवस्थालाई निरन्तरता दिएकोः

"तर ईटा, स्टोन क्रसर, बिँडी, सुर्ती, खैनी, पानमसला, गुट्खा उत्पादन, खाँडसारी उद्योग तथा खुँदो र गुँड पैठारीमा बाहेक स्वयं निष्कासन प्रणाली लागू हुने उद्योग अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन, पैठारी, बिक्री वा सञ्चय गर्न वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न र परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन।"

(४) आर्थिक ऐन, २०६८ द्वारा संशोधित व्यवस्थाः आर्थिक ऐन, २०६५ ले कायम गरेको उपदफा (५) को सट्टामा देहायको व्यवस्था कायम गरेकोः "(५) इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले उपदफा (४) बमोजिमको अवधि समाप्त भएपछि तोकिए बमोजिमको दस्तुर दाखिला गरी श्रावण महिनाभित्र नवीकरण गराउनु पर्नेछ।
तर,

(क) कुनै इजाजतपत्रवालाले चाहेमा तीन आर्थिक वर्षका लागि एकैपटक नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउन सक्नेछ।

(ख) ईटा, स्टोन क्रसर, बिँडी, सुर्ती खैनी, पानमसला, गुट्खा उत्पादन, खाडसारी उद्योग तथा खुँदो र गुड पैठारी गर्ने इजाजतपत्रवालाले तोकिए बमोजिमको नवीकरण दस्तुर दाखिला गरी नवीकरण गराउनु पर्नेछ।

(ग) स्वयं निष्कासन प्रणाली लागू हुने उद्योग अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न लिइएको इजाजतपत्र नवीकरण गर्नु पर्ने छैन।"

(५) आर्थिक ऐन, २०७० आर्थिक अध्यादेश, २०७० ले कायम गरेको व्यवस्थाः

(क) उपदफा (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश कायम गरेकोः "तर परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक सुविधा अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको पैठारी गर्दा र स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तुहरूको बिक्री वा सञ्चय गर्न अन्तःशुल्क इजाजतपत्र लिनु पर्ने छैन।"

(ख) उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेको "ईटा," भन्ने शब्द झिकिएको।

(६) आर्थिक ऐन, २०७२ ले उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ख) मा रहेको "स्टोनक्रस," भन्ने शब्द झिकिएको।

(७) आर्थिक ऐन, २०७२ ले उपदफा (७) मा गरेको व्यवस्था बाहेक अन्य उपदफामा भएको व्यवस्थालाई त्यसपछिका आर्थिक ऐनले निरन्तरता नदिएको। आर्थिक ऐन, २०७२ ले दफा ९ को उपदफा (७) मा कायम गरेको र त्यसपछिका आर्थिक ऐनले निरन्तरता नदिएको व्यवस्थाः "(७) उपदफा (६) मा तोकिएको अवधि समाप्त भएपछि नवीकरण गराउन चाहेमा तोकिए बमोजिमको नवीकरण बापत लाग्ने दस्तुरमा प्रत्येक आर्थिक वर्षको लागि शतप्रतिशत थप इजाजत दस्तुर र बक्यौता रकम समेत बुझाई इजाजतपत्र नवीकरण गराउन सक्नेछ।"

५५ आर्थिक ऐन, २०८० द्वारा संशोधित। साविकमा "उत्पादन, पैठारी," भन्ने शब्दहरू रहेको।

५६ आर्थिक ऐन, २०८२ द्वारा संशोधित। संशोधन हुनुअघि "अन्तर्गतका वस्तुहरूको पैठारी, बिक्री वा" भन्ने शब्दहरू रहेका।

५७ आर्थिक ऐन, २०८२ द्वारा झिकिएको। संशोधन हुनुअघि "चाहने" भन्ने शब्द रहेको।

५८ आर्थिक ऐन, २०७७ द्वारा संशोधित। साविकको व्यवस्थाः (ग) स्वयं निष्कासन प्रणाली लागू हुने उद्योग अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा अन्तःशुल्क लाने सेवा प्रदान गर्न लिइएको इजाजतपत्र नवीकरण गर्नु पर्ने छैन।

५९ आर्थिक ऐन, २०८२ द्वारा संशोधित। संशोधन हुनुअघि "त्यसपछि असार मसान्तसम्मको अवधिको लागि" भन्ने शब्दहरू रहेका।

६० आर्थिक ऐन, २०८२ द्वारा संशोधित।

(१) आर्थिक ऐन, २०८१ द्वारा संशोधन कायम भएको व्यवस्थाः (६क) उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण गराउन त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पचास प्रतिशत, त्यसपछिको दोस्रो तीन महिनाभित्र शतप्रतिशत र त्यसपछि सो आर्थिक वर्षको बाँकी अवधिसम्मको लागि दुई सय प्रतिशतका दरले जरिबाना बुझाउनु पर्नेछ।

(२) साविकमा आर्थिक ऐन, २०७६ द्वारा थप भएको व्यवस्थाः (६क) उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले नवीकरण गराउन त्यस्तो अवधि नाघेको पहिलो तीन महिनाभित्र नवीकरण दस्तुरको पचास प्रतिशत र त्यसपछिको तीन महिनाभित्र शतप्रतिशत जरिवाना बुझाउनु पर्नेछ।

६१ आर्थिक अध्यादेश, २०७८ द्वारा झिकिएको व्यवस्थालाई आर्थिक ऐन, २०७८ द्वारा संशोधन कायम। अध्यादेशले संशोधन गर्नुअघिको व्यवस्थाः

"तर दफा (९) को उपदफा (३) बमोजिम इजाजतपत्र लिई उपदफा (५) बमोजिमको अवधिभित्र नवीकरण नगराउने उत्पादन र पैठारी गर्ने इजाजतपत्रवालाले नवीकरण गराउन चाहेमा प्रत्येक वर्षको लागि लाग्ने नवीकरण दस्तुर र सोको शतप्रतिशत जरिवाना बुझाई संवत् २०७६ पौष मसान्तभित्र नवीकरण गराउन सक्नेछ।"

---

[६२] आर्थिक ऐन, २०८२ द्वारा झिकिएको। आर्थिक अध्यादेश, २०७८ द्वारा थप भएकोमा आर्थिक ऐन, २०७८ द्वारा सो व्यवस्थालाई कायम गरेको व्यवस्थाः (६ख) उपदफा (५) वा (६) बमोजिम तोकिएको अवधिभित्र नवीकरण नगराउने इजाजतपत्रवालाको इजाजतपत्र स्वतः खारेज हुनेछ।

[६३] आर्थिक ऐन, २०६७ द्वारा थप भई आर्थिक ऐन, २०७२ सम्म निरन्तरता दिएको र आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम गरेको।

[६४] आर्थिक ऐन, २०७३ द्वारा संशोधित। साविकमा "तीस दिन" भन्ने शब्दहरू रहेका। आर्थिक ऐन, २०७५ ले संशोधन कायम गरेको।

[६५] आर्थिक ऐन २०७३ द्वारा थप भई आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम गरेको।

[६६] आर्थिक ऐन, २०७५ द्वारा थप।

[६७] आर्थिक ऐन, २०६५ द्वारा संशोधित।

(१) मूल ऐनको व्यवस्थाः "१०. इजाजतपत्र रद्द गर्न सक्नेः दफा ९ को उपदफा (१) बमोजिम दिइएको इजाजतपत्र विभागले देहायको अवस्थामा रद्द गर्न सक्नेछः

(क) इजाजतपत्रमा तोकिएको शर्त तथा बन्देज उल्लङ्घन भएको पाइएमा,

(ख) सार्वजनिक हित विपरीत हुने देखिएमा।

(२) आर्थिक ऐन, २०६५ द्वारा संशोधित भई कायम भएको व्यवस्थाः "१०. इजाजतपत्र रद्द गर्न सक्नेः विभागले देहायको अवस्थामा इजाजतपत्र रद्द गर्न सक्नेछः-

(क) इजाजतपत्रमा तोकिएको शर्त तथा बन्देज उल्लङ्घन भएको पाइएमा,

(ख सार्वजनिक हित विपरीत हुने देखिएमा,

(ग) बुझाउनु पर्ने अन्तःशुल्क नबुझाएमा।

(३) आर्थिक ऐन, २०६५ द्वारा संशोधित दफा १० को व्यवस्थालाई आर्थिक ऐन, २०६६ ले निरन्तरता दिएको।

(४) आर्थिक ऐन, २०६७ द्वारा आर्थिक ऐन, २०६६ द्वारा संशोधित व्यवस्थामा देहायको खण्ड (घ) थप गरेकोः मूल ऐनको व्यवस्था स्वतः क्रियाशील भएको।

"(घ) इजाजतपत्रवाला संस्था विघटन भएमा वा इजाजतपत्रवालाले आफ्नो इजाजतपत्र रद्द गर्न निवेदन दिएमा।"

[६८] केही नेपाल ऐन संशोधन गर्ने ऐनबाट मिति २०७५।११।१९ मा संशोधन भएको।

[६९] आर्थिक ऐन, २०७३ द्वारा थप भई आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[७०] ऐ. ऐ.।

[७१] ऐ. ऐ.।

[७२] आर्थिक ऐन, २०६५ द्वारा थप गरिएकोमा त्यसपछि निरन्तर रूपमा आ.व. २०७४।७५ सम्म कायम रहेको र आर्थिक ऐन, २०७५ ले संशोधन कायम गरेको।

[७३] आर्थिक ऐन, २०७० द्वारा संशोधन भई कायम भएकोमा त्यसपछि निरन्तर रूपमा आ.व. २०७४।७५ सम्म कायम रहेको र आर्थिक ऐन, २०७५ ले संशोधन कायम गरेको।

[७४] आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ ले संशोधन कायम गरेको।

[७५] ऐ. ऐ.।

[७६] ऐ. ऐ.। आर्थिक ऐन, २०६५ द्वारा थप गरिएको व्यवस्थामा उपदफा (१) को खण्ड (झ) को देहायको प्रतिबन्धात्मक वाक्यांशलाई आर्थिक ऐन, २०६७ ले निरन्तरता नदिएकोले झिकिएको र बाँकी व्यवस्थालाई आर्थिक ऐन, २०७५ ले निरन्तरता दिएको।

"तर खण्ड (ग) र (ज) को अवस्थामा बाहेक अन्तःशुल्क विवरण दाखिला गरेको मितिले चार वर्षभित्र अन्तःशुल्क निर्धारण गरिसक्नु पर्नेछ।"

[७७] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा "चुलाई" भन्ने शब्द रहेको।

[७८] आर्थिक ऐन, २०७९ द्वारा संशोधन गरिएको। साविकमा देहायको व्यवस्था रहेकोः "(झ) इजाजतपत्र नलिई कुनै व्यक्तिले अन्तःशुल्क लाग्ने वस्तुको कारोबार गरेमा।"

(१) आर्थिक ऐन, २०६६ द्वारा "वस्तु वा सेवाको" भन्ने शब्दहरूको सट्टा "वस्तुको" भन्ने शब्द कायम गरेको।

[७९] आर्थिक ऐन, २०७९ द्वारा थप गरिएको।

[८०] आर्थिक ऐन, २०६७ द्वारा "विभागको" भन्ने शब्दको सट्टा "महानिर्देशक" भन्ने शब्द राखेको।

[८१] आर्थिक अध्यादेश, २०६८ द्वारा थप भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम गरेको।

[८२] आर्थिक ऐन, २०६६ द्वारा उपदफा (४) को खण्ड (च) को अन्त्यमा रहेको देहायको वाक्यांश हटाई सोको पछि उपनियम (५) कायम गरेकोः

"अन्तःशुल्क अधिकृतले माग गरेको सूचना दिनु त्यस्तो बैङ्क, वित्तीय संस्था वा व्यक्तिको कर्तव्य हुनेछ।"

[८३] आर्थिक ऐन, २०६५ द्वारा थप भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम।

[८४] ऐ.ऐ.।

[८५] ऐ.ऐ.।

[८६] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा "चुलाई" भन्ने शब्द रहेको।

[८७] आर्थिक ऐन, २०८१ द्वारा थप।

[८८] ऐ.ऐ.।

[८९] आर्थिक ऐन, २०७४ द्वारा "वा स्थानीय निकायबाट" भन्ने शब्दहरूको सट्टा "प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्वमा भएको कुनै सङ्गठित संस्था वा स्थानीय तहबाट" भन्ने शब्दहरू राखिएको।

[९०] आर्थिक ऐन, २०६७ द्वारा थप भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम।

[91] आर्थिक ऐन, २०६६ द्वारा थप भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ ले संशोधन कायम गरेको।

[92] आर्थिक ऐन, २०६८ द्वारा थप भएकोमा आर्थिक ऐन, २०७१ ले संशोधन गरी त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ ले संशोधन कायम गरेको। आर्थिक ऐन, २०६८ द्वारा थपेको व्यवस्थामाः

"१०ञ. अन्तःशुल्क छल्ने योजना विरुद्धको अवस्थाः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्तःशुल्कको फाइदा लिने उद्देश्यले कुनै व्यक्तिले देहायको कुनै कार्य गरेमा अन्तःशुल्क मुक्ति योजना गरी यस ऐन बमोजिम लाग्ने अन्तःशुल्क छल्ने दुरुत्साहन गरेको मानी महानिर्देशकले त्यस्तो व्यक्तिको अन्तःशुल्क निर्धारण एवं असुल उपर गर्न अन्तःशुल्क अधिकृतलाई आदेश दिन सक्नेछः

(क) यस ऐनमा भएको व्यवस्थाको दुरूपयोग गरी अन्तःशुल्क छल्ने उद्देश्यले कुनै योजना तथा कार्य गरी अन्तःशुल्कको दायित्व कम गरेमा, वा

(ख) अन्तःशुल्क दायित्व कम गर्ने उद्देश्यले कुनै कार्य गरेमा वा सो गर्ने उद्देश्यले सम्झौता गरेमा।"

[93] आर्थिक ऐन, २०८१ द्वारा थप।

[94] आर्थिक ऐन, २०६८ द्वारा थप भई आर्थिक ऐन, २०७१ ले संशोधन गरी त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम गरेको। थप भएको साविकको व्यवस्थाः "१०ट. अन्तःशुल्क टिकट परीक्षणः मदिरा, बियर वा चुरोटको उत्पादनमा प्रयोग गरिने अन्तःशुल्क टिकट सक्कली वा नक्कली सम्बन्धमा अन्तःशुल्क अधिकृतले परीक्षण गर्न सक्नेछ।"

[95] आर्थिक ऐन, २०८१ द्वारा थप।

[96] आर्थिक ऐन, २०८१ द्वारा थप।

[97] आर्थिक ऐन २०६५ द्वारा "निकासी" भन्ने शब्दको सट्टा "निष्कासन" भन्ने शब्द राखी संशोधन गरेको र त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ ले निरन्तरता दिएको।

[98] आर्थिक ऐन, २०६८ द्वारा संशोधन भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिई आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम। मूल ऐनको व्यवस्थाः "(ग) कसूरसित सम्बन्धित अन्तःशुल्क लाग्ने वस्तु र सो बमोजिम कसूर प्रमाणित गर्न सहायक हुने अन्य वस्तु र कागजात कब्जा गर्न।"

[99] आर्थिक अध्यादेश, २०६२ (२०६२।१०।१) द्वारा थप भई त्यसपछिका आर्थिक ऐन तथा अध्यादेशले निरन्तरता दिएको र आर्थिक ऐन, २०७० ले "साठी दिनभित्र" भन्ने शब्दहरू पछि "तत्सम्बन्धी आवश्यक" भन्ने शब्दहरू थप गरी निरन्तरता कायम भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम।

[100] आर्थिक ऐन, २०७४ द्वारा संशोधन भई आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम। साविकको व्यवस्थाः "(४) यस दफा बमोजिम कुनै प्रतिष्ठान, घर, जग्गा, सवारी साधन वा स्थानमा प्रवेश गर्दा वा खानतलासी लिँदा सम्भव भएसम्म सम्बन्धित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँ विकास समितिका एक जना सदस्य वा त्यस ठाउँका एक जना स्थानीय व्यक्तिलाई साक्षी राख्नु पर्नेछ"।

[101] आर्थिक ऐन, २०७४ द्वारा संशोधन भई आर्थिक ऐन, २०७५ ले संशोधन कायम गरेको। साविकको व्यवस्थाः "(१) कसैले यस ऐन विपरीत कुनै काम हुन लागेको, भइरहेको वा भइसकेको कुरा थाहा पाएमा अन्तःशुल्क कार्यालयमा वा नजिकमा अन्तःशुल्क कार्यालय नभए प्रहरी कार्यालय वा अन्य कुनै सरकारी कार्यालयमा सो कुराको सूचना दिनु निजको कर्तव्य हुनेछ। सूचना दिने व्यक्तिले त्यस्तो सूचना लिखित वा मौखिक रूपमा दिन सक्नेछ। त्यसरी सूचना प्राप्त गर्ने कार्यालयले तुरुन्त त्यस्तो सूचना सम्बन्धित अन्तःशुल्क कार्यालयमा पठाउनु पर्नेछ"।

[102] आर्थिक ऐन, २०६५ द्वारा थप कायम भई आर्थिक ऐन, २०७५ द्वारा संशोधित। साविकको व्यवस्थाः "(४) विभागले यस दफा बमोजिमको कसूरको सूचना दिने सुराकीलाई सूचनाको सत्यताको आधारमा विभागले तोके बमोजिम बढीमा दश हजार रुपैयाँसम्म सुराकी प्रोत्साहन खर्च दिन सक्नेछ।"

[103] आर्थिक ऐन, २०७३ द्वारा संशोधन भएकोमा आर्थिक ऐन, २०७४ र आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम गरेको।

(१) मूल ऐनको व्यवस्थाः "१४. पुरस्कारः (१) यस ऐन विपरीत कुनै काम हुन लागेको, भैरहेको वा भैसकेको कुराको सूचना वा सुराक दिने सरकारी कर्मचारी वा अन्य कुनै व्यक्तिलाई अभियुक्तबाट बरामद भएको अन्तःशुल्क लाग्ने वस्तुबाट असुल भएको अन्तःशुल्क बाहेकको रकमबाट देहाय बमोजिमको रकम सम्बन्धित अन्तःशुल्क कार्यालयबाट पुरस्कार स्वरूप प्रदान गरिनेछः–

(क) सुराकी दिने व्यक्तिलाई बिगोको बीस प्रतिशत,

(ख) वस्तु मात्र पक्री पेश गर्ने व्यक्तिलाई बिगोको चालीस प्रतिशत,

(ग) वस्तु तथा मानिस सहित पक्री पेश गर्ने व्यक्तिलाई बिगोको पच्चीस प्रतिशत,

तर सूचना वा सुराकी दिने व्यक्ति एकभन्दा बढी भएमा त्यस्ता व्यक्तिहरू बीच पुरस्कारको बाँडफाँड दामासाहीले गरिनेछ।"

(२) आर्थिक ऐन, २०६३ द्वारा उपदफा (१) मा "अन्तःशुल्क कार्यालय" भन्ने शब्दहरूको सट्टा "आन्तरिक राजस्व कार्यालय" र देहायका खण्ड (क) (ख) र (ग) कायम गरेकोः-

"(क) सुराकी दिने व्यक्तिलाई बिगोको दश प्रतिशत,

(ख) वस्तु मात्र पक्री पेश गर्ने व्यक्तिलाई बिगोको बीस प्रतिशत,

(ग) वस्तु तथा मानिस सहित पक्री पेश गर्ने व्यक्तिलाई बिगोको तीस प्रतिशत,

तर सूचना वा सुराकी दिने व्यक्ति एकभन्दा बढी भएमा त्यस्ता व्यक्तिहरू बीच पुरस्कारको बाँडफाँड दामासाहीले गरिनेछ।"

[१०४] आर्थिक ऐन २०७४ द्वारा "अन्तःशुल्क कार्यालय" भन्ने शब्दहरूपछि "वा करदाता सेवा कार्यालय" भन्ने शब्दहरू थप गरी अन्य व्यवस्था साविक बमोजिम नै कायम गरेकोमा आर्थिक ऐन, २०७५ ले संशोधन कायम गरेको।

[१०५] आर्थिक ऐन, २०६४ द्वारा संशोधित। संशोधन हुनुअघि "अन्तःशुल्क कार्यालय" भन्ने शब्दहरू रहेकोमा आर्थिक ऐन, २०७४ द्वारा "अन्तःशुल्क कार्यालय" भन्ने शब्दहरूको सट्टा "आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालय" भन्ने शब्दहरू राखी संशोधन गरेको।

[१०६] आर्थिक ऐन, २०७५ द्वारा संशोधन भएको।

(१) मूल ऐनको व्यवस्थाः "१६. दण्ड सजायः (१) कसैले देहायका कसूर गरेमा त्यस्ता व्यक्तिलाई त्यस्तो कसूरको निमित्त बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछः-

(क) यस ऐन बमोजिम तिर्नु पर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,

(ख) दफा ८ को उल्लङ्घन गरेमा,

(ग) कुनै व्यक्तिले झुठ्ठा लेखा वा कीर्ते कागज तयार गरी यस ऐन विपरीत कुनै कसूर गरेमा।

(२) खण्ड (क), (ख) वा (ग) मा लेखिएको कसूर गर्न प्रयत्न वा दुरुत्साहन आधा सजाय हुनेछ।

(३) कसूरसँग प्रत्यक्ष वा परोक्ष रूपमा प्रयोग हुन आएको भाडावर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेसिन, उपकरण र सवारी साधन समेत जफत हुनेछ।

तर त्यस्तो कसूर गर्ने व्यक्तिले भाडाको सवारी साधन प्रयोग गरेको र सवारी धनीको अनुमति बिना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिवाना र सवारी चालकलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि भाडाको सवारीमा दर्ता गरी सवारी साधनको मालिकले नै प्रयोग गरेको पाइएमा त्यस्तो सवारी जफत हुनेछ।

(२) आर्थिक अध्यादेश, २०६१ द्वारा संशोधनः

(क) मूल ऐनको उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख): "(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा,"

(ख) उपदफा (४) पछि देहायको उपदफा (५) थपः "(५) कसैले देहायको कसूर गरेमा त्यस्ता व्यक्तिलाई कसूरको मात्रा हेरी पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना हुनेछः

(क) इजाजतपत्र नलिई अन्त शुल्क लाग्ने वस्तु बिक्री वा सञ्चय गरेमा,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने सेवा प्रदान गरेमा,

(ग) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा।"

(३) आर्थिक ऐन, २०६५ द्वारा थपः "(५) कुनै व्यक्तिले देहायको कुनै कसूर गरेमा अन्तःशुल्क अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः–

(क) दफा ७ को उपदफा (४) बमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण भएमा थप हुने अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवा बिक्री वा सञ्चय गरेमा पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म,

(ग) दफा १०क. को व्यवस्था उल्लङ्घन गरेमा लाग्ने अन्तःशुल्कको प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशत वा प्रति विवरण एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम,

(घ) दफा १०ख. को उपदफा (१) बमोजिमको लेखा अद्यावधिक नराखेमा दश हजार रुपैयाँ र कारोबारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

(ङ) दफा १०ख. को उपदफा (२) उल्लङ्घन गरेमा पाँच हजार रुपैयाँसम्म,

(च) दफा १०ख. को उपदफा (३) उल्लङ्घन गरेमा दश हजार रुपैयाँ,

(छ) दफा १०घ. को उपदफा (३) बमोजिमको कार्यमा बाधा विरोध गरेमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

(ज) दफा १०छ. बमोजिम जाँच गर्दा अल्कोहलको मात्रा एक प्रतिशत भन्दा बढी फरक भएमा राजस्व चुहावट भएको रकमको शतप्रतिशत रकम,

(झ) अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धि तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलब्धि नपुगेमा थप हुने अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ञ) दफा ४घ. उल्लङ्घन गरेमा पटकै पिच्छे दश हजार रुपैयाँ,

(ट) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा पटकै पिच्छे एक हजार रुपैयाँ।"

(४) आर्थिक ऐन, २०६८ द्वारा देहाय बमोजिम संशोधन भएकोः

(क) उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख): "(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा,"

(ख) उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः–

"(घ) मदिरा, बियर वा चुरोट उत्पादनमा प्रयोग गरिने अन्तःशुल्क टिकट नक्कली बनाई प्रयोग गरेमा, उत्पादन गरेमा वा ओसारपसार वा भण्डारण गरेमा।

स्पष्टीकरणः यस खण्ड बमोजिम सजाय गर्न बिगो कायम गर्दा त्यस्तो टिकट प्रयोग भएको वा हुन सक्ने वस्तुको शक्ति, परिमाण वा आकारका आधारमा अन्तःशुल्क लाग्ने वस्तुको मूल्य कायम गरी सोमा लाग्ने अन्तःशुल्क समेत जोडी कायम गरिनेछ।"

(ग) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) खण्ड (क), (ख), (ग) वा (घ) मा लेखिएको कसूर गर्न प्रयत्न वा दुरुत्साहन गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।"

(५) आर्थिक ऐन, २०७० द्वारा संशोधनः "१६. दण्ड सजायः (१) कसैले देहायका कसूर गरेमा त्यस्ता व्यक्तिलाई त्यस्तो कसूरको निमित्त बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछः-

(क) यस ऐन बमोजिम तिर्नु पर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा,

(ग) कुनै व्यक्तिले झुट्टा लेखा वा कीर्ते कागज तयार गरी यस ऐन विपरीत कुनै कसूर गरेमा,

(घ) मदिरा, बियर वा सुर्तीजन्य वस्तु उत्पादनमा प्रयोग गरिने अन्तःशुल्क टिकट नक्कली बनाई प्रयोग गरेमा, उत्पादन गरेमा वा ओसारपसार वा भण्डारण गरेमा।

स्पष्टीकरणः यस खण्ड बमोजिम सजाय गर्न बिगो कायम गर्दा त्यस्तो टिकट प्रयोग भएको वा हुन सक्ने वस्तुको शक्ति, परिमाण वा आकारका आधारमा अन्तःशुल्क लाग्ने वस्तुको मूल्य कायम गरी सोमा लाग्ने अन्तःशुल्क समेत जोडी कायम गरिनेछ।

(२) अन्तःशुल्क अधिकृतले उपदफा (१) मा उल्लिखित दण्ड जरिवानाका अतिरिक्त नब्बे दिनमा नबढ्ने गरी दफा ९ बमोजिम दिइएको इजाजतपत्र निलम्बन समेत गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (क), (ख), (ग) वा (घ) मा लेखिएको कसूरको उद्योग वा दुरुत्साहन गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(४) कसूरसँग प्रत्यक्ष वा परोक्ष रूपमा प्रयोग हुन आएको भाडावर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेसिन, उपकरण र सवारी साधन समेत जफत हुनेछ।

तर त्यस्तो कसूर गर्ने व्यक्तिले भाडाको सवारी साधन प्रयोग गरेको र सवारी धनीको अनुमति बिना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी

साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिवाना र सवारी चालकलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि भाडाको सवारीमा दर्ता गरी सवारी साधनको मालिकले नै प्रयोग गरेको पाइएमा त्यस्तो सवारी जफत हुनेछ।

(६) कुनै व्यक्तिले देहायको कुनै कसूर गरेमा अन्तःशुल्क अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः–

(क) दफा ७ को उपदफा (४) बमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण भएमा थप हुने अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवा बिक्री वा सञ्चय गरेमा पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म,

(ग) दफा १०क. को व्यवस्था उल्लङ्घन गरेमा लाग्ने अन्तःशुल्कको प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशत वा प्रति विवरण एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम,

(घ) दफा १०ख. को उपदफा (१) बमोजिमको लेखा अद्यावधिक नराखेमा दश हजार रुपैयाँ र कारोबारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

(ङ) दफा १०ख. को उपदफा (२) उल्लङ्घन गरेमा पाँच हजार रुपैयाँसम्म,

(च) दफा १०ख. को उपदफा (३) उल्लङ्घन गरेमा दश हजार रुपैयाँ,

(छ) दफा १०घ. को उपदफा (३) बमोजिमको अनुगमन गर्ने कार्यमा बाधा विरोध गरेमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

(ज) दफा १०छ. बमोजिम जाँच गर्दा अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक भएमा राजस्व चुहावट भएको रकमको शतप्रतिशत रकम,

(झ) अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धि तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलब्धि नपुगेमा थप हुने अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ञ) दफा ४घ. उल्लङ्घन गरेमा पटकै पिच्छे दश हजार रुपैयाँ,

(ट) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा पटकै पिच्छे एक हजार रुपैयाँ,

(ठ) स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तु तथा सेवाको बिक्री गर्दा अन्तःशुल्क असुल नगरेमा वा कम असुल गरेमा लाग्ने अन्तःशुल्क

असुल गरी असुल नभएको वा कम असुल भएको अन्तःशुल्क रकमको शतप्रतिशत रकम।"

(६) आर्थिक ऐन, २०७१ द्वारा संशोधनः "१६. दण्डः (१) कसैले देहायका कसूर गरेमा त्यस्ता व्यक्तिलाई त्यस्तो कसूरको निमित्त बिगो जफत गरी बिगो बमोजिम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछः–

(क) यस ऐन बमोजिम तिर्नु पर्ने अन्तःशुल्क दबाएमा, छिपाएमा वा छलेमा,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु उत्पादन वा पैठारी गरेमा,

(ग) कुनै व्यक्तिले झुट्टा लेखा वा कीर्ते कागज तयार गरी यस ऐन विपरीत कुनै कसूर गरेमा,

(घ) मदिरा, बियर वा चुरोट र अन्य अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा पैठारीमा प्रयोग गरिने अन्तःशुल्क टिकट नक्कली बनाई प्रयोग गरेमा, उत्पादन गरेमा वा ओसारपसार वा भण्डारण गरेमा।

स्पष्टीकरणः (१) यस खण्ड बमोजिम सजाय गर्न बिगो कायम गर्दा त्यस्तो टिकट प्रयोग भएको वा हुन सक्ने वस्तुको शक्ति, परिमाण वा आकारका आधारमा अन्तःशुल्क लाग्ने वस्तुको मूल्य कायम गरी सोमा लाग्ने अन्तःशुल्क समेत जोडी कायम गरिनेछ।

(२) यस उपदफाको प्रयोजनको लागि बिगो कायम गर्नु पर्ने वस्तु तथा सेवा बिक्री भैसकेको अवस्थामा सो वस्तु तथा सेवाको बिक्री मूल्यलाई आधार मानी बिगो कायम गरी सो रकम बिगोको रूपमा असुल गरिनेछ।

(२) अन्तःशुल्क अधिकृतले उपदफा (१) मा उल्लिखित दण्ड जरिवानाका अतिरिक्त नब्बे दिनमा नबढ्ने गरी दफा ९ बमोजिम दिइएको इजाजतपत्र निलम्बन समेत गर्न सक्नेछ।

(३) उपदफा (१) को खण्ड (क), (ख), (ग) वा (घ) मा लेखिएको कसूरको उद्योग वा दुरुत्साहन गर्नेलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(४) कसूरसँग प्रत्यक्ष वा परोक्ष रूपमा प्रयोग हुन आएको भाडावर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेसिन, उपकरण र सवारी साधन समेत जफत हुनेछ।

तर त्यस्तो कसूर गर्ने व्यक्तिले सवारी धनीको अनुमति बिना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिवाना र सवारी चालकलाई कसूरको प्रकृति हेरी तीन महिनासम्म कैद वा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि भाडाको सवारीमा दर्ता गरी सवारी साधनको मालिकले नै प्रयोग गरेको पाइएमा त्यस्तो सवारी जफत हुनेछ।

(६) कुनै व्यक्तिले देहायको कुनै कसूर गरेमा अन्तःशुल्क अधिकृतले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः-

(क) दफा ७ को उपदफा (४) बमोजिम पुनः मूल्य निर्धारण वा अतिरिक्त मूल्य निर्धारण भएमा थप हुने अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ख) इजाजतपत्र नलिई अन्तःशुल्क लाग्ने वस्तु वा सेवा बिक्री वा सञ्चय गरेमा पाँच हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म,

(ग) दफा १०क. को व्यवस्था उल्लङ्घन गरेमा लाग्ने अन्तःशुल्कको प्रतिदिन शून्य दशमलव शून्य पाँच प्रतिशत वा प्रति विवरण एक हजार रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम,

(घ) दफा १०ख. को उपदफा (१) बमोजिमको लेखा अद्यावधिक नराखेमा दश हजार रुपैयाँ र कारोबारको लेखा निरीक्षण गर्न नदिएमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

(ङ) दफा १०ख. को उपदफा (२) उल्लङ्घन गरेमा पाँच हजार रुपैयाँसम्म,

(च) दफा १०ख. को उपदफा (३) उल्लङ्घन गरेमा दश हजार रुपैयाँ,

(छ) दफा १०घ. को उपदफा (३) बमोजिमको अनुगमन गर्ने कार्यमा बाधा विरोध गरेमा पटकै पिच्छे पाँच हजार रुपैयाँ,

(ज) दफा १०छ. बमोजिम जाँच गर्दा अल्कोहलको मात्रा एक प्रतिशतभन्दा बढी फरक भएमा राजस्व चुहावट भएको रकमको शतप्रतिशत रकम,

(झ) अन्तःशुल्क लाग्ने वस्तु वा सेवाको उत्पादन प्रतिलब्धि तोकिएकोमा सो अनुसारको उत्पादन प्रतिलब्धि नपुगेमा थप हुने अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ञ) दफा ४घ. उल्लङ्घन गरेमा पटकै पिच्छे दश हजार रुपैयाँ,

(ट) यस दफामा उल्लेख गरिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा पटकै पिच्छे एक हजार रुपैयाँ,

(ठ) स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तु तथा सेवाको बिक्री गर्दा अन्तःशुल्क असुल नगरेमा वा कम असुल गरेमा लाग्ने अन्तःशुल्क असुल गरी असुल नभएको वा कम असुल भएको अन्तःशुल्क रकमको शतप्रतिशत रकम।"

(७) आर्थिक ऐन, २०७३ द्वारा संशोधन भएको व्यवस्थाः आर्थिक ऐन, २०७१ गरेको व्यवस्थामा देहायको व्यवस्था बाहेक अन्य व्यवस्था थपः

(क) उपदफा (१) को खण्ड (घ) मा देहायको स्पष्टीकरण राखिएकोः

"स्पष्टीकरणः (१) यस खण्ड बमोजिम सजाय गर्न बिगो कायम गर्दा त्यस्तो टिकट प्रयोग भएको वा हुन सक्ने वस्तुको शक्ति, परिमाण वा आकारका आधारमा अन्तःशुल्क लाग्ने वस्तुको मूल्य कायम गरी त्यसमा लाग्ने अन्तःशुल्क समेत जोडी कायम गरिनेछ।

(२) यस उपदफाको प्रयोजनको लागि बिगो कायम गर्नु पर्ने वस्तु तथा सेवा बिक्री भैसकेको अवस्थामा त्यस्तो वस्तु तथा सेवाको बिक्री मूल्यलाई आधार मानी बिगो कायम गरी उक्त रकम बिगोको रूपमा असुल गरिनेछ।

(ख) उपदफा (६) मा खण्ड (क) देखि (ञ) सम्मलाई निरन्तरता दिएको र खण्ड (ट) र (ठ) को सट्टामा देहायको (ट), ठ), (ड), र (ढ) हुने गरी संशोधन गरेकोः

"(ट) स्वयं निष्कासन प्रणाली अन्तर्गतका वस्तु तथा सेवाको बिक्री गर्दा अन्तःशुल्क असुल नगरेमा वा कम असुल गरेमा लाग्ने अन्तःशुल्क असुल गरी असुल नभएको वा कम असुल भएको अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ठ) दफा ३क. को उपदफा (३) को उल्लङ्घन गरी अन्तःशुल्क क्रेडिट दाबी गरेमा त्यसरी क्रेडिट दाबी गरेको अन्तःशुल्क रकमको शतप्रतिशत रकम,

(ड) दफा ४घ. को उपदफा (२) को उल्लङ्घन गरेमा पहिलो पटकका लागि दश हजार रुपैयाँ र त्यसपछि प्रत्येक पटकका लागि बीस हजार रुपैयाँ।

(ढ) यस दफामा उल्लेख गरिएदेखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा पटकै पिच्छे एक हजार रुपैयाँ।"

[१०७] आर्थिक ऐन, २०८२ द्वारा संशोधित। संशोधन हुनुअघि "दण्ड" भन्ने शब्द रहेको।

[१०८] आर्थिक ऐन, २०७९ द्वारा थप।

[१०९] आर्थिक ऐन, २०७७ द्वारा संशोधित। साविकको व्यवस्थाः "अन्तःशुल्क नियमावलीको नियम १६ को उल्लङ्घन गरेमा"।

[११०] आर्थिक ऐन, २०७९ द्वारा थप गरिएको।

[१११] आर्थिक अध्यादेश, २०७८ द्वारा थप भएकोमा सो व्यवस्थालाई आर्थिक ऐन, २०७८ द्वारा थप कायम भएको।

[११२] आर्थिक ऐन, २०८२ द्वारा थप।

[११३] आर्थिक अध्यादेश, २०७८ द्वारा थप भएकोमा सो व्यवस्थालाई आर्थिक ऐन, २०७८ द्वारा थप कायम भएको।

[११४] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा "स्वयं निष्कासन" भन्ने शब्दहरू रहेका।

[११५] आर्थिक ऐन, २०७९ द्वारा "उपदफा (३) को" भन्ने शब्दहरू झिकिएको।

[११६] आर्थिक ऐन, २०७७ द्वारा झिकिएको। आर्थिक ऐन, २०७५ द्वारा थप भएको साविकको व्यवस्थाः "(थ) भन्सार उपशीर्षक २२०७.१०.२० को रेक्टिफाइड स्प्रिट बाहेक अन्य स्प्रिट प्रयोग गरेर ७० यू.पी. शक्तिको मदिरा उत्पादन गरेको पाइएमा त्यस्तो मदिरा जफत गरी बिगो बमोजिम रकम वा एक लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम।"

[117] आर्थिक ऐन, २०८१ द्वारा संशोधित। साविकमा "अन्तःशुल्क नियमावली, २०५९ बमोजिम तोकिएका" भन्ने शब्दहरू रहेका।

[118] आर्थिक ऐन, २०७७ द्वारा थप।

[119] आर्थिक ऐन, २०७९ द्वारा थप गरिएको।

[120] आर्थिक ऐन, २०८२ द्वारा संशोधित। साविकमा कायम भएको व्यवस्थाः (५) कसूरसँग प्रत्यक्ष वा परोक्ष रूपमा प्रयोग हुन आएको भाडावर्तन, वस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिएको ज्यावल, मेसिन, उपकरण र सवारी साधन समेत जफत हुनेछ।

तर त्यस्तो कसूर गर्ने व्यक्तिले सवारी धनीको अनुमति बिना सवारी साधन त्यस्तो काममा प्रयोग गरेको भएमा त्यस्तो सवारी साधन जफत नगरी सवारी धनीलाई पच्चीस हजार रुपैयाँ जरिवाना र सवारी चालकलाई कसूरको प्रकृति हेरी पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ।

[121] आर्थिक अध्यादेश, २०७८ द्वारा संशोधन भएकोमा सो व्यवस्थालाई आर्थिक ऐन, २०७८ द्वारा संशोधन कायम भएको। संशोधन हुनुअघि "उपदफा (४)" भन्ने शब्दहरू रहेको।

[122] आर्थिक ऐन, २०८२ द्वारा संशोधित। संशोधन हुनुअघि "दण्ड" भन्ने शब्द रहेको।

[123] आर्थिक ऐन, २०७७ द्वारा संशोधित। संशोधन हुनुअघि "उपदफा (१)" भन्ने शब्दहरू रहेको।

[124] आर्थिक ऐन, २०७० द्वारा थप भई त्यसपछिका आर्थिक ऐनले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[125] आर्थिक ऐन, २०६३ द्वारा थप भई त्यसपछिका आर्थिक ऐन तथा अध्यादेशले निरन्तरता दिएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[126] आर्थिक ऐन, २०७४ द्वारा संशोधन भई कायम भएको व्यवस्थालाई आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

(१) मूल ऐनको व्यवस्थाः "१९. पुनरावेदनः (१) यस ऐन बमोजिम अन्तःशुल्क अधिकृतले गरेको निर्णय उपर पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ।"

(२) आर्थिक ऐन, २०६३ द्वारा संशोधित व्यवस्थाः "१९. पुनरावेदनः (१) यस ऐन बमोजिम अन्तःशुल्क अधिकृतले गरेको निर्णय उपर पैंतीस दिनभित्र राजस्व न्यायाधिकरणमा पुनरावेदन लाग्नेछ।

(२) उपदफा (१) बमोजिम पुनरावेदन दिने व्यक्तिले पुनरावेदन दिएको पन्ध्र दिनभित्र पुनरावेदनको सूचनाको एक प्रति विभागमा दर्ता गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम पुनरावेदन दिएको कारणबाट दफा १६ को उपदफा (१) मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन।"

(३) आर्थिक ऐन, २०६५ द्वारा संशोधन भई कायम भएको व्यवस्थाः "१९. प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन सम्बन्धी व्यवस्थाः (१) अन्तःशुल्क अधिकृतले अन्तःशुल्क निर्धारण तथा असुलीका लागि गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र सो निर्णय विरुद्ध विभाग समक्ष (आर्थिक ऐन,

२०७२ बाट संशोधित व्यवस्थाः "महानिर्देशक समक्ष") प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

तर दफा १६ को उपदफा (१), (२), (३) र (४) बमोजमका कसूरमा अन्तःशुल्क अधिकृतले कैद गर्ने गरी गरेको निर्णय उपर (आर्थिक ऐन, २०७२ बाटः "पैंतीस दिनभित्र" भन्ने शब्दहरू थप) राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गई कुनै व्यक्तिले म्याद थपको लागि म्याद गुज्रिएको मितिले सात दिनभित्र निवेदन दिएमा विभागले (आर्थिक ऐन, २०७२ बाट संशोधित व्यवस्थाः म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र गुज्रिन गएको कारण खोली म्याद थपको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा महानिर्देशकले) म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनको म्याद थप गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निवेदन समेतका प्रमाण कागजात छानबिन गर्दा निवेदकको निवेदन जिकिर सत्य देखिन आएमा स्पष्ट कारण खुलाई पर्चा खडा गरी महानिर्देशकले सो अन्तःशुल्क (कर) निर्धारण आदेश बदर गरी पुनः अन्तःशुल्क निर्धारण गर्न आदेश दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र सो निवेदन उपर विभाग (आर्थिक ऐन, २०७२ ले "महानिर्देशक समक्ष" भन्ने शब्द रहेको) ले निर्णय गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित अन्तःशुल्क रकममध्ये विवाद रहित अन्तःशुल्क र जरिवाना रकम बुझाई विवादित अन्तःशुल्क र जरिवाना रकमको एकतिहाई रकम नगद धरौटी राख्नु पर्नेछ।

(६) उपदफा (४) बमोजिमको म्यादभित्र विभागले निर्णय नगरेमा (आर्थिक ऐन, २०७२ बाट संशोधित व्यवस्थाः महानिर्देशकले निर्णय नगरेमा सो म्याद नाघेपछि वा गरेको निर्णमा चित्त नबुझेमा सो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र) सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ।

(७) यस दफा बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन वा पुनरावेदन दिने व्यक्तिले सोको एक प्रति पन्ध्र दिनभित्र सम्बन्धित कार्यालयमा दर्ता गराउनु पर्नेछ।

(८) उपदफा (१) बमोजिम पुनरावलोकनको निवेदन वा पुनरावेदन दिएको कारणबाट दफा १६ को उपदफा (१) मा उल्लिखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन।"

[१२७] आर्थिक ऐन, २०८२ द्वारा संशोधित। संशोधन हुनुअघि "उपदफा (१), (२), (३) र (४)" भन्ने शब्दहरू रहेका।

[१२८] आर्थिक ऐन, २०७६ द्वारा संशोधित। साविकमा "एकतिहाई" भन्ने शब्दहरू रहेका।

[129] आर्थिक अध्यादेश, २०७८ द्वारा थप भएकोमा सो व्यवस्थालाई आर्थिक ऐन, २०७८ द्वारा थप कायम भएको।

[130] आर्थिक अध्यादेश, २०७८ द्वारा थप भएकोमा सो व्यवस्थालाई आर्थिक ऐन, २०७८ द्वारा थप कायम भएको।

[131] आर्थिक ऐन, २०८० द्वारा "आन्तरिक राजस्व" भन्ने शब्दहरू झिकिएका।

[132] आर्थिक ऐन, २०७९ द्वारा थप गरिएको।

[133] आर्थिक ऐन, २०६६ द्वारा थप भई निरन्तरता कायम भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[134] आर्थिक ऐन, २०६६ द्वारा संशोधन भई निरन्तरता कायम भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

(१) मूल ऐनको व्यवस्थाः "२३. पुनरावलोकन सम्बन्धी व्यवस्थाः (१) अन्तःशुल्क अधिकृतले अन्तःशुल्कको असुली गर्दा यस ऐन बमोजिमका कुराहरू पालन नगरी वा अनियमित गरी वा लापरबाही गरी अन्तःशुल्कको दायित्व बढ्न गएको छ भन्ने करदाताको निवेदन अन्तःशुल्क लगाउने आदेश प्राप्त भएको पैंतीस दिनभित्र परेमा महानिर्देशकले छानबिन गरी उपयुक्त देखेमा त्यस्तो आदेश रद्द गरी पुनः अन्तःशुल्क आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गरी महानिर्देशकले नब्बे दिनभित्र निर्णय दिइसक्नु पर्नेछ।

(३) महानिर्देशकले गरेको निर्णय उपर चित्त नबुझेमा सो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरण समक्ष पुनरावेदन दिन सक्नेछ।

तर दफा १९ बमोजिम पुनरावेदन दिएकोमा यस दफा बमोजिम पुनरावलोकनको लागि निवेदन गर्न पाउने छैन।"

(२) आर्थिक अध्यादेश, २०६० द्वारा उपदफा (१) पछि देहायको उपदफा (१क) थपः "(१क) उपदफा (१) बमोजिम निवेदन दिँदा अन्तःशुल्क रकम र जरिवाना भएकोमा जरिवाना रकम र दुवै भएकोमा दुवै रकम धरौटी राख्नु पर्नेछ।

(३) आर्थिक ऐन, २०६४ द्वारा उपदफा (१क) थपः "(१क) उपदफा (१) बमोजिम निवेदन दिँदा अन्तःशुल्क रकम तथा जरिवाना रकम असुल गर्न आदेश भएकोमा आदेश भएको मध्ये अविवादित अन्तःशुल्क तथा जरिवाना रकम पूरै दाखिल गरी विवादित अन्तःशुल्क तथा जरिवाना रकमको एकतिहाईले हुने रकम नगद धरौटी राख्नु पर्नेछ।"

(४) आर्थिक ऐन, २०६५ द्वारा संशोधित व्यवस्थाः "२३. कार्यान्वयन र प्रशासन गर्न विभाग जिम्मेवार हुनेः यस ऐनको कार्यान्वयन तथा प्रशासन गर्ने कामको लागि विभाग जिम्मेवार हुनेछ।"

[135] आर्थिक ऐन, २०७१ द्वारा थप भई निरन्तरता भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

[136] आर्थिक ऐन, २०७३ द्वारा संशोधन भई निरन्तरता भएकोमा आर्थिक ऐन, २०७५ द्वारा संशोधन कायम भएको।

(१) मूल ऐनको व्यवस्थाः "२४. कर सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुनेः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सालबसाली लागू हुने आर्थिक ऐनले यस ऐनमा संशोधन गरी कर लगाउने, निर्धारण गर्ने, घटाउने, छुट दिने वा मिनाहा दिने सम्बन्धी व्यवस्था गरेकोमा बाहेक अन्य कुनै पनि ऐनले यस ऐन बमोजिमका करका व्यवस्थाहरूमा कुनै पनि संशोधन, परिवर्तन वा कर सम्बन्धी अन्य व्यवस्थाहरू गर्न सक्ने छैन।

(२) आर्थिक ऐन, २०६७ द्वारा संशोधन भई निरन्तरता कायम भएको व्यवस्थाः "२४. अन्तःशुल्क सम्बन्धी व्यवस्था यसै ऐन बमोजिम हुनेः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सालबसाली लागू हुने आर्थिक ऐनले यस ऐनमा संशोधन गरी अन्तःशुल्क लगाउने, निर्धारण गर्ने, घटाउने, छुट दिने वा मिनाहा दिने सम्बन्धी व्यवस्था गरेकोमा बाहेक अन्य कुनै पनि ऐनले यस ऐन बमोजिमका अन्तःशुल्कका व्यवस्थाहरूमा कुनै पनि संशोधन, परिवर्तन वा अन्तःशुल्क सम्बन्धी अन्य व्यवस्थाहरू गर्न सक्ने छैन।"

[137] आर्थिक अध्यादेश, २०५९ द्वारा थप भएकोमा आर्थिक ऐन, २०७३ द्वारा संशोधन भई निरन्तरता कायम भएको र आर्थिक ऐन २०७५ द्वारा संशोधन कायम। थप भएको व्यवस्थाः "२५क. निर्देशिका बनाई जारी गर्न सक्नेः यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही विभागले आवश्यक निर्देशिका बनाई जारी गर्न सक्नेछ।"

[138] आर्थिक ऐन, २०८२ द्वारा थप।

[139] आर्थिक ऐन, २०८२ द्वारा थप।

[140] आर्थिक ऐन, २०८२ द्वारा संशोधित। साविकको अनुसूचीको सट्टामा नयाँ अनुसूची राखिएको। साविकको अनुसूचीको व्यवस्थाहरू हेर्न सम्बन्धित आर्थिक वर्षका आर्थिक ऐनहरू हेर्नु पर्नेछ।

[141] आर्थिक ऐन २०८२ को मूल व्यवस्थाः स्वदेशमा उत्पादन हुने शीर्षक २२.०४, २२.०५ मा पर्ने वाइन र अङ्गुर बाहेकका अन्य फलफूल (किसमिस लगायतका सुख्खा फल, ग्रेप जुस कन्सेन्ट्रेट, वा फ्रुट जुस कन्सेन्ट्रेट बाहेक) बाट उत्पादन हुने उपशीर्षक २२०६.००.९० मा पर्ने वाइनमा लाग्ने अन्तःशुल्कमा पैंतिस प्रतिशत छुट हुनेछ।

मिति २०८२/०५/०२ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम संशोधित व्यवस्थाः द्रष्टव्यको बुँदा नं. ९ को किसमिस लगायतका सुख्खा फल, ग्रेप जुस कन्सेन्ट्रेट, वा फ्रुट जुस कन्सेन्ट्रेटबाट स्वदेशमा उत्पादन हुने उपशीर्षक २२०६.००.९० मा पर्ने वाइनमा लाग्ने अन्तःशुल्कमा पैंतिस प्रतिशत छुट प्रदान गरिएको छ ।

[142] मिति २०८२/०५/०२ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम थप।

**नोटः यस पुस्तकमा उल्लिखित संशोधनको विषयमा कुनै द्विविधा उत्पन्न भएमा सम्बन्धित सालको नेपाल राजपत्रमा प्रकाशित आर्थिक ऐन तथा अध्यादेश हेर्नु हुन अनुरोध गरिन्छ।**